The Pursuit of Purity



Christian Lenty, Nick Chilver

सत्र १: तपाईं एक्लो हुनुहुन्न

“परमेश्वर जो तपाईंलाई सबैभन्दा खराब लतहरुबाट मुक्त गराउनुहुने चाँहि स-साना पापहरूबाट पनि तपाईंलाई मुक्त पार्न सक्नुहुन्छ ।” - क्रिश्चियन लेन्टी

धेरै मानिसहरुले आफ्नो संघर्षमा एक्लो महसुस गर्छन्, सबैको साझा सङ्घर्ष परीक्षामा पर्नु हो । पापपूर्ण परीक्षाले तपाईंलाई छल गर्न, निरुत्साहित गर्न र नष्ट गर्न खोज्छ । यसले तपाईंलाई झूट र अर्ध-सत्यले धोका दिन्छ, यसले भरोसा र सम्बन्धलाई नष्ट गर्छ र यसले तपाईंलाई परमेश्वरसँगको हिँडाइमा निरुत्साहित गर्छ । परमेश्वरको वचनको सत्यताले तपाईंलाई यी परीक्षाका क्षणहरू बुझ्न र यसले ल्याउन खोज्ने छल, विनाश र निराशाबाट बच्न मद्दत गर्छ । तर तपाईंले परीक्षालाई कसरी पहिचान गर्न सक्नुहुन्छ ?

खास गरेर पुरुषहरूको रूपमा हामीले सामना गर्ने परीक्षाहरू सामान्यतया २ प्रकारका हुन्छन्: एउटा परीक्षा जसले हामीलाई भेट्टाउँछ र अर्को परीक्षा जसलाई हामीले निम्तो दिन्छौं । परीक्षालाई निम्तो दिने एउटा उदाहरण यो हो कि जब तपाईं जानीजानी पापमय वेबसाइट खोल्नु हुनुहुन्छ । तपाईंलाई भेट्टाउँने परीक्षा भनेको जब तपाईं बाहिर हुनुहुन्छ र तपाईं दिनभरीको समयमा तपाईंले आशा नगरेको उत्तेजनात्मक दृश्य भेट्नुहुन्छ, र अचानक तपाईंले कसरी प्रतिक्रिया गर्ने भन्ने छनौटको सामना गर्नुहुन्छ । जब तपाईंले परीक्षाको सामना गर्नुहुन्छ, तपाईं प्रतिक्रिया कसरी दिने भन्ने विकल्प रहन्छ । र यदि तपाईंले पहिले नै परीक्षालाई निम्तो दिन रोज्नुभएको छ भने पनि, तपाईंसँग अझै पनि विकल्प छ - त्यसलाई रोक्ने, उठ्ने र परिस्थितिबाट भाग्ने विकल्प छ जस्तै योसेफले परीक्षापूर्ण परिस्थितिको बीचमा हुँदा गरे (उत्पत्ति ३९) । यद्यपि, यो याद राख्नु पनि महत्वपूर्ण छ कि तपाईंले आफ्ना विचारहरूलाई अधीनमा शुरु गर्नु हुन्छ (२ कोरिन्थी १०:५) र परमेश्वरलाई पवित्र र आदर गर्ने तरिकामा प्रतिक्रिया दिन छनौट गर्नुहुन्छ, यसको मतलब शत्रु तुरुन्तै भाग्छ भन्ने होइन । वास्तवमा, ऊ तपाई कहाँ पहिले भन्दा कडा रूपमा आउन सक्छ । दृढ रहनुहोस् (एफिसी ६:१०) । शत्रुको सबैभन्दा पुरानो चाल मध्ये एउटा भनेको हामीले पुरुषत्व शक्ति भएको कुरालाई अनुरोध गर्छ र हामीले हाम्रो संघर्षहरूलाई आफ्नै बलद्वारा समाधान गरेर जित्न सक्छौं भन्ने सोच भित्राएर धोका दिन्छ । यदि तपाईंले अझै पनि सोच्नुहुन्छ कि तपाईं आफ्नो संघर्षहरु बारे आफैले काम गर्न सक्नुहुन्छ, तब तपाईंलाई हाम्रो प्रश्न यो हो,

“यसले अहिलेसम्म कसरी काम गरेको छ ?”

यदि तपाईंले पाप गर्ने - पश्चाताप गर्ने - दोहोऱ्याउने चक्रबाट थाक्नुभएको हुनुहुन्छ भने, यहाँ त्यसको उत्तर छ । त्यो उत्तरको भाग समुदायमा फेला पर्न सकिन्छ किनभने विश्वासीको रूपमा तपाईंलाई समुदायको हिस्सा बनाइनुभयो । जबकि धेरै मानिसहरूलाई थाहा छ कि उनीहरूलाई समुदाय चाहिन्छ, त्यहाँ बाधाहरू छन् जसलाई हामीमध्ये धेरैले सामना गर्छौं र यसले हामीलाई अझ बढी स्वतन्त्रता र विजयमा अरूसँग हिंड्न अनुमति दिने स्वस्थ्य र पवित्र जग निर्माण गर्नबाट हामीलाई रोक्छ । यस बिन्दुसम्म लेखा लिनदिन सक्रिय हुन छनौट गर्न के के अवरोधहरू छन् ? यदि तपाईंले अवरोधहरू पहिचान गर्न सिक्नुभयो भने, तपाईंले तिनीहरूलाई पार गर्न र बलियो जग निर्माण गर्न सिक्न सक्नुहुन्छ । दिगो शुद्धताको लागि बलियो जग निर्माण गर्न ३ महत्वपूर्ण चरणहरू पछ्याउन सकिन्छ :

१. स्वीकार (याकूब ५:१६)
२. ख्रीष्टसँगको घनिष्टता (यूहन्ना १५:५)

३. असल घेराहरू (भजन ११९:९)

माथिका चरणहरू सबैभन्दा प्रभावकारी हुन्छन् जब हामी सुनसान टापुमा जस्तै एकान्तमा बस्न छोड्छौं र मानिसहरूलाई हामीसँगै हिंड्न र हाम्रो जीवनमा बोल्न निम्तो दिन्छौं । तर ईमानदारीपूर्वक भन्नुपर्दा, समुदायमा सहभागी हुने विचारमा हामी मध्ये धेरैलाई लाजमर्दो, अप्ठ्यारो महसुस गराउन वा लाजको बोध हुने वा केही कुरा बाँड्नबाट डराउन सक्दछन् । यद्यपि, पवित्रताको खोजी गर्ने मानिसहरूको रूपमा, हामी सबै प्रभावकारी समुदायको हिस्सा हुनु आवश्यक छ जहाँ ईमानदारी र जोखीमपना प्रदर्शन गर्न र प्रोत्साहन गरिन्छ । ईमानदारी, कमजोरी र सिकाउन सकिने हुनु, पवित्र आत्माको मद्दतमा यी सबैको साथले, हामीलाई स्वतन्त्रता र विजयमा हिंड्न उत्प्रेरित गर्ने सदगुणहरू बन्न सक्छन् (यूहन्ना ६:६३) । यसकारण हामीले तपाईंलाई एउटा राम्रो पहिलो कदम चाल्न र यो पुस्तकको अध्ययन प्रति समर्पणताको लागि प्रशंसा गर्छौं । हामी त्यसो गर्छौं भने, परीक्षा, कामवासना, अश्लील लत, र यौन पापसँगको हाम्रो संघर्षको सन्दर्भमा हामीले एकअर्कासँग ईमानदार र जोखीम हुन छनौट गरिरहेका हुन्छौं ।

तपाईंले सोध्नुहुन्छ, "हामीले प्रभावकारी समुदाय फेला पार्यौं भनेर कसरी थाहा पाउने ?" जब कसैले तपाईंको विगतको व्यवहारको लागि तपाईंलाई दण्ड दिन खोजिरहेको छैन, र त्यसको सट्टा तपाईंलाई प्रोत्साहन दिदै हुनुहुन्छ र तपाईंलाई परमेश्वर संग गहिरो हिँडाईमा अगाडि बढाउँदै हुनुहुन्छ - एउटा हिँडाइ जसले तपाईंको सोचको परिवर्तन (रोमी १२:२) र तपाईंको व्यवहारमा असर गर्दछ (१ तिमोथी ६:११-१२) । रोमी ८:१ को सत्यले हामी सबैलाई सान्त्वना र शान्ति दिनु पर्छः " यसकारण अब ख्रीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन् ।" उहाँमा अब हामी पापीहरु होइनौं तर सन्तहरु र ख्रीष्टका साझे-उत्तराधिकारीहरू हौं (रोमी ८:१७) । स्वतन्त्रता पाइन्छ जब हामी उहाँमा हाम्रो वास्तविक पहिचानमा रहन्छौं । परमेश्वर विश्वासयोग्य र न्यायी हुनुहुन्छ र उहाँले पश्चात्ताप र तोडिएको हृदयलाई तिरस्कार गर्नुहुन्न (भजन ५१:१७) ।

के तपाईं यस्तो प्रकारको मानिस हुन सक्नुहुन्छ जसले परीक्षालाई पवित्र र सम्मानजनक तरिकामा प्रतिक्रिया दिन सक्नुहुनुहुन्छ ? हो ! के तपाईं सुरक्षित र प्रभावकारी समुदाय भित्र फलिफाप प्रकारको मानिस हुन सक्नुहुन्छ ? हो ! आज, अब तपाईं एक्लो हुनुहुन्न । सँगसँगै हामीले कसरी महान पवित्रता र स्वतन्त्रतामा हिंड्ने बारे सिक्नेछौं । यसको मतलब यो होइन कि हामीले योसेफ जस्तै परीक्षा सामना गर्नेछैनौं, तर यसको मतलब यो हो कि हामी उस्तै परिस्थितिबाट योसेफ जस्तै भाग्न सक्षम हुनेछौं । हामी सबै वास्तविक समस्याहरू बाट मुक्त हुन चाहने पुरुषहरू हौं, जसले हामीलाई ख्रीष्टको मृत्यु र पुनरुत्थानद्वारा सित्तैमा दिइएको विजयमा हिंड्न र बाँच्न सर्म्पण गदर्छन् ।

म सम्बन्धीत हुन सक्छु ।
'म सञ्चै छु धन्यवाद । अनि तपाईं ?' तपाईंको कति पटक त्यो जवाफ आएको छ वा तपाई प्रश्न 'कस्तो हुनुहुन्छ' को जवाफ दिइएको छ ? यो कुरा महसुस गर्न मलाई धेरै समय लाग्यो कि धेरै समय म वास्तवमा कस्तो छु भन्ने कुरामा ईमानदार भएको हुन चाहदिँन । म प्रायः एउटा बुबा र पतिको रूपमा म मेरो भूमिकामा संघर्ष गर्छु र कल्पना गर्नुहोस् (image) 'म ठीक छु, धन्यवाद' लाई सधैं प्रस्तुत गर्ने प्रयास गरेर यी संघर्षहरूलाई लुकाएर राख्न धेरै चोटी सफल भएको छु । जब म मेरो संघर्षहरू परमेश्वरसँग बाँडने गर्छु, तब पनि उहाँको आत्माले मलाई यस पृथ्वीमा कसैलाई विश्वास गर्ने आवश्यकताको बारेमा कुहिनाले इशारा गरेको महसुस गर्न सक्छु । शुद्धता मार्गको सामग्रीले मलाई संस्कृतिको विरुद्ध र सहज विपरीत बन्ने साहस खोज्न मद्दत गर्नुको साथ-साथै यो महसुस र स्वीकार गर्न मद्दत गरे कि म एक्लो होइन र त्यहाँ अरू पनि उस्तै संघर्षहरू सामना

गरिरहेकाहरु पनि थिए । यो पहिलो कदम चालिसके पछि र मद्दत र समर्थनको लागि पुगेपछि, उत्तरदायी मसिही समुदायमा मात्र पाइने बलमा म बढ्दि रहन चाहन्छु ।

प्रश्नहरु

१. तपाईंले अन्तिम पटक कहिले 'म ठीक छु, धन्यवाद' भन्ने छवी प्रस्तुत गर्नुभएको थियो ?
२. तपाईंले यो छविको प्रस्तुत गर्नु र आफ्नो संघर्षको बारेमा खुला हुनबाट बच्नुको मुख्य कारण के हो ?
३. परमेश्वरले तपाईंलाई के भनिरहनु भएको छ ? के त्यहाँ कुनै विशेष वचन छ जसले तपाईंलाई यस बारे बोल्छ ?

सत्र २: पवित्रताको अनुसरण गर्ने

“बाइबलले पवित्रताको जीवन शैली जिउन सजिलो हुनेछ भनी भन्दैन, तर शैतानले मात्र यसलाई असम्भव छ भन्छ ।” - क्रिश्चियन लेन्टी

के तपाईंले कहिल्यै यो सोचेर उठ्नुहुन्छ कि पवित्र जीवन जिउनु धेरै बोझको कुरा हो ? तपाईं भय र डरको भावनासंग जीवन बिताउन सक्नुहुन्छ, आज अर्को दिन हो जहाँ तपाईं आफ्नो टाउको तल पारेर हिड्नु हुन्छ ताकि कुनै पनि आकर्षणको झलकबाट बच्ने आशामा तपाईंलाई तपाईंको प्रतिरोध गर्न सक्ने क्षमता भन्दा बाहिरको परीक्षामा पार्न सक्छ । दुर्भाग्यवश, हामी मध्ये धेरैले पवित्रतालाई यसरी नै हेर्ने गर्छौं ।

अर्कोतर्फ, त्यहाँ केही पुरुषहरू पनि छन् जसले पवित्रतालाई फरक दृष्टिकोणले हेर्छन्, जसले पवित्रताको अनुसरणलाई अवसरको रूपमा हेर्छन्, बोझ होइन । यो कसरी सम्भव छ ? तपाईंले आफैलाई सोध्नु पर्ने प्रश्न यो हो, “म के लाई बढि महत्व दिन्छु ?” तपाईंले जे कुराको महत्व गर्नुहुन्छ त्यसलाई तपाईंले पछ्याउनुहुनेछ र तपाईंले जे पछ्याउनुहुन्छ त्यसमा तपाईं समर्णता रहनुहुनेछ । ज्यादै महत्वपूर्ण कुरा, प्रश्न यो हो कि तपाईंले के पछ्याउँदै हुनुहुन्छ भन्ने मात्र होइन तर तपाईं कसलाई पछ्याउँदै हुनुहुन्छ ? त्यो व्यक्ति खीष्ट हुनुपर्छ किनकि तपाईंको पवित्रताको अनुसरण र तपाईंको आत्मिक विकास र परिपक्वतासँग जोडिन्छ । कुनै पनि पवित्रताको यात्रा जसले उहाँसँगको सम्बन्ध बिना अस्तित्वमा रहन खोज्छ भने अन्तोत: तपाईंलाई भीडबाट सिधै तल खसाल्नेछ ।

पवित्रताको चाहाना गर्नु भनेको आत्मिक समर्णताको बारेमा हो, जसमा प्रार्थना, उपवास र अध्ययनको लागि समय लिनु समावेश हुन्छ, तर सामुदायिक जवाफदेहिता जस्ता व्यावहारिक चरणहरू पनि समावेश हुन्छन् । तपाईंको यात्राले तपाईंलाई सिक्न योग्य भएको, नयाँ दृष्टिकोणहरू सिक्न, धर्मशास्त्रको गहिरो बुझाई, ईश्वरीय सत्यलाई लागू गर्ने तरिकाहरू खोज्न, साथै नयाँ बानीहरू विकास गर्न आवश्यक हुनेछ । आफ्नो आत्मिक हिँडाइमा बढ्दै र नयाँ व्यावहारिक कदमहरू सिक्नुको साथसाथै, तपाईंले यी सत्यहरूलाई दैनिक रूपमा लागू गर्न पनि सिक्नुपर्छ । तपाईंको वृद्धि र परिपक्वता इच्छापूर्ण सोचले प्राप्त हुन्छ तर तपाईंको औंलाहरू गनेर होइन । हिब्रु ५:१४ ले हामीलाई बताउँछ, “खँदिलो भोजन त परिपक्व मानिसहरूका निम्ति हो । यिनीहरूको मानसिक शक्ति निरन्तर अभ्यासद्वारा असल र खराब छुट्टयाउन सक्ने भएको हुन्छ ।” र हिब्रु ६:१ ले भन्छ,“यसकारण खीष्टसम्बन्धी प्राथमिक सिद्धान्तहरूलाई छोड़ेर हामी परिपक्वतातर्फ बढ़ौं । मृत्युतिर लैजाने कर्महरूबाट पश्चात्ताप र परमेश्वर माथिको विश्वासका कुराको जग फेरि नबसालौं ।”

जब हामी पवित्रताको अनुसरण गर्ने जीवनशैलीमा हिंड्न थाल्छौं, तब हामी सचेत रहनु पर्छ कि शत्रुले पनि हामीलाई नयाँ सृष्टिको सट्टा हाम्रो पुरानो स्वभावलाई लाभ कुरा मनमा राख्न खोज्छ (२ कोरिन्थी ५:१७) । जसरी १ पत्रुस ५:८ ले भन्छ, “सचेत रहो, जागा रहो, तिमीहरूको शत्रु दियाबलस कसलाई भेट्टाऊँ र खाइहाँलू भनी गर्जने सिंहझैं खोजिहिँड्छ ।” तपाईं र मेरो लागि यसको अर्थ के हो ? यसको अर्थ यो हो कि हरेक दिन हामीले एक शत्रुको सामना गर्छौं जुन हाम्रो भावनात्मक, सम्बन्ध र आत्मिक मृत्युमा मात्र झुकेको छ (यूहन्ना १०:१०) । जब हामी खीष्ट र महान पवित्रताको अनुसरण गर्दछौं र हाम्रो जीवनमा हामीले शत्रुबाट विरोधको सामना गर्नेछौं र आत्मिक युद्धमा सामिल हुनेछौं (एफिसी ६:१०-१८) । आत्मिक युद्ध भनेको हामीले शैतानको डरबाट त्रस्त हुने कुरा होइन, तर हामी यसको ३ पक्षहरू पहिचान गरेर यसको लागि सक्रिय रूपमा तयार हुन सक्छौं:

१. हाम्रो शत्रु काम गरिरहेकै छ भनेर हामीले बुझ्नुपर्छ (एफिसी ६:१०-१८, १ पत्रुस ५:८) ।
२. हाम्रो शत्रुले हाम्रो विरुद्धमा प्रयोग गर्ने सामान्य युक्तिहरूलाई हामीले चिन्नुपर्छ (यूहन्ना १०:१०, यूहन्ना ८:४४) ।
३. हामीले हाम्रो विरुद्ध प्रयोग गर्ने शत्रुको (सामान्यतया हाम्रा कमजोरीहरूमा आधारित) विशेष रणनीतिहरू पहिचान गर्नुपर्छ ।

हामी सबैमा कमजोरीहरु र कमजोरीको क्षेत्रहरु हुन्छन् । शत्रुलाई यी सबै क्षेत्रहरू थाहा हुन्छ र उसले प्रत्येक मोडमा तिनीहरूलाई शोषण गर्न सक्दो प्रयास गर्नेछ । जसरी युद्ध-पोतले आक्रमणहरूबाट जोगाउने गर्छ, त्यसरी नै तपाईं कुन आत्मिक सुरक्षाहरू सक्रिय रूपमा खोज्नु हुनुहुन्छ र निरन्तर रूपमा प्रयोग गर्नुहुन्छ ? आज, तपाईं प्रतिक्रियात्मक पश्चात्तापको विरोधको रूपमा सक्रिय अनुसरणको जीवन जिउन सुरु गर्न सक्नुहुन्छ । के यसको अर्थ तपाईं वा म सिद्ध हुन्छौं भन्ने हो ? पक्कै होइन । परमेश्वरले हामीलाई सिद्ध हुन बोलाउनुहुन्न, तर उहाँले हामीलाई आज्ञाकारी हुन बोलाउनुहुन्छ । क्रुसमा पापको शक्तिलाई हराएको भए तापनि हामीले दैनिक आज्ञाकारितामा हिंड्न रोज्नुपर्छ ।

पवित्रता भनेको तपाईंले आफ्नो आँखा कहाँ राख्नुहुन्छ भन्ने मात्र होइन, तर तपाईंले आफ्नो हृदयलाई कहाँ राख्न रोज्नुहुन्छ भन्ने बारेमा बढी हुन्छ । यस क्षेत्रमा तपाईंको सफलतामा तपाईंले कुन सीमाहरू पालन गर्नुहुन्छ भन्नेमा मात्र निर्भर गर्दैन तर तपाईं भित्र शासन गर्ने इच्छाहरूमा निर्भर गर्दछ । परमेश्वरको मार्ग र इच्छाहरू बाहिर पवित्रताको जीवन बिताउने प्रयास गर्दा अन्ततः बारम्बार असफलतालाई निम्त्याउँछ । के तपाईं सधैं असफल भएको महसुस गरेर थकित हुनुहुन्न ? परमेश्वरका मानिसहरूको रूपमा, हामीले एउटा अडान लिनुपर्छ र ती चीजहरूसँग कुनै सम्झौता गर्नु हुँदैन जसले हाम्रो महान पवित्रता र सम्पूर्णताको अनुसरणमा पछाडि पार्छ । परमेश्वरले हामीलाई यस्तो जीवन जीउनको लागि उहाँले आफ्नो अनुग्रह दिनुहुन्छ, र हामीले ती जीवन बिताउनेहरूलाई आमन्त्रित गर्न आवश्यक छ जो पहिले नै यो हाम्रो लागि उदाहरणको रुपमा राखेका छन् । अन्ततः, तपाईं निरन्तर रुपमा पवित्रताको यो जीवन जिउनुभएको छ भने, तपाईं एउटा उदाहरणको रुपमा हुन सक्नुहुन्छ जसले अरूलाई उज्यालोमा हिंड्न र त्यसमा रहि रहन मद्दत गर्नेछ ।

पवित्रता र सम्पूर्णताको जीवनशैलीले तपाईंलाई अगाडि बढिरहनु आवश्यक छ अन्यथा तपाईं आफैंलाई पछाडि पाउनुहुनेछ । त्यहाँ कुनै तटस्थ आधार छैन । जब तपाईं पवित्रताको लागि धेरै उत्साह विकास गर्नुहुन्छ, तपाईंले विजयको जीवनशैली विकास गर्नुहुनेछ । पुरुषको रूपमा, हामी सधैं केहि न केहि अनुसरण गरि राहन्छौं । हामीले निरन्तर आफैलाई सोध्नु पर्छ, "मेरो वर्तमान दिशाले मलाई कुन गन्तव्यमा लगिरहेको छ ?" निश्चित गर्नुहोस् कि यो तपाईंको गन्तव्य हो जहाँ तपाईं समाप्त गर्न चाहनुहुन्छ ।

म सम्बन्धीत हुन सक्छु ।
मैले बोकेको बोझ राम्रो संकेत हो भनेर बुझ्न मलाई धेरै समय लाग्यो । मैले मेरो व्यवहार र जीवनको सोच बारेमा कम्तिमा मेरो विवेकले मलाई दोषी ठहराएको महसुस गरें । मेरो बारेमा परमेश्वरको विचारलाई म कदर गर्छु भन्ने चेतनामा म विश्वस्त हुन थालें । मलाई थाहा थियो कि उहाँले मलाई प्रेम गर्नुहुन्छ, तर म निश्चित थिएँ कि उहाँ ममा होइन, तर मेरो लागि निराश हुनुहुन्थ्यो । मैले भोग्नु पर्ने नतिजाहरूको लागि निराशः शर्म, अपराध, पश्चाताप । मलाई थाहा थियो यो यसरी हुनु पर्ने थिएन; यस्तो जीवन उहाँले मेरो लागि चाहनुभएको थिएन । तर मलाई यो पनि

थाहा थियो कि म आफ्नै बलले पाप-पश्चात्ताप-दोहोऱ्याउने चक्रलाई तोड्न सक्दिन । म संघर्षले धेरै थाकेको थिएँ । यदि हामीले उहाँसँग हिँड्ने रोज्यौं भने येशूले हाम्रो तिर्खा मेटाउने प्रतिज्ञा गर्नुहुन्छ । मेरो पहिलो कदम आज्ञाकारिता थियो । मलाई थाहा थियो कि मैले यहाँ पृथ्वीमा भएकाहरू कहाँ पनि पुग्नुपर्छ, स्वीकार गर्नुपर्छ र मद्दत माग्नु पर्छ र स्वर्गबाट मात्र होइन । परमेश्वरलाई स्वीकार गर्नु राम्रो कुरा हो तर भाईलाई स्वीकार गर्न ठूलो नम्रताको आवश्यक छ । जब मैले पवित्रताको बाटोमा हिंड्न सिकें, तब मेरो हरेक पाइलामा परमेश्वर दयालु र विश्वासयोग्य हुनुहुन्थ्यो । उहाँले मेरो इच्छाहरू बिस्तारै परिवर्तन गरेर ममा काम गर्नुभयो र मैले उहाँलाई नम्रतामा बढ्न मद्दत गर्न मलाई अनुमति दिएपछि, मैले उहाँलाई खुसी पार्नु एउटा विशेष मौका हो भनेर महसुस गर्न थालें ।

प्रश्नहरू

१. के तपाईं परमेश्वरलाई आफ्नो इच्छाहरू परिवर्तन गर्न दिन इच्छुक (वा साहसी) हुनुहुन्छ ?
२. के तपाईंसँग पाप स्वीकार गर्न सक्ने कोही हुनुहुन्छ र यदि छैन भने, तपाईंले कसैलाई कसरी भेट्टाउन सक्नुहुन्छ ?
३. एकपटक तपाईंले यो चरण पार गरिसकेपछि, तपाईंलाई परमेश्वरले तपाईंलाई कहाँ डोऱ्याउदै हुनुहुन्छ भन्ने लाग्छ ?

सत्र ३: अब मखुन्डाहरू होइनन्

“क्रुसको फेदीमा कमजोरी बाँड्ने सुरक्षित ठाउँ हो ।” - क्रिश्चियन लेन्टी

हामी पुरुषहरूको लागि पर्दाहरु र मखुन्डोको पछाडि लुक्न धेरै सजिलो हुन्छ । हामीलाई सबैभन्दा राम्रो उपयूक्त हुने पर्दाहरु फेला पार्न मनपर्छ वा हामी के हुन सक्छौं भनेर वर्णन गर्दछ । यद्यपि यी पर्दाहरु पछाडि लुक्न मखुन्डोहरूको रूपमा प्रयोग गर्न सजिलो हुन्छ, तिनीहरूले हामीलाई विशेष कुराहरुबाट अलग रहन लगाउँछ जसले हामीलाई स्वस्थ र प्रसस्तताको जीवन दिने सम्बन्धहरूमा लैजान्छन् जस्तै प्रामाणिकता, इमान्दारिता, र कमजोरीहरू । हामी यी मखुन्डोहरू कसरी सिर्जना गर्छौं त ? यी मखुन्डोहरूले हाम्रो ठूलो पवित्रता र सम्पूर्णताको खोजीलाई कसरी रोक्छ ? सत्य यो हो, हामीले सोचे भन्दा मखुन्डो बनाउनु सजिलो हुन्छ । एउटा अगुवाको उदाहरण लिन सक्छौं जसले सोच्छ कि ऊ आवश्यक पर्ने इमानदार र कमजोर भन्दा माथि किनभने उसले अरूलाई अगुवाई गर्छ,, त्यसैले उसले आफ्नो पवित्रता र सम्पूर्णतालाई हल्का रुपमा लिन थाल्छ । वा त्यहाँ कुनै पाष्टर हुन सक्छ जसले आफू कसै कहाँ जान आवश्यक महसुस गर्दैन र साँच्चै भने हो भने उसले आफ्नो हृदय र संघर्षलाई अरु सित बाँडचुड गर्न चाहदैंन जस्तो लाग्छ किनभने ऊ पाष्टरको रूपमा छ, उसले सोच्छ कि उसले परीक्षा संग संघर्ष गर्नुपर्दैन वा शंका वा निराशाहरूको सामना गर्नुपर्दैन । सायद, अर्को उदाहरण लिन सक्नुहुन्छ जुन हामी सबै त्यससँग सम्बन्धित हुन सक्छौं, त्यो मानिस हो जसले कसैलाई नजानी मानिसहरूको समूह वा मानिसको खाजामा भाग लिन्छ भने उसले त्यो वातावरणमा असुरक्षित महसुस गर्न सक्छ वा उनीहरु सित असम्बन्धित महसुस गर्न सक्छ, त्यसैले उसले एक्लै हुने, अस्वीकार हुने वा मौन हुने डरबाट आफ्नो संघर्षहरू आफैंमा राख्छ। यी विचारहरूको साथै अन्य विभिन्न प्रकारका विचारहरुमा पनि हामी प्रत्येकलाई मखुन्डोको पछाडि लुक्न अगुवाई गर्न सक्छ । दुर्भाग्यवश, जब हामी त्यसो गर्छौं भने, हामी त्यस्तो वातावरण सिर्जना गर्न थाल्छौं जहाँ हामी कसैलाई धेरै नजिक आउन अनुमति दिँदैनौं किनकि हाम्रो सत्यको वास्तविकता आफैं प्रकट हुने वा नराम्रो, अस्वीकृत हुने डर हुन सक्छ । । यस्तो वातावरण धेरै खतरनाक हुन सक्छ ।

त्यसो भए परमेश्वरका मानिसहरूले कसरी मखुन्डो बिना जीवन बिताउन सिक्न सक्छन ? जबकि हामीलाई थाहा छ, मखुन्डोको पछाडि लुकेर बस्दा तपाईंले वा अरूले बनाएको गलत छविलाई सुरक्षित राख्छ, हामीले अरू कसैको छविमा नबस्ने छनौट गर्नैपर्छ । हामीले ख्रीष्टको स्वरुप र उहाँले हामीलाई उहाँको सन्तानको स्वरुपमा दिनुभएको पहिचानमा बाँच्न, काम गर्न र आराम गर्न आवश्यक छ (गलाती ३:२६-२७) । जब हामीले हाम्रो मखुन्डोहरू फुकाल्छौं, तब हामीले भरोसा गरेका मानिसहरूसँग सुरक्षित वातावरणमा इमानदारी र जोखिममा हिड्ने छनौट गरिरहेका छौं । साँचो कमजोरीले हामीलाई पूर्ण इमानदारीमा लैजानुपर्छ । छानिएको सत्य अझै पनि पूर्ण झूट हो । साँचो कमजोरी बाँड्नु शत्रुको पकडलाई तोड्छ र साँचो स्वतन्त्रता ल्याउँछ ।

जोखिम र कमजोरीका क्षेत्रहरू बाँड्नु भनेको शुद्धता वा यौन समस्याहरूसँग मात्र जोडिएको हुदैंन; यो हाम्रो पाप, असुरक्षा, डर, आदि बारेमा पनि हुन्छ । जब हामी यी समस्याहरूलाई प्रकाशमा ल्याउँछौं, शत्रुसँग हामीलाई पक्रि राख्न केही हुँदैन (१ यूहन्ना १:५-७) । शत्रुले हाम्रो जीवनका जोखिम र कमजोरी क्षेत्रहरूलाई शोषण गर्न चाहन्छ, त्यसैले हामीले ती क्षेत्रहरूमा दृढता ल्याउन मद्दत गर्न सक्ने अरूलाई हाम्रो जीवनमा आमन्त्रित गर्ने तरिका सिक्नुपर्छ । मानिसको रूपमा, हामीले आफूसँग भएका वरदानहरूमा वा हामीले विकास गरेका सीप र क्षमताहरूमा गर्व गर्न सजिलो हुन्छ । तर धेरै मानिसहरूलाई जोखिम र कमजोरीका क्षेत्रहरू व्यक्त गर्न गाह्रो लाग्छ, र अझ गम्भीर रूपमा, तिनीहरू अरूसँग बाँडचुड गर्न र मद्दत माग्न हिचकिचाउँछन् । जोखिम र

कमजोरीका क्षेत्रहरूलाई बेवास्ता गर्नाले समस्याहरू समाधान गर्दैन, बरु तिनीहरूले आफ्नो कुरूप टाउको पुनः पछाडि फर्काउन सक्ने समयसम्म तिनीहरूलाई लुकाउँछन् । मानिसको समूह जस्ता सुरक्षित समुदायमा हाम्रा जोखिमहरू र हाम्रा कमजोरीहरूलाई स्वीकार गर्नुको अर्थ हामी हारेको होइन । यसको विपरित, यो साँचो शक्तिको चिन्ह हो र यसले हामी मानिस, सान्दर्भिक र सँगी विश्वासीहरूबाट मद्दत प्राप्त गर्न सक्षम छौं भनेर देखाउँछ (गलाती ६:२) । हाम्रा जोखिम र कमजोरीहरू पहिचान गर्नाले हामीलाई आत्मिक सत्यहरू लागू गर्न र व्यावहारिक सीमाहरू विकास गर्न अनुमति दिन्छ । यद्यपि, बाधाहरु हुन्छ जुन हामी मध्ये धेरैले सामना गर्छौं: हामीले कस कहाँ पुग्न सक्छौं भनेर थाहा हुदैंन । हाम्रा धेरै सँगी भाइहरू वास्तविकता देखि डराउँछन् भने हामीले कसलाई इमानदारी र कमजोरी देखाउन सक्छौं ? के तपाईं सबैसँग सबै समयमा र जहाँ पनि बाँडचुड गर्नुहुन्छ ? पक्कै होइन । यी ४ चरणहरू विचार गरौं :

१. परमेश्वरसँग (भजन १४५:१८)
२. हामी आफैसँग (रोमी १२:३)
३. अरूसँग (हितोपदेश २७:१७)
४. अरूको मद्दतले हामीले नदेख्ने कुराहरू औंल्याउनु (हिब्रु ३:१२-१३)

केही स्त्री वा पुरुषको हुन्, जोसँग तपाईं इमानदार र वास्तविक हुन सक्नुहुन्छ ? हामीले सोध्नु पर्ने महत्त्वपूर्ण सत्य यो छः हामी खीष्ट जस्तो महानतामा बढ्न सक्छौं यदि हाम्रो जीवनमा खीष्टको जस्तै नभएका क्षेत्रहरूमा ज्योति ल्याउन इच्छुक छैनौं ?

हामीले जानिबुझी एउटा वातावरण विकास गर्नुपर्छ जहाँ सबै मानिसहरुले आफ्नो संघर्षहरु बाँडचुड गर्ने ठाउँ होस् जहाँ न्याय गर्ने प्रतिक्रियाहरूलाई अस्वीकार गरोस् । आउनुहोस् तपाईं र म जस्तै, हामी अपूर्ण मानिसहरूसँगै आउने अवसरलाई अँगालौं । यसको मतलब हामी वास्तविक समस्याहरूको सामना गर्छौं । हामी तिनीहरूलाई बेवास्ता गर्दैनौं, तिनीहरूको महिमा गर्दैनौं, वा तिनीहरूबाट भाग्दैनौं । क्रुसको फेदीमा जहाँ मद्दत उपलब्ध छ, आशा पाइन्छ, र चंगाई सम्भव छ । क्रुसको फेदीमा हामी सबै बराबर छौं ।

म सम्बन्धीत हुन सक्छु ।
हामी प्रायः मसिही समुदाय भित्र पनि अज्ञानमा सत्यताबाट टाढा रहेर धोका दिन्छौं । विभिन्न प्रकारका सांसारिक मखुन्डो लगाउनु धर्मनिरपेक्ष समाजमा सामान्य स्थान हो र धेरैका लागि दोस्रो स्वभाव हो । शत्रु धूर्त छ र हामीले कुन मखुन्डो लगाएका छौं भन्ने कुराको वास्ता तबसम्म गर्दैन जबसम्म हामीले अप्रामाणिक मखुन्डोमा रहन्छौं । मैले अझै पनि झुटो स्वरूप सिर्जना गर्ने मखुन्डो लगाएको छु भन्ने थाहा पाउन धेरै वर्ष लाग्यो । धर्मशास्त्रमा झूटा स्वरूपहरूको बारेमा धेरै कुराहरू छन् र ती मध्ये कुनै पनि राम्रो छैन । म पूर्ण रूपमा बुझ्न असफल भएँ कि म परमेश्वरको स्वरूपमा सृष्टि भएको थिएँ । परमेश्वरको स्वरूप (इमेजो डेइ) - परमेश्वरको स्वरूप मेरो आमाको गर्भमा मेरो स्वर्गीय पिताले मलाई दिनुभएको थियो । म आफूलाई मेरो वरपरका मानिसहरूसँग तुलना गर्दै थिएँ र मैले महसुस गरेभन्दा धेरै "मसिही मखुन्डो" लगाएको थिएँ जसले म धर्मी भएको वा महशूस भएको भन्दा धर्मी देखिन मलाई उपयूक्त लगाउँथ्यो । मसँग नयाँ पहिचान छ र यो खीष्टमा दृढतापूर्वक जरा गाडेको छ । कर तिर्नु सही हो कि भनेर सोध्दा, येशूले सिक्कामा कसको चित्र छ भनेर सोध्नुभयो र उहाँले जवाफ दिनुभयो, "कैसरको चीजहरू कैसरलाई र परमेश्वरको चीजहरू परमेश्वरलाई दिनुहोस् । तपाईंलाई परमेश्वरको हातको अद्वितीय रचना हुनुहुन्छ । तपाईं भित्र विनम्रता, पारदर्शिता, कमजोरी, र वास्तविकता सबै छन् र तिनीहरु चस्मा हो जसद्वारा अरूले

तपाईं को हुनलाई बन्नु भएको गौरव देख्न सक्छ । अब तपाईं आफ्नो स्वीकृति र तपाईं को हुनुहुन्छ भनेर गर्व गर्नुहोस् ।

प्रश्नहरू

१. के तपाईंलाई थाहा छ तपाई ख्रीष्टमा को हुनुहुन्छ वा तपाईंले धोका पाउनुभयो ?
२. तपाईं किन सोच्नुहुन्छ कि हामी बारम्बार मखुन्डो लगाउनु पर्छ ?
३. तपाईंका केही अद्वितीय परमेश्वरद्वारा दिइएको गुणहरू/चरित्रहरू के हुन् जुन तपाईंले प्रदर्शन गर्नुपर्छ र तपाईंले तिनीहरूलाई कसरी निरन्तर रूपमा प्रदर्शन गर्न सक्नुहुन्छ ?

सत्र ४: सेतो हत्केला

“तपाईंले जीवनको आँधीहरूलाई नियन्त्रण गर्न सक्नुहुन्न, तर तपाईंले ती आँधीहरूका माझमा तपाईंले कहाँ आश्रय खोज्नुहुन्छ भन्ने कुरा नियन्त्रण गर्न सक्नुहुन्छ । परमेश्वरको वचन र उहाँका प्रतिज्ञाहरूलाई तपाईंको आश्रय बनाउनुहोस् ।” - क्रिश्चियन लेन्टी

मानिसको बारेमा धेरै सामान्य धारणाहरू छन् । जस्तै, मानिसहरू कमजोर भएको स्वीकार गर्न मन पराउँदैनन् । मानिसहरू दिशा-निर्देशनहरू सोध्न मन पराउँदैनन् । मानिसहरुले आफ्ना भावनाहरू बाँड्न सक्दैनन् । र सूची जारी छ । तिनीहरूले समाज र सबैको मानसिकता अनुसार आफ्नो बाटो छान्ने गर्छन । यी निश्चित धारणाहरु भएको सबै लोकप्रिय पुरुष हुन्छन् र यी निश्चित धारणाहरु बाहिर काम गर्दा हामी “कमजोर” छौं भन्ने टिप्पणी सुन्न चाहँदैन वा हाम्रो पुरुषत्वमाथि प्रश्न उठाउन चाहँदैन । यसकारण, धेरै मानिसहरू बलियो देखिन चाहन्छन् र तिनीहरू लगभग कहिल्यै रुँदैनन् । दुर्भाग्यवश, तिनीहरू जीवन जिउछन् मानौं कि तिनीहरूले यी मानसिकताहरूमा विश्वास गर्छन् र जब हामीले यसलाई परमेश्वरसँगको हाम्रो सम्बन्धमा लागू गर्छौं, यसले हाम्रो संघर्ष र परीक्षाहरूसँग ईमानदार र कमजोर हुन सक्ने क्षमतालाई बाधा पुऱ्याउँछ । जब हामीले आफ्नै बलमा परीक्षाहरूलाई हराउन खोज्छौं, तब हामी एक पटक बलियो हुन सक्छौं, तर अन्ततः हामी असफल हुनेछौं किनभने विजय आफ्नै शक्तिमा जित्न सकिँदैन । हामी परीक्षालाई वशमा राख्न सक्दैनौं, तर हामीले सके जति हामी आफ्नो जीवन जीउँछौं र प्रायः हामीले रोक्ने खाली ठाँउको उपायहरू खोज्छौं ।

हामी यसलाई “सेतो हत्केला” सँग तुलना गर्न सक्छौं । जब हामी हाम्रो मुट्ठीहरु यति बलियो बन्द गर्छौं कि हाम्रो हत्केला सेतो हुन्छन् यसले रगतलाई त्यहाँबाट टाढा भगाउँछ । यो भन्नु एकदमै सही हुन्छ कि हामी हाम्रो मुट्ठीहरुलाई कुनै कुराको प्रतिरोध गर्न गाह्रो हुन्छ जब हामी आफैमा भर परिरहेका हुन्छौं । हामी आफ्नै बल प्रयोग गरेर परीक्षाको प्रतिरोध गर्ने प्रयास गरिरहेका हुन्छौं । जोडले समातेको मुट्ठीको विपरीत स्वरुप खुला हात हो । खुला हात भनेको स्वागत, निमन्त्रणा, मद्दतको लागि अनुरोधको चित्र हो । हाम्रो बन्द मुट्ठीले बाहिरी तत्वहरूको सक्रिय प्रतिरोध देखाउँछ । जब हाम्रो मुट्ठी बन्द हुन्छ, हामीले प्रतिरोध गरेर सहि काम गर्न खोज्दा पनि, हामीलाई लिन र हाम्रो गडबडीबाट बाहिर निकाल्न आफ्नो हात पसार्नुहुनेको हात समाउन असमर्थ हुन्छौं । हाम्रो बन्द मुट्ठीमा भर पर्नु हाम्रो हात खोल्नु र प्रेमिलो मुक्तिदातामा पुग्नु भन्दा कम प्रभावकारी छ जो पहिले नै हामीलाई उहाँको प्रेम, उहाँको क्षमा र उहाँको अनुग्रह प्रदान गर्नको लागि हामी कहाँ पुग्दै हुनुहुन्छ । हो, हामी उहाँ बिना कमजोर हुन्छौं, तर यसको मतलब यो होइन कि हामी पापमा रहनु पर्छ । बरु, हामीले येशूको काखमा रहने छनौट गर्नुपर्दछ ... काखहरू जुन सँधै खुला र हामीलाई ग्रहण गर्न र परीक्षाको प्रतिरोध गर्न मद्दत गर्न तयार रहछन् । याद गर्नुहोस्, ख्रीष्टले मात्र हामीलाई बचाउन सधैं बलियो हुनुहुन्छ ।

त्यसोभए हामी किन ख्रीष्टले दिनुहुने सहायताको बारम्बार विरोध गर्छौं ? सत्य यो हो, हामी नियन्त्रणमा हुन चाहन्छौं । तर वास्तविक जीवनमा हामी प्रायः हामीले नियन्त्रण गर्न नसक्ने चीजहरू सामना गर्छौं, र हामी विश्वासी हुन आवश्यक पर्ने कुराहरू बिर्सन्छौं । मानिसहरूको रूपमा, केही क्षेत्रमा नियन्त्रणता त्याग्ने प्रयास गर्न गाह्रो हुन सक्छ, तर यो आवश्यक छ यदि हामी अधिक शुद्धतामा र आत्मिक पूर्णता हिड्न चाहन्छौं । हाम्रो जीवनमा त्यहाँ क्षेत्रहरू छन् जुन हामीले नियन्त्रण गर्न सक्छौं, तर त्यहाँ पनि क्षेत्रहरू छन् जुन हामीले नियन्त्रण गर्न सक्दैनौं । परमेश्वरको

वचन र अनुभवबाट प्राप्त बुद्धि, वा हामी आफैले सिकेका वा अरूले हामीलाई बाँडेको, यसले हामीलाई दुई बीचको भिन्नता कसरी बुझ्ने भनेर सिकाउनेछ ।

हामीले के नियन्त्रण गर्न सक्छौं भने सुरु गरौं । हामीले हाम्रो कार्य, प्रतिक्रिया र भावनाहरू नियन्त्रण गर्न सक्छौं । यद्यपि, हामीले बाहिरीको परीक्षाहरु, मानिसहरू वा परिस्थितिहरूलाई नियन्त्रण गर्न सक्दैनौं । यो भिन्नता हो जहाँ धेरै मानिसहरू भ्रमित हुन सक्छन् । धेरै चोटी, हामी गलत बस्तुहरू नियन्त्रण गर्ने प्रयास गर्छौं र हामीले आत्म-संयम अभ्यास गर्ने क्षेत्रहरूलाई बेवास्ता गर्छौं (गलाती ५:२२-२३) । यदि हामीले हाम्रो कार्य, प्रतिक्रिया र भावनाहरू मात्र नियन्त्रण गर्न सक्छौं भने, हामीले अरू केही गर्न सक्छौं ? हो ! आत्म-संयम सिक्नु महत्वपूर्ण छ र यो आत्माको फल पनि हो, हामीले यो पनि सिक्नुपर्छ कि हामी कुन क्षेत्रमा विश्वासयोग्य हुन सक्छौं । जब हामी मानिसहरू वा परिस्थितिहरूबाट प्रभावित हुन्छौं जुन नियन्त्रण भन्दा बाहिर हुन्छ, वा जब परीक्षाले जीतेको देखिन्छ र हामी यस्तो लाग्छ कि अब कति पनि प्रतिरोध गर्न सक्दैनौं, तर हामी अझै पनि निम्न विश्वासयोग्य हुन सक्छौं :

- आत्मिक युद्धको लागि सही औजारहरू प्रयोग गरेर (एफेसी ६:१०-१८)
- हाम्रो परीक्षा र कमजोरीको क्षणमा परमेश्वर र अरूलाई निमन्त्रण गरेर (१ कोरिन्थी १०:१३)
- परमेश्वरको वचनलाई आत्माको तरवारको रूपमा प्रयोग गरेर (एफिसी ६:१७)
- येशूको व्यक्तित्वमा ध्यान केन्द्रित गरेर (हिब्रु १२:१-२)
- राम्रो सीमाहरू सिर्जना विकास गरेर (अय्यूब ३१:१)
- अस्वस्थ र अपवित्र उत्सुकताको पछि लाग्नुको सट्टा परीक्षाबाट भागेर (फिलिप्पी ४:८)

हामीले नियन्त्रण गर्न सक्ने कुरामा विश्वासयोग्य भएर, हामी चाँडै बलियो जग विकास गर्नेछौं । यसले हामीलाई हाम्रा कार्यहरू, प्रतिक्रियाहरू र भावनाहरूमा दृढ रहन बल दिन्छ जब हामी कुनै पनि प्रकारको परीक्षाको सामना गर्छौं जुन अस्वस्थ र अपवित्र छनौटहरूको लागि आगोको झिल्को हुन सक्छ । र यद्यपि परमेश्वर सबै कुरा माथि सार्वभौम हुनुहुन्छ, यसको मतलब यो होइन कि हामी व्यक्तिगत जिम्मेवारीबाट हामी मुक्त भएका छौं । हामी हरेक दिन अगाडि बढ्दै जाँदा, हामी आफैं सहित सबै कुराहरुको असल भण्डारे बन्ने प्रयास गरौं ।

म सम्बन्धित हुन सक्छु

सेतो हत्केलाहरूका साथ मेरो आफ्नै अनुभवहरूले मैले पापको प्रतिरोध गर्न आफ्नै बलमा प्रयास गर्दा मात्र होइन तर म मेरो मुट्ठी टेबुलमा निराशको हारमा ठोक्ने जस्तै पनि हुन्छ । म निश्चित रूपमा यस क्षेत्रमा एक ढिलो सिकारु थिएँ र नम्रता र अभ्यास स्वीकार गर्न मलाई धेरै नै अवसरहरू थियो । म आफ्ना असफलताहरूको हल्का रुपमा लिन थालेको थिएँ । तर हरेक पल्ट मैले पाएको माया, धैर्यता, समझ र हौसलाले मलाई सधैं आशिष दियो । म पवित्रताको मार्ग(P2P) मार्फत आधा बाटोमा पुगिसकेको थिएँ कि यो मेरो कमजोरीमा उहाँले आफ्नो शक्ति प्रदर्शन गर्न सक्नुहुन्थ्यो भन्ने महसुस गरें । जब मैले बिस्तारै उहाँमा मेरो भरोसा राख्न थालें र पापबाट टाउको उठ्ने बित्तिकै कसरी भाग्ने भनेर सिकें, तब मैले तुरुन्तै विजय को अनुभव गरें । अब मेरो हात खुल्ला छ जब म आफैलाई, मेरो सल्लाकार र परमेश्वरको प्रशंसा गर्छु । यद्यपि पाप हराएको छैन, मैले पुग्ने र मद्दत माग्ने अभ्यास गर्दा, मैले उहाँको शक्तिमा भरोसा गर्न सिकें । म “पाप-पश्चात्ताप-दोहोऱ्याउने” बाट “पुनः विजय-दोहोऱ्याउने” मा गएँ । समय बित्दै जाँदा, निषेधित फल भन्दा विजयको आनन्द धेरै मीठो भयो ।

प्रश्नहरू

१. के तपाईंलाई मद्दत माग्न गाह्रो लाग्छ र यदि छ भने, किन ?

२. तपाईं कुन तरिका (हरू) मा धोका पाउनु भएको छ ?

३. यस अध्यायमा चर्चा गरिएको छललाई समाजले कसरी लुकाउन खोज्छ ?

सत्र ५: तपाईंको ठाडो सम्बन्धका मानिस को हो

“हाम्रा सबैभन्दा नजिकका साथीहरू पवित्रताको पछि लाग्नेहरू हुनुपर्छ किनभने तिनीहरूले हाम्रो जीवनमा ठूलो प्रभाव पार्नेछ । तपाईंले मलाई तपाईंका साथीहरू को छन् भन्नुहोस्, र म तपाईलाई ठ्याक्कै बताउनेछु कि तपाईं को हुनुहुन्छ वा तपाई को बन्नु हुदैछ । धर्मीहरूसँग दौड्नुहोस् ।” - स्टीव लसन

के तपाईं सिकाउन योग्य हुनुहुन्छ ? तपाईं सोच्न सक्नुहुन्छ कि तपाईं हुनुहुन्छ तर...के तपाईं साँच्चै हुनुहुन्छ ? के तपाईं अरूलाई तपाईंको नदेखिने कमजोरीहरू देखाउन अनुमति दिनुहुन्छ वा तपाईंमा त्यस्तो कुनै पनि कुरा छैन ? के तपाईं तिरस्कारलाई ठूलो वृद्धिको लागि उपयुक्त चुनौती लिनुहुन्छ वा तपाईं यसलाई प्रेम र हेरचाहको कार्यको रूपमा हेर्नुहुन्छ ? सत्य के हो भने, हामी सबै बढ्नु आवश्यक छ, र त्यो आवश्यकता एकपटक तपाईंले विवाह गरिसकेपछि, वा तपाईंको मण्डलीमा नेतृत्वको स्थान पाएपछि आवश्यक कम पर्दैन । वास्तवमा, यदि तपाईं अधुरो रहनुभयो भने, वा तपाईं हुनुहुन्छ, त्यहाँ तपाईंको जीवनको अर्को क्षेत्र सधैं हुनेछ जसमा परमेश्वरले काम गर्न, ढाल्न र उहाँको पुत्र, येशू ख्रीष्टको प्रतिरूपमा रूपान्तरण गर्न चाहनुहुन्छ ।

त्यसोभए हामी कसरी बढ्छौं ? हामी मध्ये धेरैले पोडकास्टहरू, सेमिनारहरू, अनलाइन शिक्षण भिडियोहरू, वा सबै भन्दा उत्कृष्ट विक्रेता हेर्छौं । जब ती श्रोतहरू राम्रा छन्, ती श्रोतहरू तिनीहरू छन् नै, श्रोतहरु । कहिलेकाहीं हामी आत्मिक समस्याहरूमा श्रोतहरू प्रयोग गर्ने प्रयास गर्छौं । सायद, तपाईं, वा तपाईंले चिन्नुभएको कोहीले सबै भन्दा नयाँ पुस्तकद्वारा, जस्तै “पवित्रताको लागि ४० दिनहरू” वा “स्वतन्त्रताको लागि ६ महिनाहरू” को केही प्रतिज्ञा गर्ने पंक्तिहरूमा सधैं उत्साहित हुन्छ, किनकी उत्साहित हुनुको केही भाग समाधानको वाचामा आकर्षित भएर आउन सक्छ: ४० दिनमा तपाईंले फेरि कहिल्यै संघर्ष गर्नुहुने छैन, वा यो कठिन अवस्था ६ महिनामा तपाईंको जीवनबाट सदाको लागि हट्नेछ । यद्यपि, चटके समाधानहरूले सम्भवत: हामीलाई निराशा र निरुत्साहमा छोड्न सक्छ जब “प्रतिज्ञा गरिएको” नतिजाहरू हामीले चाहे जति चाँडो देखा पर्दैनन् । जीवन-परिवर्तनकारी वृद्धि जीवनभरीको चेलापनद्वारा आउँछ । र यहाँ हामी तेर्सो र ठाडो सम्बन्धहरू बीचको भिन्नता बारे सिकाउन चाहन्छौं ।

हामी सबैका साथीहरू हुन्छन् । हामी साथीहरूसँग रमाइलो गर्न र बाहिर जाने गर्छौं । साथीहरू जससँग हामी खुला र इमानदार हुन सक्छौं र जससँग हामी प्रार्थना गर्न र जीवनको यात्रामा हिंड्न सक्छौं । यिनीहरूलाई तेर्सो सम्बन्धको मित्र भनिन्छ । अर्कोतर्फ, ठाडो सम्बन्धका मित्रले तेर्सो मित्रको रूपमा धेरै पक्षहरू साझा गरे तापनि, त्यहाँ भिन्नता छ । ठाडो सम्बन्धका मित्र त्यो हो जसलाई हामीले हाम्रो जीवन खोलेका हुन्छौं र जसलाई हामीले हाम्रो जीवनमा बोल्ने अधिकार दियौं (हितोपदेश २७:१७) । हामी यी ठाडो सम्बन्धका साथीहरूलाई परमेश्वरसँगको हाम्रो हिँडाइमा चुनौती दिन अनुमति दिन्छौं जुन स्तरमा हामीले पहिले सोचेको थियौं कि हाम्रो क्षमता भन्दा बाहिर थियो । तिनीहरूले हाम्रो जीवनका ती क्षेत्रहरूलाई देखाउन सक्छन् जसले हामीलाई असजिलो बनाउँछ । तिनीहरूले हामीले सोचेका क्षेत्रहरू पनि प्रकट गर्न सक्छन् जुन हामीले पहिले त्यससंग छलफल गरिसकेका छौं, तर यहाँ हामी फेरि, साँचो बृद्धि तर्फ डोऱ्याउने वा ती क्षेत्रहरू अझै अवस्थित छन् भनी अस्वीकार गर्ने आवश्यक कठोर कदम चाल्ने छनौटको सामना गर्नुपऱ्यो । हामी दावी गर्न सक्छौं कि तिनीहरू हामीप्रति न्याय गर्ने हुन्छन् । हामी उनीहरूको चुनौतीको जवाफमा रक्षा गर्ने पनि बन्न सक्छौं । जतिसुकै गाह्रो भए पनि, हामी सबैको जीवनमा ठाडो सम्बन्धका साथीहरू हुनैपर्छ - एउटा साथी जसले हामी ख्रीष्टमा परिवर्तरित भइरहेका व्यक्तिलाई प्रतिबद्ध गर्छ र सधैं हामीलाई परमेश्वरको वचनको जीवन परिवर्तन गर्ने शक्तिमा फर्काउनेछ (हिब्रु ४:१२) । हामी हाम्रा ठाडो सम्बन्धका साथीहरूलाई हाम्रो नजिक आउन र हामी वास्तवमा को हौं भनेर हेर्न

अनुमति दिन्छौं । र यो मात्र कसैलाई प्रकट गर्न डरलाग्दो हुन सक्छ, तर तपाईंले चाँडै देख्नुहुनेछ कि ठाडो सम्बन्धका साथी भाग्ने छैन । हामी सबैलाई यस्तै साथी चाहिन्छ ।

हामी तेर्सो र ठाडो सम्बन्धको तुलना किन प्रयोग गर्छौं ? किनभने जब हामीले क्रुसलाई हेर्छौं, तब हामी ख्रीष्टलाई तेर्सो र ठाडो दुवै भूमिकामा देख्न सक्छौं । हाम्रो तेर्सो रूपमा, ख्रीष्ट हामीसँग कुरा गर्न सक्ने व्यक्ति हुनुहुन्छ जसले हामीसँग सम्बन्ध राख्न सक्छ (हिब्रु ४:१५); कोही हामीले चिनेको हाम्रो लागि सधैं हुनेछ (भजन १४५:१८-१९) । ख्रीष्ट हाम्रो मित्र हुनुहुन्छ । हाम्रो ठाडो मित्रको रूपमा, येशूले हामीलाई हाम्रो जीवनका क्षेत्रहरू देखाउन सक्नुहुन्छ जुन नयाँ सृष्टिसँग मिल्नुपर्छ जुन हामी उहाँमा छौं (२ कोरिन्थी ५:१७) । पवित्रता र धार्मिकताका कुनै विशेषताहरू होइन जुन हामी पतन भएको पापी हृदयसंग स्वाभाविक रूपमा आउँछन् । यदि हामी पवित्र र ईश्वरीय जीवन बिताउन चाहन्छौं भने, हामीले हाम्रो मन र हृदयलाई भर्ने अनुमति दिन्छौं र साथै हामी आफैलाई कोसँग घेर्छौं त्यो पनि (१ पत्रुस १:१३-१६) । त्यसकारण हामीले आफूलाई परमेश्वरको वचनमा जरा गडिएको हुनु आवश्यक छ ताकि हामी पाप र अपवित्र सम्झौताको सामना गर्न दृढ रहन सकौं (भजन ११९:९) । विश्वासीहरूको रूपमा, हामीले हाम्रा दैनिक निर्णयहरूले पवित्रताको क्षेत्रमा वृद्धि देखाउन मात्र होइन, तर हामीले हाम्रो जीवनमा समग्र ख्रीष्ट-जस्तै समानता झल्काउन चाहन्छौं (२ कोरिन्थी ३:१८) । यो उद्देश्य एक दिनको यात्रा मात्र होइन यो जीवनभरको चलिरहने यात्रा हो । र यात्रा एकल अभियान होइन, बरु तपाईंका लागि अन्य साथीहरूलाई निमन्त्रणा गर्ने अवसर हो । साथीहरू जसलाई परमेश्वरले तपाईंको साथमा आउन र तिनीहरूलाई सत्य बोल्न, अनुग्रह देखाउन, प्रोत्साहन दिन र तपाईंसँग यौन पवित्रता, आत्मिक पूर्णता, र ईश्वरीय परिपक्वतामा रमाउन अनुमति दिनुहुन्छ (१ थेसलोनिकी ५:११) ।

हामी मध्ये धेरैले तेर्सो सम्बन्धहरूको बारे आनन्द लिन सक्छौं, ठाडो सम्बन्धहरूमा हामीलाई बोलाइएको यस यात्रामा पुग्न र मद्दतको लागि सोध्ने बारेमा हो (हिब्रु १२:१-२) । यसबाहेक, हामी ठाडो सम्बन्धका साथी तिनीहरूको उपलब्धताको आधारमा छान्ने परीक्षा हुन सक्छ र तिनीहरूको कार्य-तालिका हाम्रोसँग मिल्दो छ कि छैन भन्ने हेर्नु पर्छ । याद गर्नुहोस् कि व्यवस्थित पंक्ति भन्दा ठाडो सम्बन्धका साथी छनोट गर्ने राम्रो तरिका हो । ठाडो सम्बन्धका साथी छनोट गर्दा जीवन साथी वा अन्य प्रभावशाली सम्बन्धको रूपमा समान हेरचाह र विचारका साथ प्रार्थना गरिनुपर्छ र ध्यान गर्नुपर्छ । जब तपाईं ठाडो साथी खोज्दै हुनुहुन्छ, वा कसैलाई तपाईंको चरित्र र आत्मिक अस्तित्वको विभिन्न क्षेत्रहरूमा उन्नतिको लागि मद्दत सोध्दै हुनुहुन्छ भने यो एक महत्त्वपूर्ण निर्णय हो र यसलाई त्यस्तै व्यवहार गर्नुपर्छ । आज, तपाईं आफ्नो जीवनमा ठाडो सम्बन्धका साथीको रूपमा कसलाई आमन्त्रित गर्न सक्नुहुन्छ ?

म सम्बन्धी गर्न सक्छु
साथी हुनु भनेको जसँग मेरो सबैभन्दा व्यक्तिगत संघर्षहरू बाड्न सकिन्छ भने कुरा मैले पहिले कहिल्यै सोचेको थिएन र यस्तो धारणा बाट मैले परिचित भएको थिएन । मलाई थाहा थियो कि मैले जिउने तरिकामा परिवर्तनहरू गर्नु आवश्यक छ, र परमेश्वरले मलाई वास्तविक मानिस पवित्रताको पछि लाग्छ र P2P सामग्रीमा लैजान धेरै दयालु हुनुहुन्थ्यो । तर ज्योतिमा हिंड्ने बाइबलीय चित्रले मलाई खासै अर्थ दिएन । यद्दपि, मैले पवित्रताको बाटो भने किताब पूरा गरिसकेपछि, मैले ठाडो मित्रता मात्र होइन, ज्योतिमा हिड्न पनि सिकेको महसुस गरें । र जति धेरै मैले गरें, त्यति नै मैले आफूलाई त्यो ज्योतिमा देख्न थालें । मैले बिस्तारै मेरो जीवनका अन्य धेरै क्षेत्रहरू देख्न थालें जुन मलाई ज्योतिमा ल्याउन र परमेश्वरको वचनको आज्ञाकारितामा ल्याउन आवश्यक थियो । म कुनै पनि हालतमा यो प्रक्रियाको साथ समाप्त गरेको छैन र मेरो प्रतिक्षाको दीर्घकालीन प्रकृतिलाई मान्यता दिन्छु । तर प्रत्येक चोटि जब म ठाडो संसारमा अनुभव लिन

खोज्छु, म साँचो मित्रता र सम्भवतः निरन्तर परिवर्तन बनाउने साँचो संगतीको अनुभव गर्न थाल्छु ।

प्रश्नहरू

१. पुरुषहरूलाई 'ज्योतिमा हिंड्न' किन गाह्रो लाग्छ ?
२. तपाईंको जीवनको कुन-कुन क्षेत्रहरूमा परमेश्वरले आफ्नो ज्योति चम्काउन चाहानुहुन्छ भन्ने तपाईंलाई लाग्छ ?
३. यस कार्यलाई पुष्टि गर्न तपाईं कुन वचनको पदहरू मनन गर्न सक्नुहुन्छ ?

सत्र ६ : यसलाई माया गर्नुहोस् वा छोड्नुहोस्

“परमेश्वरको अनुग्रहको बगैंचामा भाँचेको रूखले पनि फल फलाउन सक्छ ।” - रिक वारेन

अनुग्रह शब्द, यसको अर्थ के हो र यो कसरी बुझिन्छ, धेरै मानिसहरूको लागि यो विभाजन ल्याउने मुद्दा हुन सक्छ । गुगुलको खोजमा यो शब्द लेख्नुहोस् र तपाईंले यो शब्दको विभिन्न विचारहरु, शिक्षाहरु र प्रवचनहरूको लामो सूची पक्कै भेटाउनु हुन्छ भने त्यसको प्रत्याभूति (ग्यारेन्टी) छ । समान सम्प्रदायहरू बीच पनि यसको फरक विचार हुन सक्छ । त्यसोभए अनुग्रहले तपाईंको जीवनलाई कसरी प्रभाव पार्न सक्छ, विशेष गरी यो तपाईंको पवित्रता र आत्मिक पूर्णताको खोजसँग सम्बन्धित हुदाँ ? हामी विश्वास गर्छौं कि हामीले अनुग्रहलाई उत्सव मनाउने र प्रतिबिम्बित गर्ने कुराको रूपमा हेर्नुपर्दछ । उत्सव मनाउनेबाट सुरु गरौं ।

उत्सव मनाउने

प्रत्येक आइतवार बेन्चमा बस्नु भन्दा धेरै महत्त्वपूर्ण कारणहरूको लागि येशू क्रुसमा मर्नुभयो । उहाँ तपाईंलाई छुटकरा गर्न आउनुभयो । यसको बारेमा विचार गर्नुहोस्: परमेश्वरको मुक्तिको उपहारले तपाईंलाई छुटकारा दिन्छ र तपाईंलाई परमेश्वरको सन्तानको रूपमा अलग राख्छ । उहाँको अनुग्रहको सितैंको उपहारले तपाईंको जीवनलाई परिवर्तन गर्न सक्छ र तपाईंको चरित्रलाई उहाँको पुत्रको स्वरूपमा बद्ल्न सक्छ, के यो अचम्मको कुरा होइन र उत्सव मनाउने योग्य छैन र ? अवश्य ! यद्यपि, जब तपाईं आफ्नो जीवनलाई हेर्नुहुन्छ, वा जब मैले मेरो जीवनलाई हेर्छु, त्यहाँ धेरै कमजोरी र कमजोरीहरू हुन सक्छन् । र जब तिनीहरू वास्तविक हुन्छन्, र शायद हामी निराश पनि हुन्छौं, तर खुशीको कुरा यो हो कि तिनीहरू परमेश्वरको लागि मेल खाँदैनन् जो न हाम्रो कमजोरीहरू वा हाम्रा कमजोरीहरूद्वारा संकुचित वा भ्रमित हुनुहुन्न । तर हामीले अनुग्रहलाई उत्सव मनाउने कुरा मात्र होइन; यसले हाम्रो जीवनमा फल पनि फलाउनुपर्छ (मत्ती ३:८) । के तपाईंले कहिल्यै पाप गर्नुभयो र सकेसम्म छिटो पश्चात्ताप गर्नुभयो ? म पक्कै भन्न सक्छु कि हामी मध्ये धेरैले यस्तो गरेको छौं, र तपाईंसँग खुल्ला हुनको लागि, म प्रायः पश्चात्ताप गर्न छिटो हुन्छु किनभने म भर्खरै गरेको पापको बारेमा राम्रो महसुस गर्न चाहन्छु । के तपाईंले पनि त्यस्तै महसुस गर्नुभएको छ ? वास्तवमा, धेरै पटक हाम्रो पश्चात्तापको कार्य यो सबै भक्तिहिनताबाट टाढा जानु भन्दा चाँडै अघि बढ्नु हुन्छ ।

जे होस्, हामी हाम्रो आत्मिक हिँडाइमा जति धेरै परिपक्व हुदैं जान्छौं, त्यति नै हामीले परमेश्वरको अनुग्रहको गहिरो बुझाइको पवित्रतामा हिंड्न उत्प्रेरक कार्य र आत्माका फल हो भनी देख्न थाल्छौं (गलाती ५:२२-२४) । जब हामीले परमेश्वरको अनुग्रह र यसले हाम्रो जीवनमा ल्याउने स्वतन्त्रता, साथै यसको जिम्मेवारी बुझ्छौं, तब हामी असल भण्डारी हुनु पर्छ, र हामी सबै अधर्म र अपवित्रताबाट फर्कन चाहन्छौं । र जब हामी यसरी गर्छौं, त्यसको सट्टामा हामी खीष्टमा बनेको नयाँ मानिससँग मिल्दोजुल्दो फल (अर्थात् छनौट, कार्यहरू) फलाउले गर्नेछौं (२ कोरिन्थी ५:१७) । हामीले कहिल्यै नसोचेको भन्दा बढी परमेश्वरले उहाँको अनुग्रह हामीमाथि खर्च गर्नुहुन्छ, र उहाँले हामीलाई पवित्र आत्मा र उहाँको वचनद्वारा उहाँको शक्तिमा पवित्र जीवन बिताउन शक्ति दिनुहुन्छ । यो परमेश्वरको अनुग्रह हो । यद्यपि, हामीले पाउन अयोग्य अनुग्रहको उपहार उत्सव मनाउँदा पनि, हाम्रो साटोमा तिरेको ठूलो मूल्यलाई हामीले प्रतिबिम्ब गर्न पनि समय निकाल्नुपर्छ ।

प्रतिबिम्ब

तपाईंले अनुग्रहमा प्रतिबिम्बित गरेको अन्तिम पटक कहिले थियो ? के यो प्रतिबिम्बले तपाईंको लागि चुक्ता गरिएको ठूलो मूल्यको बारेमा सोच्नमा अगुवाई गर्‍यो ? हामी सबैलाई थाहा छ,

अनुग्रहको परिभाषा भनेको नपाउने कृपा हो । अनुग्रह भनेको परमेश्वरले हामीलाई दिनुभएको कुरा हो जसको योग्य हामी थिएनौं (भजन १०३:१०) । हाम्रा पापहरू दण्डको योग्य छन् (रोमी ६:२३) तर परमेश्वरले उहाँको प्रेममा (यूहन्ना ३:१६) क्रुसमा हाम्रो ठाउँ लिन येशूलाई पठाउनुभयो (रोमी ३:२१-२६) । यदि हामी मण्डलीमा हुर्क्यौं भने, हामीले यी सत्यहरूलाई हृदयदेखि जान्नु पदर्छ । तर हामी मध्ये धेरैको लागि, हामीले हरेक दिन धेरै पवित्रता र आत्मिक पूर्णताको पछि लाग्दा, अनुग्रह कस्तो हुन्छ भनेर बुझ्न गाह्रो हुन सक्छ । त्यसोभए, हामी बाइबलको एउटा कथाबाट के सिक्न सक्छौं भने हेरौं, विशेष गरी यहूदाले उहाँलाई धोका दिएको रात गेत्समनीको बगैंचामा येशूको कथा । जब येशू बगैंचामा हुनुहुन्थ्यो, उहाँ प्रार्थना गर्दै हुनुहुन्थ्यो र रगत पसिना बगाउनुभयो । व्याकुलताको कारण रगत पसिना बगेको बुझ्न सकिन्छ र आउनै लागेको समयको बारेमा उहाँलाई थाहा थियो । यदि तपाईं र म त्यो अवस्थामा थियौं भने, हामी प्रायः पछ्याउन वा भाग्ने बहाना खोज्ने थियौं होला । तर येशूले के भन्नुभयो ? "मेरो इच्छा होइन तर तपाईंको इच्छा पूरा होस् ।" के तपाईंले यो सिद्धान्त हेर्नुहुन्छ, तपाईंले अर्को पटक आफ्नो शरीरको इच्छामा हिंड्ने परीक्षामा लागू गर्न सक्नुहुन्छ ? यहाँ येशू हुनुहुन्थ्यो, जसले के आउँदैछ भन्ने थाहा पाएर आफ्नो इच्छालाई पिताको इच्छामा सुम्पनुभयो । त्यो अधीनताले येशूलाई धेरै कष्ठ, पीडा र अन्ततः मृत्युको मोल चुकाउनु थियो । धन्यबाद, तपाईंले त्यही कष्ठ वा पीडा सहनु पर्दैन । जब हामी शरीरको इच्छालाई होइन र पिताको इच्छालाई हो भन्छौं भने, हामीले निराशा, असजिलोपन, वा असुविधा महसुस गर्न सक्छौं, तर त्यहि सब नै हो । तपाईंको कम्प्युटरमा, वा पार्कमा, वा अफिसमा, इत्यादि पापपूर्ण परीक्षाबाट टाढा हिंड्दा, सायद तपाईंको जीवन मोल हुनेछैन । यद्यपि यो गर्न सजिलो नहुन सक्छ, वा यो गर्ने "मन" नहुन पनि सक्छ, तर तपाईंले पवित्र आत्माको शक्ति र परमेश्वरको अनुग्रहले यो गर्न मात्र सम्भव छ (फिलिप्पी ४:१३) । याद गर्नुहोस्, "पिता, मेरो इच्छा होइन तर तपाईंको इच्छा पूरा होस् ।"

अनुग्रह उच्च मूल्यमा आयो र त्यो मूल्य क्रुसमा खीष्टको मृत्यु थियो । मृत्यु जुन धेरै डरलाग्दो र हिंस्रक थियो र तैपनि खीष्टले यसलाई तपाईंको लागि सहनुभयो । तपाईंको शरीरको पापपूर्ण इच्छाहरूको बावजुद पनि परमेश्वरको वचनको आज्ञापालनमा हिंड्ने तपाईंको छनौट सबैभन्दा बहुमूल्य उपहारको लागि तपाईंको कृतज्ञता व्यक्त गर्ने तरिका हो (२ यूहन्ना १:६) । परमेश्वरको अनुग्रह यस्तो मूल्यमा आयो जो तपाईंले तिर्न वा सहन सक्नुहुन्न । परमेश्वरको अनुग्रह, म पाउने योग्य छैन तर जुन मेरो लागि उपलब्ध गराइयो, यो एउटा सुन्दर उपहार हो । अनुग्रहको मूल्य त्यस्तो चीज हो जसको लागि हामीले धन्यवादी हुनुपर्छ, प्रायः उत्सव मनाउनुपर्छ, र गम्भीरतापूर्वक प्रतिबिम्ब गर्नुपर्छ । आज, तपाईंको जीवनले यो सबैभन्दा बहुमूल्य उपहार कसरी उत्सव मनाउने र प्रतिबिम्बित गर्न सक्छ ?

म सम्बन्धी गर्न सक्छु

तीन छोराछोरीको बुबाको भएको नाताले, मलाई परमेश्वरको अनुग्रह र उहाँको हामीसँगको दृष्टिकोणलाई अझ राम्ररी बुझ्नको लागि मेरा बच्चाहरूसँगको मेरो सम्बन्धलाई हेर्दा अझ उपयोगी लाग्छ । वर्षौं देखि मैले मेरा बच्चाहरूलाई आवश्यक पर्ने सबै कुराहरू सिकाउनु परेको छ । कृप्या र धन्यवाद भन्नु, मुख नलगाउनु, हात धुनु, बत्ती निभाउनु, खेलौना टाढा राख्नु, इत्यादि तपाईं बुझ्नु हुन्छ । यद्दपी, तिनीहरू परिपक्व भएकाले मेरो इच्छाबाट तिनीहरूको इच्छामा परिवर्तन देख्ने भएको छ । अब म हरेक सानो काम वा कार्यको सट्टा तिनीहरूको जीवनमा ईश्वरीय सिद्धान्तहरू कसरी प्रदर्शित हुन्छन् भन्नेमा बढी ध्यान केन्द्रित गर्छु । र किनभने म तिनीहरूलाई माया गर्छु, म स्वाभाविक रूपमा तिनीहरू र तिनीहरूका कार्यहरूमा अनुग्रह देखाउछु । म तिनीहरूलाई र तिनीहरूको हृदय जान्दछु । त्यसै गरी, स्वर्गमा हुनुहुने हाम्रा पिताले हाम्रो हृदय जान्नुहुन्छ र हामीसँग धैर्य राख्नुहुन्छ । यो नोट गर्न चाखलाग्दो छ कि जब हामी हाम्रो विश्वासमा परिपक्व

हुन्छौं, तर विडमम्बना, हामीलाई बालकहरूझैं हुन बोलाइएका छौं - कमजोर र असहाय बालकहरू जसले सरल विश्वासका साथ परमेश्वरको अनुग्रहको उपहार स्वीकार गर्छन् । यद्यपि, यदि परमेश्वरको अनुग्रह साँच्चै उपहार हो भने, हामीले हाम्रा कमजोरीहरूलाई क्षमा गर्नको लागि प्रयोग गर्नु पर्ने कुरा होइन । बरु हामीले हाम्रो इच्छालाई समर्पण गर्न र हाम्रो जीवनको लागि उहाँको इच्छाको विजयमा हिंड्न मद्दत गर्न उहाँको अनुग्रहमा खडा हुनुपर्छ ।

प्रश्नहरू

१. किन सोच्नुहुन्छ कि येशूले हामीलाई फर्केर र बालकहरू जस्तै बन्न किन बोलाउनुहुन्छ ?
२. के तपाईंको जीवनको लागि तपाईंको इच्छाको कुनै भागहरुमा तपाईंले परमेश्वरको इच्छाको विपरीत छ जस्तो लाग्छ ?
३. तपाईंले कसरी अनुग्रहको बारेमा सोच्न सक्नुहुन्छ ताकि यसले तपाईंलाई फर्केर बालक जस्तै बन्न उत्प्रेरित गर्छ ?

सत्र ७ : बक्समा ज्याक/उपकरण

“परीक्षा भनेको ताल्चाको प्वालद्वारा हेरिरहेको शैतान हो । त्यसको चाहाना गर्नु भनेको ढोका खोलेर र उसलाई भित्र निम्त्याउनु हो ।” - बिली सनडे

धेरै पुरुषहरूका लागि लगातार परीक्षाको सामना गर्दा, हामी सोच्दछौं कि यदि परीक्षाको विचारहरू नै नभएको हुन्थ्यो भने जीवन धेरै सजिलो हुन्थ्यो । जबकि यो राम्रो विचार हो, वास्तविक संसारमा हामी सबैले परीक्षाको अनुभव गर्छौं (याकूब १:१३-१५) । येशू पनि परीक्षामा पर्नुभयो (मत्ती ४:१, हिब्रु ४:१५) । त्यसोभए हामी कसरी यी अपवित्र विचारहरूलाई इन्कार गर्दै जीवन बिताउन सक्छौं, एक वा दुई पटक मात्र होइन, तर निरन्तर रूपमा, यदि हामी यस्तो संसारमा बस्छौं जहाँ परीक्षात्मक विचारहरू हाम्रो मनमा सँधै आउँछन् । हामीले अध्याय १ मा हामी सिकेका छौं: पवित्रताको पछि लाग्नु (पृष्ठ १०), हामीले दुई प्रकारको परीक्षाको सामना गर्छौं । चाहे हामीले परीक्षाको सामना गर्नु परेको होस् वा हामीले परीक्षालाई निम्तो दिएको होस्, हामी सधैं हाम्रा कार्यहरूलाई केही बेर रोकेर, सत्यमा चिन्तन गरेर, र पापपूर्ण अवसरबाट टाढा जाने चुनाव गर्नु पर्छ । विचार र कार्यहरू बीचको भिन्नता बनाउनु महत्त्वपूर्ण छ किनभने हामी सधैं हाम्रो कार्यहरूको लागि जिम्मेवार हुन्छौं ।

सायद तपाईं त्यस्तो प्रकारको मानिस हुनुहुन्छ जसले वास्तविक कार्य पूरा नगरी मात्र विचारसँग संघर्ष गर्दै हुनुहुन्छ । जसले हामीलाई प्रश्नमा ल्याउँछ ... के परीक्षात्मक विचारहरू पाप हुन् ? उत्तर तपाईंले ती विचारहरूसँग के गर्नुहुन्छ भन्नेमा छ । के तपाईं तिनीहरूलाई राखि राख्नु हुन्छ, तिनीहरूको बारेमा सोच्नुहुन्छ, सायद तपाईंको मनमा खेलिरहेका चित्रहरू वा आउने विचारहरूको बारेमा पनि पाप गर्न थाल्नुहुन्छ ? यदि त्यसो हो भने, यो स्पष्ट देखिन्छ कि ती विचारहरू धर्मशास्त्र अनुसार पापपूर्ण, अपवित्र र अपमानजनक छन् (मत्ती ६:२८, मर्कूस ७:२०-२३) । वा सायद तपाईं सोच्नुहुन्छ, कि “तर म के सोच्छु भनेर कसैलाई थाहा छैन त्यसैले कुनै हानि छैन, कुनै गलत कुरा छैन ।” कुरा के हो भने, परमेश्वरले तपाईंका विचारहरू जान्नुहुन्छ (भजन ९४:११, भजन १३९:२) । तपाईंको वरपर उत्तरदायी हुन कोही नभएकोले हामी परमेश्वरप्रति उत्तरदायी छैनौं भन्ने होइन । यस प्रकारका विचार र आउने विचारहरूमा रमाईलो गर्नुको सट्टा, हामीले तिनीहरूलाई पूर्ण रूपमा इन्कार गर्नुपर्छ । सिद्धान्त राम्रो लाग्छ, होइन त ? त्यसोभए किन यो गर्नु भन्दा बरु भन्नु सजिलो देखिन्छ ?

सायद हामी केवल परीक्षामा पार्ने विचारहरूलाई दबाउन मात्र खोजिरहेका छौं र तिनीहरूलाई तुरुन्तै समाधान गर्दैनौं । जब तपाईंको मनमा परीक्षामा पार्ने विचार आउँछ, तब यसलाई खेलौनाको ‘बक्समा ज्याक’ राखे जस्तै टाढा धकेल्दा यसले काम गर्दैन । यदि तपाईंसँग बाल्यकालमा ‘बाक्समा ज्याक’ थियो भने सायद त्यसलाई तपाईंको मन जबसम्म शान्त हुँदैन थियो तबसम्म बिस्तारै घुमाएर रमाइलो गर्नुहुन्थ्यो, आश्चर्यको एकै छिन पछि, जोकर जस्तै एकै समयमा डराउने र एकै समयमा तपाईंको अनुहारमा मुस्कान ल्याउनेछ । परीक्षा पनि धेरै मात्रामा यस्तै नै हुन्छ । परीक्षा कहिले आउन सक्छ भने कुरा हामीलाई थाहा नभई हाम्रो दिन बित्छ । हामी स्थानीय बेकरीमा काम गर्न जाने बाटोमा बिहानको खाजा लिदै गर्दा वा घर जाने बाटोमा ट्राफिक जाम भएको समयमा यो आउन सक्छ । परीक्षाले तपाईंलाई यसलाई सामना गर्न दैनिक योजना तालिका बनाएर पठाउँदैन । तसर्थ, ती परीक्षामा पर्ने विचारहरू आउँदा के गर्ने भनेर हामीले जान्नुपर्छ । टाउको हल्लाएर र परीक्षामा पार्ने विचारलाई दबाउन खोज्नु विजयको दिगो योजना होइन । जोकरलाई बक्समा फिर्ता राख्दा यसले कुनै अनुकुल समयमा यसलाई फेरि माथि उठ्नबाट रोक्न सकिदैंन । जब हामीले हाम्रो खेलौनामा हात राख्छौं, हामीलाई त्यो जोकर कहिले उठ्छ थाहा हुँदैन । परीक्षा यस्तै हुन्छ । यदि तपाईंले परीक्षामा पर्ने विचारलाई दबाउनुहुन्छ भने, लुकेका विचारहरू र इच्छाहरू उपयुक्त समय

पाउँदा फेरी पुनरुत्थान हुन्छ । हाम्रो पवित्रताको खोजीमा, हामी पापको परीक्षालाई 'बाक्समा ज्याक' खेलौना जस्तै व्यवहार गर्न सक्दैनौं । हामीले ती विचारहरूलाई बन्दी बनाएर पवित्र र धार्मिक विचारहरूद्वारा प्रतिस्थापन गर्नुपर्छ । यदि हामी परीक्षामा पार्ने विचारहरू माथि लगातार विजय हेर्न चाहन्छौं भने, हामीले ती विचारहरूलाई हाम्रो प्रतिक्रियालाई दुई-चरण प्रक्रियाको रूपमा हेर्न आवश्यक छ :

१. हामीले ती विचारहरूलाई असभ्य रूपमा चल्न दिनु हुँदैन तर तिनीहरूलाई बन्दी बनाउनु पर्छ (२ कोरिन्थी १०:५)
२. हामीले ती विचारहरूलाई परमेश्वरको वचनबाट सत्यले हटाउनु पर्छ (फिलिप्पी ४:८) ।

यसबाहेक, हामीले एफिसी ६:१०-१८ लाई हेर्दा हाम्रो जीवन र विचारहरूमा पवित्रातको ठूलो खाका देख्छौं । धर्मशास्त्रको यस भागले हामीलाई सामना गर्न निश्चित रूपमा आत्मिक युद्धको लागि कसरी तयारी गर्ने भन्ने बारे ८ आदेशहरू दिन्छ :

१. प्रभुमा बलियो हुनुहोस् (पद १०)
२. परमेश्वरको सम्पूर्ण हातहतियार धारण गर्नुहोस् (पद ११)
३. तपाईंको सामु परमेश्वरको सबै हतियार लिनुहोस् (पद १३)
४. दृढ रहनुहोस् (पद १४)
५. विश्वासको ढाल लिनुहोस् (पद १६)
६. मुक्तिको टोप लगाउनुहोस् (पद १७)
७. र आत्मामा प्रार्थना गर्नुहोस् (पद १८)
८. होसयार रहनुहोस् (पद १८)

यी सबै तपाईंको दिमागमा चलिरहेको युद्धको लागि सक्रिय स्थितिहरू हुन् । तपाईं एउटा सुरक्षात्मक अडानमा हुनको लागि होइन तर आक्रमक मन बनाउन भनिएको हो । तर सावधान रहनुहोस्, यदि तपाईं परीक्षामा पार्ने विचारहरू विरुद्ध लड्नु हुन्छ, जस्तो कि हामी सबैलाई आज्ञा गरिएको छ, यसको मतलब यो होइन कि शत्रुले आफ्ना हातहरू फ्याकेर हात उठाएर समपर्ण गर्दै टाढा जान्छ । वास्तवमा, उसले तपाईं कहाँ अझ कडा भएर आउन सक्छ । यो लडाईंमा दृढ भएर उभिन र पवित्र आत्माको शक्तिद्वारा खीष्टमा जित्ने लडाई हो भन्ने बुझ्नु पर्छ र साहासी भएर तपाईं तयार हुनुपर्छ । र याद गर्नुहोस्, यदि तपाईं परीक्षामा पर्ने विचारहरू अस्वीकार गर्न र पवित्रतामा हिंड्न छनौट गर्नुहुन्छ भने यसको मतलब यो होइन कि तपाईंको शरीर वा तपाईंको भावनाहरु सहभागी हुन इच्छुक हुनेछन् । आत्मामा हिड्नुहोस् (गलाती ५:१६-१८) ।

सम्पूर्ण धर्मशास्त्रमा, अविवाहित वा विवाहित, परमेश्वरका मानिसहरूको रूपमा हाम्रो आवश्यकता दृढ रहनु हो (१ कोरिन्थी १६:१३, २ थेसलोनिकी २:१५, १ पत्रुस ५:८-९), प्रार्थना गर्न (एफिसी ६:१८, कलस्सी १:११, कलस्सी ४:२, रोमी ८:२६), र परमेश्वरको वचन अनुसार जिउन (१ पत्रुस १:१३-१६, तीतस २:१२-१३, २ तिमोथी ३:१६-१७, भजन ११९:९) तपाईंले आत्मिक हातहतियार र निरन्तर आत्मिक तयारी र ताजा रहने आवश्यकतालाई जबसम्म बुझ्नुहुन्न, तपाईंले आफूलाई पवित्रताको ढिकिच्याउँ खेलमा पाउनुहुनेछ । पवित्रता, पूर्णता र आत्मिक परिपक्वताको पछि लाग्ने परमेश्वरका मानिसहरूको रूपमा, हामी खेल मैदानमा झुन्ड्याउन र ढिकिच्याउँ खेल खेल्न छोडौं, र आत्माको तरवार उठाउन सक्ने मानिसहरूसँग लडौं र हाम्रो लागि परमेश्वरको अद्भुत योग्यमा जीवन बिताउन सक्छौं (१ तिमोथी ६:११-१२) । तपाईंको हृदय र दिमागको लागि यो आत्मिक युद्ध तपाईंको आफ्नै इच्छा, तपाईंको आफ्नै प्रतिबद्धता वा तपाईंको आफ्नै शक्तिले मात्र जितिने छैन । तपाईंलाई

परमेश्वर चाहिन्छ र तपाईंलाई उहाँले दिनुभएको साधन चाहिन्छ । आज, तपाईंले सामना गर्नुपर्ने परीक्षाका क्षणहरूबाट तपाईंलाई निकाल्ने र तपाईं परमेश्वरमा कसरी भरोसा गर्न सक्नुहुन्छ ?

म सम्बन्धीत हुन सक्छु

मैले यो पाठ कठिन तरिकाले सिके । म पवित्रताको बाटो नामको पुस्तकको आधा अध्ययनमा थिएँ जब एक दिन बिकिनी क्यालेन्डरको मोडेल समुद्र तटमा देखा पऱ्यो । मेरो आँखाले देखेका कुराहरू मेटाउन सकिनँ, तर मेरो दिमागलाई मानस पटलमा बास गर्न नदिने मलाई थाहा थियो र आफूलाई अरू केहि नै सोच्न बाध्य बनाए । म आफैमा धेरै खुसी थिए । धेरै हप्ता पछि जब म तनावपूर्ण र दुखी थिएँ कि चित्र मेरो दिमागमा आयो र परीक्षाले मलाई लगभग डुबायो, एसी/डीसी गीत जस्तै, 'हाईवे टू हेल' । तब मलाई दाउद (भजन १३९ मा) ले धार्मिकताको बाटोको बारेमा कसरी गाएर सम्झायो । उहाँले परमेश्वरलाई उनमा भएका कुनै पनि दुष्ट विचारहरू प्रकट गर्न र उहाँलाई अनन्त बाटोमा डोऱ्याउन आग्रह गर्नुभयो । उहाँले त्यसो गर्नुभयो किनभने उहाँलाई थाहा थियो कि पाप हाम्रा विचारहरूमा टाँसिएको छ र हामीलाई बाटोबाट ढकढक्याउन सक्छ । तर परमेश्वरको वचन जीवित र क्रियशील छ जुन सबै कुरा सृजना गर्नको लागि, सधैं थियो र सधैं हुनेछ र यसको शक्तिले कुनै पनि कुरालाई हराउन सक्छ । तपाईंको मनमा रहेको परीक्षालाई बदल्नको लागि नयाँ स्वरुप र नयाँ याद सिर्जना गर्न प्रयोग गर्नुहोस्, जहिले र जहाँबाट आउँछ ।

प्रश्नहरू

१. मानसिक परीक्षा कुन तीन ठाउँबाट आउन सक्छ ?
२. तपाईंले तिनीहरू बीचको भिन्नता कसरी बताउन सक्नुहुन्छ ?
३. तपाईंले यो हप्ता पापपूर्ण विचारहरूको सट्टामा प्रयोग गर्ने योजना बनाउनु भएको एक वा दुई वचनहरु बाढ्नुहोस् ।

सत्र ८ : पाप, पश्चात्ताप गर्नु, नदोहोऱ्याउनु

“पश्चात्ताप सम्पूर्ण जीवनको विशेषता हो, एक क्षणको कार्य होइन ।” - सिन्क्लेयर फर्गुसन

के तपाईं कहिल्यै पापमा पर्नु भएको छ, अब त्यसो नगर्ने प्रतिज्ञा गर्नुभयो र केहि दिनहरु पछि मात्रै तपाईं त्यही पापी ढाँचामा आफूलाई पाउनुभयो ? यसमा रहनु एउटा निराशाजनक र दोषपूर्ण चक्र हो । जब हामीहरु मध्ये धेरैले पाप गर्छौं, अब हामी फेरि कहिल्यै गर्नेछैनौं भनी हामीले गहिरो प्रेरणा वा परिवर्तन गर्नको लागि उत्तप्रेरित पनि महसुस गर्न सक्छौं । तर एकचोटी फेरी लाज हटेर जान्छ जसरी हाम्रो दिनचर्या सामान्यमा फर्कन्छ र हाम्रो जीवनसाथीले हामीलाई माफी दिन्छ इत्यादि, हामी के गर्ने त ? हाम्रो आफ्नै जीवनमा, हामीले प्रायः पश्चात्तापलाई चाँडै राम्रो महसुस गर्न आवश्यक पर्ने कुराको रूपमा व्यवहार गर्ने गर्छौं । स्पष्टरुपमा, हामीले हाम्रो पापको प्रतिफल भोग्न चाहदैनौं, त्यसैले हामी परमेश्वर कहाँ पाप स्वीकार गर्ने वा हाम्रो लेखालिने साथीहरू मध्ये एउटालाई भन्ने प्रक्रियामा हतार गर्छौं, ताकि हामी सकेसम्म चाँडो सामान्य दिनचर्यामा फर्कन सकौं । हामी पाप-पश्चाताप-दोहोरिने चक्रमा थुनिन्छौं ।

के हामी पाप गर्ने, पश्चात्ताप गर्ने र फेरि नदोहोऱ्याउने खालको मानिस बनेर हाम्रो व्यवहार परिवर्तन हुन सम्भव छ ? मलाई त्यस्तै लाग्छ ! तर पहिले, पश्चात्ताप गर्नुको अर्थ के हो ? Christianity.com अनुसार पश्चात्ताप निम्न रूपमा परिभाषित गरिएको छ :

“जब तपाईं नयाँ करारमा आउनुहुन्छ त्यहाँ एउटा शब्द तपाईंले जान्न आवश्यक छ - ग्रीक शब्द मेटानोइया, जसको शाब्दिक अर्थ ‘मन परिवर्तन गर्न’ हो । पश्चात्तापको मौलिक अर्थ भनेको कुनै कुराको बारेमा तपाईंको मन परिवर्तन गर्नु हो । यो तपाईं केहिको बारे सोच्ने तरिका संग सम्बन्धित छ । तपाईं एकतर्फी सोच्दै हुनुहुन्थ्यो, तर अब तपाईं उल्टो सोच्नुहुन्छ । त्यो पश्चात्ताप हो - मन परिवर्तन ।”

जस्तो कि हामी देख्छौं, पश्चात्ताप भनेको मनको परिवर्तन गर्नु हो, तर के यसलाई अरू केहि कुरा चाहिन्छ ? यसलाई केहि कुरा चाहिन्छ । मत्ती ३:८ मा हामीलाई हाम्रो पश्चात्तापलाई ध्यानमा राखेर फल फलाउन आज्ञा दिइएको छ । पश्चात्ताप गर्नु भनेको कियाकलापहरु गर्नको लागि एउटा श्रृंखलाको बोलावट हो र खाली शब्दहरुको तार मात्र होइन । हामी कसरी यस्तो जीवनशैली प्राप्त गर्न सक्छौं जहाँ हामी निरन्तर पूर्णता, शुद्धता, पवित्रता र ख्रीष्ट स्वरुपमा अगाडि बढिरहेका छौं ? पहिलो, हामीले बुझ्नुपर्छ कि धेरै मानिसहरूका लागि, पापपूर्ण छनौटहरू प्रायः पीडा, चोट, लाज, एक्लोपन, अस्वीकारको सामना गर्ने तरिका हो, र यसको लामो सूची जारी रहन्छ । दुर्भाग्यवश, त्यहाँ एउटा द्वार छ जसमा धेरै मानिसहरू दौडिन्छन् र चाँडै आफूलाई लतमा पाउन सक्छन् : पोर्नोग्राफी र यौन पाप । कोही-कोही मानिसहरू “थाकेका र ज्यादै थाकेका” हुन्छन् र त्यतिकै पापमा फसे भन्छन्, तर यो सत्य होइन । तथ्य यो हो, यदि हामी थाकेका थियौं भने, हामी सुत्न जाने थियौं । हामी पाप गर्न थाकेका थिएनौं, तर हामीले आफ्नो थकानलाई पापको बहानाको रूपमा प्रयोग गर्यौं वा सायद थकित हुनुको सट्टा, हामी “अल्छी” थियौं र त्यसैले हामी पापमा फस्यौं । फेरि, सत्य होइन । हामी मध्ये धेरैजसो अल्छी हुँदैनौं, जब हामी दिनभरि बस्छौं, टिभी हेर्छौं, र धेरै अस्वस्थ खाजाहरू खान्छौं । यस्ता अपरिपक्व बहानाहरू छनौट गर्छौं जुन अल्छी भएकोले आउँछन् । हामी हाम्रो जीवनको एउटा क्षेत्रमा अल्छी रहन्छौं जहाँ हाम्रो प्रेरणाको कमी, ध्यान केन्द्रीतताको कमी र आत्म-संयमको कमीले खराब निर्णयहरू गर्न योगदान पुऱ्याउँछ । ती निर्णयहरू जुन परमेश्वरको स्पष्ट वचनको अपमान गर्ने र हाम्रो नजिकका मानिसहरूलाई गहिरो चोट पुर्याउँछ । जबसम्म हामीले यस्ता प्रकारका बहानाहरूमा पाप गर्न थाल्छौं, हामीले हाम्रो हृदय र जीवनमा परमेश्वरले काम गरेको देख्ने अवसरहरू गुमाउनेछौं (फिलिप्पी २:१३) ।

तपाईंको समस्या यौन प्रकृतिको हो वा होइन, तर पापपूर्ण आनन्दको अस्थायी द्वारहरू झूटा आरामहरू हुन् । तिनीहरूले हामीलाई शान्ति, सुरक्षा र आपूर्ति लुट्छन् जुन केवल ख्रीष्टसँग अझ बढी घनिष्ठतामा पाउन सकिन्छ । तिनीहरूले हामीलाई उत्तरदायित्व र चेलापनको आत्मिक समुदायमा रहने मौका गुमाउँछन् । हामीले सामना गर्ने संयन्त्रहरू चिन्न सिक्नुपर्छ जुन हामीले यति लामो समयसम्म दौडिरहेका छौं र यसको सट्टा प्रारम्भिक चेतावनी विधिहरू विकास गर्नुपर्छ जसले हामीलाई त्यस्ता खाली र विनाशकारी व्यवहारहरूबाट भाग्न मद्दत गर्न सक्छ । हामी पापमा पर्दैनौं, न त हामी पाप गर्न बाध्य हुन्छौं । हामीले पाप गर्न रोज्यौं र किनकी हामीले यसलाई रोजेको थियौं, हामी अब एउटा कटु सत्यको सामना गरिरहेका छौं । के हामी अझै पनि परमेश्वरले त्याग्न र टाढा रहन भन्नु भएको कुराहरू लाई प्रेम गर्छौं (१ कोरिन्थी ६:१८) ? यो सोच्न सजिलो हुन सक्छ कि हामी सबै पाप गर्छौं किनकी हामी यस पापी संसारमा बस्छौं । यद्यपि यो सत्य हो, आऔं, हामी यसलाई भित्री रूपमा हेर्नबाट जोगिन र मूल समस्याहरू के र कहाँ पत्ता लगाउने बहानाको रूपमा प्रयोग नगरौं जसले हामीलाई पहिलो स्थानमा पाप गर्न धकेल्यो । हामी सबैले सोच्नु पर्ने आवश्यक प्रश्न यो हो, "मेरो हृदय कहाँ छ (हितोपदेश २७:१९) ?" हामीले बुझ्नुपर्छ कि परमेश्वरले हाम्रो हृदयमा काम गर्न चाहनुहुन्छ ।

बाइबलमा एउटा उदाहरण छ जसले हामीलाई देखाउँछ कि परमेश्वरले हाम्रो हृदयमा कसरी काम गर्न चाहनुहुन्छ । पुरानो करारमा, हामीलाई भनिएको छ कि कनान देशलाई इस्राएलका सन्तानहरूका लागि परमेश्वरको प्रतिज्ञा गरिएको उत्तराधिकारको रूपमा अलग गरिएको थियो । कनान दूध र मह बग्ने देश थियो । दुर्भाग्यवश, यो प्रतिज्ञाको हुदाँ हुँदै पनि, इस्राएलका सन्तानहरू अझै पनि मिश्रमा आफ्नो विगतको जीवनको लागि चाहना गर्थे । के तपाईंले यहाँ स्पष्ट र निरन्तर यौन आक्रमणको संसारमा अझ बढी पवित्रताको खोजमा समानान्तर देख्नुहुन्छ ? तपाईं अब मिश्रमा बस्नुहुन्न (अर्थात् पोर्नोग्राफी, यौन पाप) तर तपाईं अझै पनि "दासत्वको देश" को लालसा गर्न सक्नुहुन्छ । पवित्रताको पछि लाग्ने परमेश्वरका मानिसहरूको रूपमा, हामी कनान भूमिको चाहना गरौं: परमेश्वरको वचन, आत्मिक समुदाय, निरन्तर प्रार्थना, धर्मशास्त्रको अध्ययन, आराधना र उपवासद्वारा मसिही जीवनशैलीको विकासको निरन्तर लागि रहौं । र हामी जुन नयाँ भूमिमा छौं त्यसमा लगानी गर्दा हामीले जहिले पनि हामीबाट आएको भूमिको अन्तिम अवशेषहरू फ्याक्ने प्रतिबद्धता गर्नुपर्छ (हिब्रु १२:१) । आत्मिक बृद्धिको लागि समयको लगानीले सधैं फाइदा गर्नेछ किनभने यसले तपाईंलाई पापको प्रतिरोध गर्ने वा विजय जीवन जिउन शक्तिशालि बनाउँछ । तपाईंले गर्नैपर्छ भनेर होइन, तर तपाईं चाहनु हुन्छ । तपाईंले आफ्नो व्यवहारलाई बदल्नु भएकोले होइन, तर परमेश्वरले तपाईंको हृदयलाई परिवर्तन गर्नुभएको हो । तपाईंले अर्को पापलाई प्रेम गरेकोले होइन, तर तपाईंले येशूलाई प्रेम गर्नुहुन्छ । आज, तपाईं कसरी आफ्नो पश्चात्तापलाई लिन सक्नुहुन्छ र लामो जीवनको परिवर्तनको लागि प्रेरणामा बदल्न सक्नुहुन्छ ?

म सम्बन्धीत हुन सक्छु ।
म अझै पनि 'दासत्वको देश' मा बाँचिरहेको छु भनी परमेश्वरले मलाई देखाउन सुरु गर्नु अघि म मेरो मसिही जीवनमा ५ वर्षको थिएँ । हो, मसँग नयाँ इच्छाहरू र नयाँ बानीहरू थियो, तर मसँग अझै धेरै पुरानाहरू इच्छाहरू र बानीहरू पनि थियो । मेरो दिमागमा मुख्यमार्गहरू अझै पनि खुला थियो र मेरो अनुहारमा आफ्नो मार्ग लिन म सक्षम थिए । परमेश्वरको वचनमा समय बिताउनु कुनै पनि मसिहीको हिँडाइको अत्यावश्यक भाग हो किनकि यो हाम्रो मनको नवीकरणले मात्र हो कि हामी परिवर्तन हुने प्रक्रियामा समर्पण गर्न सक्छौं । मेरो मनले उहाँको वचनको सत्यतालाई पक्रन थालेपछि, मेरो ढुङ्गाको हृदय रोमीको पुस्तकमा भएको उहाँको आवाजमा नरम हुन थाल्यो र भिजेको माटो जस्तै ढाल्न योग्य भयो । मैले आफ्नो हृदयमा विश्वासलाई अँगालो हाल्न थालें र यो लडाईमा उहाँ र मेरो लेखालिने साथीलाई ल्याउन थाले । मैले पहिले लुकाएको लाजलाई स्वतन्त्रता र

आनन्दले बदलेको थियो जुन मैले बाँड्नु पर्ने थियो । पश्चात्ताप मेरो नयाँ मानसिकता र अनन्तको बाटोमा हो ।

प्रश्नहरू

१. तपाईंले भर्खरै कस्ता क्षेत्रहरूमा विश्वास अनुभव गर्नुभएको छ ?
२. मनले स्वीकार नगर्ने कुरालाई व्यवहारमा उतार्न असम्भव छ । के तपाईं सहमत/असहमत हुनुहुन्छ र किन ?
३. तपाईंले दोषी महसुस गर्ने यी क्षेत्रहरूको बारेमा सोच्ने तरिका परिवर्तन गर्न तपाईंले के व्यावहारिक कदमहरू चाल्न सक्नुहुन्छ ?

सत्र ९ : तपाईं युद्धमा हुनुहुन्छ !

पहिलो ८ सत्रहरूमा, हामीले हाम्रो पवित्रताको दैनिक खोजमा प्रयोग गर्न सक्ने व्यावहारिक साधनहरूको बारेमा सिक्यौं । अर्को ८ सत्रहरूमा, हामीले निरन्तर स्वतन्त्रता र विजयको जीवन शैलीमा जान खोज्दा आवश्यक पर्ने आत्मिक दृष्टिकोण र साधनहरूको बारेमा सिक्नेछौं । त्यो स्वतन्त्रता र विजयमा हिंड्नको लागि, हामीले पहिले स्वीकार गर्नुपर्छ कि हामी एउटा आत्मिक लडाइमा छौं र हामीले यसलाई स्वीकार गरे वा नगरे पनि त्यो यहाँ सधैँ हुन्छ (एफिसी ६:१२) । यद्यपि बाइबलले कुरा गरेको युद्ध हामी फिल्ममा देखाए जस्तै आत्मिक युद्ध सधैं देख्न सक्दैनौं, तर यो हुन्छ । त्यसकारण, यो हाम्रो विश्वास र दैनिक हिंड्ाईको सबैभन्दा चुनौतीपूर्ण पक्षहरू मध्ये एउटा हो । हामी कसरी थाहा पाउने कि हामी शत्रुको आक्रमणमा परेका छौं वा जब हाम्रो खराब दिन बितिरहेका हुन्छ वा आफ्नै कामको स्वभाविक प्रतिफलको सामना गर्दैछौं ? सत्य यो हो कि यी सबै कुराहरू हुन्छन् । हामी विश्वास गर्दैनौं कि शैतान र त्यसका दुष्ट-आत्माहरू प्रत्येक झाडीको पछाडि लुकेका छन् जुन हरेक प्रमुख वा सांसारिक तरिकामा हामीलाई प्रहार गर्न पर्खिरहेका छन्, हामीलाई थाहा छ कि बाइबलले भन्छ कि शैतानले कसलाई निलु भनी खोजी रहेछ (१ पत्रुस ५: ८) । यस्तो बर्बर कल्पना बेवास्ता गर्न गाह्रो हुन्छ । त्यसकारण, हामीले यो आत्मिक युद्ध कसरी लड्ने भनेर सिक्नुपर्छ र सम्झनुपर्छ कि हामी भोकाएको जनावरको लागि असहाय शिकार मात्र होइनौं । तर ख्रीष्टमा, हामी शक्तिशाली विरोधीहरू हौं । (२ थेसलोनिकी ३:३) ।

१ पत्रुस ५:८ लाई फेरि समीक्षा गरौं, जसले हामीलाई बताउँछ कि "शत्रु गर्जने सिंह जस्तै हो, जसले कसलाई निल्न सक्छ भनी खोजी हिंड्छ ।" अब, हामी यो पद भित्रको एउटा शब्दमा ध्यान केन्द्रित गर्न चाहन्छौं, "खोजी हिंड्छ" । शब्दकोषले खोजी हिंड्नु शब्दलाई शिकारी र चोरीको रूपमा परिभाषित गर्दछ र यी परिभाषाहरूले हामीलाई शत्रुले कसरी काम गर्छ र उसको युद्धको प्रकृतिको स्पष्ट चित्र दिन्छ । त्यस्ता समयहरू हुन्छन् जब उसको पाप र रणनीतिहरू स्पष्ट र देख्न सक्ने हुन्छन्, तर त्यहाँ अन्य समयहरू छन् जब उसले आक्रमण गर्न सही समयको लागि धैर्यपूर्वक पर्खन्छ । एक समय जब तपाईं थकित, निराश, बोर, वा...वास्तवमा, यो कुनै पनि समयमा हुन सक्छ । यद्यपि, हामी शत्रुको बारेमा सचेत भए तापनि, हामी ख्रीष्टमा केन्द्रित रहन छनौट गर्छौं । यदि हामी हाम्रो जीवनको हरेक पक्षमा ख्रीष्टलाई निम्तो दिनमा एकरूप हुन्छौं भने, उहाँ हाम्रो बाटोमा आउने जुनसुकै सामना गर्न मद्दत गर्न विश्वासयोग्य हुनुहुनेछ, चाहे त्यो हाम्रो आफ्नै कार्यको परिणाम होस् वा शत्रुको प्रत्यक्ष आक्रमण होस् । यो रणनीति निष्क्रिय दृष्टिकोण होइन । ख्रीष्टले हामीलाई पुनर्स्थापना गर्न, निको पार्न र सुरक्षा गर्न अनुमति दिने आक्रमक तरीका हो । र यदि हामी ख्रीष्टद्वारा पुनर्स्थापित, निको र सुरक्षित छौं, तब हामीले डराएर बाँच्नु पर्दैन । यसको मतलब यो होइन कि हामी फेरि कहिल्यै पापमा पर्नेछैनौं वा पाप गर्नेछैनौं, तर यसको मतलब यो हो कि हामी मृत्युको पर्खाइमा बस्ने असाहय हाँस होइनौं । यसले बहाना बनाउने कुनै पनि अवसरलाई पनि हटाउँछ । हामी पाप गर्न छनौट गर्न सक्दैनौं र त्यसपछि मात्र भन्न सक्छौं, "शैतानले मेरो बटनलाई सही तरिकाले धकेल्यो ।" यदि हामीले साँच्चै परमेश्वरलाई हाम्रो जीवनका सबै पक्षहरूलाई रक्षा गर्न अनुमति दिइरहेका छौं भने, हामीले त्यो

सुरक्षाबाट टाढा जान र ख्रीष्टसँगको हाम्रो सम्बन्धमा पाप गर्न रोज्ने छनौट गर्दा हामीले जिम्मेवारी पनि लिनुपर्छ ।

विश्वासीहरूको रूपमा, हामीसँग अब संसार, हाम्रा छनौटहरू, अन्य मानिसहरू, आदिलाई आत्मिक चश्माबाट हेर्न सक्ने क्षमता छ (२ कोरिन्थी ३:१६, प्रेरित २६:१८) । तपाईंका आँखा खोलिएका छन् र तपाईंमा पवित्र आत्मा बास गर्नुभएको छ । अब तपाईले अज्ञानी आँखाले संसार देख्नुहुन्न । अब तपाईं प्रकाश र आफ्नो आत्माको पुर्नजागृती मार्फत संसार देख्नुहुन्छ । तपाईं जुन आत्मिक युद्धमा हुनुहुन्छ, परमेश्वरसँग सोध्नुहोस् कि तपाईलाई यस संसारको बारेमा अझ ठूलो आत्मिक समझ र दृष्टिकोण दिएको होस् । के तपाईंले कहिल्यै सैनिक एकाइलाई युद्ध जित्नको लागि आवश्यक हतियारहरू बिना तयारी र युद्धमा गएको सुन्नुभएको छ वा देख्नुभएको छ ? पक्कै होइन । प्रभुको सेनामा सिपाहीहरूको रूपमा (२ तिमोथी २:४), हामीसँग परमेश्वरको वचन अनुसार शुद्धता र पवित्रताको मार्गमा हिंड्न आवश्यक आत्मिक साधनहरू छन् । हामीले पुरुषहरूको माझ देखेको एउटा कुरा भनेको आत्मिक हतियारको सट्टा शारीरिक हतियारले लड्न चाहने स्वभाविक प्रवृत्ति हो । भौतिक साधनहरु/हतियारहरूमा चुनेर राख्ने, स्पीड डायलमा धेरै जवाफदेहीका साझेदारहरू राख्ने, र हाम्रो वरिपरि राम्रो सीमाहरू समावेश हुन्छन् । र आफैमा, यी मध्ये कुनै पनि खराब छैन । तर यी भौतिक साधनहरु/हतियार हुन् र यिनीहरू राम्रो हुँदाहुँदै पनि हामी आत्मिक युद्धमा छौं । आत्मिक समस्याहरूको एउटै मात्र समाधान छः आत्मिक कुरा । ग्लेन स्पाउल्डिङले भनेझैं, "आत्मिक खानाले तपाईंलाई आत्मिक युद्धको लागि बल दिन्छ ।" ख्रीष्टमा त्यो याद गर्नुहोस् :

* परमेश्वरसँग हाम्रो मित्रता छ,
* पवित्र आत्मा हामीमा बास गर्दै हुनुहुन्छ र हामीद्वारा काम गर्नुहुन्छ,
* हामी परमेश्वरको वचनलाई परीक्षामा पार्ने विचार विरुद्ध हतियारको रूपमा प्रयोग गर्न सक्छौं,
* हामीसँग प्रार्थना गर्न २४/७ पहुँच छ, र हामी विश्वस्त हुन सक्छौं कि परमेश्वरले हाम्रो प्रार्थना सुन्नुहुन्छ,
* हामी येशूको नाममा बोलाउन सक्छौं, त्यो नाम जुन सबै नामहरू भन्दा उच्च छ,
* हामी हाम्रो विगतबाट सिक्न सक्छौं र नयाँ व्यक्तिको अनुरूप नयाँ छनौट गर्न सक्छौं जुन हामी छौं ।

तपाईंले भनाइ सुन्नु भएको होला, "शैतानलाई एक इन्च पनि नदिनुहोस् किनकि उसले एक माइल लिन्छ ।" तर हामीले शैतानलाई दिने कुरामा किन चिन्तित हुनुपर्छ ? विश्वासीहरू र परमेश्वरका मानिसहरूको रूपमा, हामीले परमेश्वरलाई के दिन्छौं त्यसमा हामी बढी चिन्तित हुनुपर्छ । जब हामी परमेश्वरकहाँ आउँछौं र उहाँलाई पापबाट छुटकारा दिने मौका दिनुहुन्छ, उहाँले सधैं आफूलाई विश्वासयोग्य साबित गर्नुहुनेछ (१ कोरिन्थी १०:१३) । यो परमेश्वरको प्रतिज्ञा हो र उहाँले सधैं आफ्नो प्रतिज्ञा पूरा गर्नुहुन्छ ।

आत्मिक युद्धको बारेमा कुरा गर्नु एक असहज विषय हुन सक्छ, तर यो एउटा विषय हो जसलाई बाइबलमा सम्बोधन गरिएको छ र जसको लागि पावलले हामीलाई तयारीमा रहन प्रोत्साहन दिन्छन् (

एफिसी ६:१०-१८) । सत्य यो हो, हामीले ख्रीष्टलाई प्रभु र मुक्तिदाताको रूपमा पछ्याउने निर्णय गर्दा हामीले यस युद्धको लागि स्वयंसेवा गर्यौं । यो धेरै महत्त्वपूर्ण आत्मिक पक्षप्रति हाम्रो दृष्टिकोण महत्त्वपूर्ण छ, र यो धेरै महत्त्वपूर्ण छ । हामीले आत्मिक लडाई वा लड्नेहरूलाई देख्न सक्दैनौं कि यो धेरै, धेरै वास्तविक छैन भन्ने विश्वासमा आफूलाई मूर्ख बन्न दिनु हुँदैन । यो छ र यो जोखिम अत्यन्त उच्च छ । तपाईंको जीवनमा त्यस्तो मानिसहरू छन् जो यसको विरुद्ध लड्न तपाईंको इच्छाबाट प्रभावित हुनेछन्, वा तपाईंको इच्छाबाट प्रभावित हुनेछैन् ।

म सम्बन्धीत हुन सक्छु ।
जसरी दुष्टता, शैतान र दुष्टहरूलाई सामान्यतया टिभीमा चित्रण गरिन्छ, आत्मिक शक्तिहरूलाई काल्पनिक रूपमा खारेज गर्न सजिलो छ । र शत्रुले हामीले चाहेको कुरा यही हो, "विचार" खारेज गर्नुहोस् र आत्मिक लडाइहरूमा ध्यान नदिनुहोस् । जसरी पाप अदनको बगैंचामा स्वार्थी इच्छाबाट जन्मिएको थियो, त्यसरी नै हाम्रा आफ्नै स्वार्थी इच्छाहरू शैतानले हामीले गर्ने छनौटहरूलाई प्रभाव पार्न प्रयोग गर्दछ । एक पटक मेरो आँखा खुल्यो र मैले आत्मिक आँखाले देख्न थालेपछि, मैले मेरो शरीरले विकास गरेको बानीहरू चिन्न थाले जसले मलाई हारमा राखेको थियो । जब तपाईंले पवित्रताको पछि लाग्ने निर्णय गर्नुभयो, तपाईंले यी बानीहरूको विनाशकारी सम्भावना देख्न थाल्नुहुन्छ । र जब तपाईं ख्रीष्टमा ध्यान केन्द्रित गर्न रोज्नुहुन्छ र उहाँ तपाईंको केन्द्र बन्नुहुन्छ, उहाँ सधैं विश्वासयोग्य हुनुहुन्छ तपाइँलाई तपाईंको हिडाँईमा स्थापित गर्न र तपाईंलाई दुष्टको विरुद्ध रक्षा गर्न र शैतानको घाँटीको पछाडि आफ्नो खुट्टाको कल्पना गर्नुहोस् जब तपाईंको बानीहरू शिकारी बन्छन् र ख्रीष्टले पहिले नै गरि सक्नुभएका कुराहरूमा ध्यान केन्द्रित गर्नुहोस् ।

प्रश्नहरू
१. पवित्रताको लागि युद्धमा तपाईं कुन भौतिक हतियारहरू प्रयोग गर्नुहुन्छ र यसको सट्टा तपाईं कुन नयाँ आत्मिक हतियारहरू प्रयोग गर्न सक्नुहुन्छ ?
२. आफ्नो शारीरिक बानीहरू मध्ये एउटालाई विचार गर्नुहोस् र यो कसरी स्वार्थमा जरा गाडिएको छ वर्णन गर्नुहोस् ।
३. परमेश्वरलाई आदर गर्ने बानीहरू विकास गर्न तपाईंले के-कस्ता कदमहरू चाल्न सक्नुहुन्छ र ती कुराहरू अपनाउन तपाईंलाई कुन कुराले रोकिरहेको छ ?

सत्र १०: धार्मिकताका दास

“परमेश्वरको सन्तानको रूपमा तपाईं को हुनुहुन्छ भन्ने कुरा थाहा पाउनु ख्रीष्टमा तपाईंको वृद्धिको लागि र परमेश्वरले तपाईंलाई बनाउन चाहनुभएको व्यक्ति बन्नको लागि एकदमै महत्वपूर्ण कुरा छ । कुनै पनि व्यक्तिले आफ्नो बारेमा विश्वास गरेको कुरासँग मेल नखाने तरिकाले निरन्तर व्यवहार गर्न सक्दैन ।” - नील टी एन्डरसन

हामी ख्रीष्टसँग सम्बन्धमा आउनु अघि, हामीले सायद हामी पापका कमारा थियौं भनेर बुझेका थिएनौं (रोमी ६:१७) । जब हामी निरन्तर पापमा संलग्न थियौं, हामीले सोचेका थियौं कि हामी रमाइलो गर्दैछौं, तर वास्तविकतामा हामीले सोचेको वा चाहेको भन्दा धेरै लाज, दोष र पश्चातापमा पर्यौं । वा हुनसक्छ हामीले हाम्रो मुक्तिदाताको रूपमा ख्रीष्टसँग जीवन परिवर्तन गर्ने र हृदय परिवर्तन गर्ने सम्बन्धमा प्रवेश नगरेसम्म हामी कत्ति गडबडमा थियौं भनेर पनि देखेका थिएनौं । एकचोटी हामीले क्रुसमा उहाँको कामद्वारा ख्रीष्टको क्षमालाई स्वीकार गरिसकेपछि, हामी परमेश्वरका सन्तान भयौं (गलाती ३:२६) र पवित्रता र धार्मिकतामा हिंड्न बोलाइयो (एफिसी ४:२३-२४) । र सुसमाचार यो हो कि परमेश्वरले अब हामीलाई पापीको रूपमा हेर्नुहुन्न तर धर्मीको रूपमा हेर्नुहुन्छ ! (रोमी ५:१, १ पत्रुस २:९) यद्यपि, हामी अब पापको कमारा छैनौं र अहिले धार्मिकताको कमारा छौं (रोमी ६:१७-१८), यसको मतलब यो होइन कि हामी एक्कासी सिद्ध भइसकेका छौं र परीक्षा र पाप भलाइको लागि हराएको छ ।

वास्तवमा, हामीले अझै पनि ख्रीष्टलाई भेट्टाउनु अघि हाम्रो पुरानो जीवनशैलीसँग मिल्दोजुल्दो तरिकामा पाप गर्ने छनौट गर्न सक्छौं । सत्य यो हो, पापले ख्रीष्ट र पवित्र आत्माप्रति हाम्रो सम्बन्धमा कमी गर्छ र यदि हामीले स्वीकार नगरेको पापलाई समात्छौं भने, यसले शत्रुलाई हाम्रो वास्तविक पहिचानको बारेमा झूट पृष्ठपोषण गर्ने मौका दिन्छ । हाम्रो पुरानो पहिचान र जीवनशैलीमा रहनुको नतिजा एउटा अस्थिर विश्वास हो जसले हाम्रो लागि पहिले नै किनिएको साँचो विजयको समझको कमी हुन्छ र यसले हाम्रो वृद्धिलाई ठूलो आत्मिक परिपक्वतामा जान सीमित गर्दछ । प्रश्न यो छ, हामी माथि उल्लेख गरिएको भन्दा कसरी फरक जीवनशैलीमा हिड्न सक्छौं वा तपाईंले आफूलाई पहिलेको कुरामा आजको अवस्था सम्ममा फसेको पाउन सक्नुहुन्छ ? यो सबैको सुरुवात यो बुझाईबाट सुरु हुन्छ कि हामी सबै केहि कुराको “कमारा” हौं । हामी सबै कसैलाई वा केहि कुरालाई पछ्याउँछौं । कुनै पनि प्रकारको मार्ग-निर्देशन विना कसैले पनि जीवनलाई डोर्याउदैंन । र हामी ख्रीष्टमा नयाँ सृष्टि भएकोले हामी पहिले नै परिपक्व सृष्टि हौं भन्ने होइन । परिपक्वता लगातार राम्रो छनौटहरू द्वारा गरेर आउँछ जसले परमेश्वर र उहाँको वचनको आदर गर्दछ र हामी ख्रीष्टमा भएको नयाँ सृष्टि लाई प्रतिबिम्बित गर्दछ (२ कोरिन्थी ५:१७) ।

आफ्नो नयाँ पहिचान पत्ता लगाउनको लागि हामीले पुराना बानीहरु त्याग्नुपर्ने आवश्यक हुन्छ -- ती बानीहरु जुन हाम्रो शरीरको लागी सजिलो र आनन्दमय थियो तर हाम्रो आत्माको लागि भने पाप र हानिकारक थियो । हामीले ख्रीष्टमा पाएको यो नयाँ जीवन कसरी जिउने भनी सिक्नको लागी हामी परमेश्वरको वचनमा जानुपर्दछ । धर्मशास्त्रले हामी के गर्न चाहन्छौं, कहिले गर्न चाहन्छौं हामीलाई बताउदैन; परमेश्वरका आज्ञाहरु उहाँले हाम्रो लागि दिनुभएको सबै कुराहरु तर्फ हामीलाई डोऱ्याउनका लागि हुन् । उहाँका मार्गहरु हामीलाई नियन्त्रण गर्न होइन तर हाम्रो रक्षा गर्नको लागि हो । यो हाम्रा प्रेमी पिता हाम्रो निम्ति, उहाँको सन्तानको निम्ति गर्नुहुन्छ । परमेश्वरले हामीलाई पापको प्रभाव र विनाशबाट जोगाउन चाहनुहुन्छ । पवित्रता र पूर्णताको पछि लाग्ने व्यक्तिको रुपमा, हाम्रो जिवनका ३

ओटा महत्वपूर्ण क्षेत्रहरु छन् जसको बारेमा हामी सचेत हुन आवश्यक छ, ताकि हामी आफ्नो पुरानो स्वभाव र बानीहरुमा फर्किन नपरोस् ।

भावनात्मक

यदि हामी अपश्चात्तापी पापमय व्यवहार रोजिरहेको छौं भने, हामीले हाम्रा भावनाहरु र चाहनाहरुको कुरा गर्दा परमेश्वरले हाम्रो निम्ति राख्नुभएको उत्तम कुरा भन्दा कम छनौट गरिरहेका हुन्छौं । पापमय कार्यहरु छनौट गर्नाले भावनात्मक स्वास्थ्यको स्थानमा योगदान गर्दैन बरु, हामी सम्भवतः लाज, निन्दा, दोष, पागलपन, आत्म सम्मानको कमी, इत्यादिजस्ता भावनाबाट पराजित हुनेछौं । परमेश्वर र उहाँका सन्तानका रुपमा, हामीले अस्वस्थ्यकर र अपवित्र भावनाहरु र चाहनाहरुलाई आमन्त्रित गर्ने त्यस्ता कार्यहरुलाई अस्वीकार गर्नु पदर्छ र त्यसलाई त्याग्नुपदर्छ ।

आत्मिक

यदि हामी अपश्चात्तापी पापमय व्यवहार रोजिरहेका छौं भने, हामीले हाम्रो आत्मिक हिंडाइको कुरा गर्दा परमेश्वरले हाम्रो निम्ति राख्नुभएको उत्तम कुरा भन्दा कम छनौट गरिरहेका हुन्छौं । पाप र अनैतिकतामा टाँसिएर कसैले पनि परमेश्वरसँग घनिष्ठ सम्बन्ध विकास गरेको छैन । बरु, सम्भवत आफ्नै आत्मिक हिंडाइले कष्ट भोग्नेछ, नत्र भने निरन्तरको पापमय छनौटहरुले जरा लिन र बढ्न जारी रहँदा यो कडा र चिसो हुनेछ । परमेश्वर र उहाँका सन्तानका रुपमा, हामीले हाम्रो आत्मिक हिंडाइलाई मृत्युमा पुऱ्याउने त्यस्ता कार्यहरुलाई अस्वीकार गर्नुपदर्छ र त्यसलाई त्याग्नुपदर्छ ।

शारीरिक

यदि हामी अपश्चात्तापी पापमय व्यवहार रोजिरहेका छौं भने, हामीले हाम्रो शारीरिक स्वास्थ्यको कुरा गर्दा परमेश्वरले हाम्रो निम्ति राख्नुभएको उत्तम कुरा भन्दा कम छनौट गरिरहेका हुन्छौं । पापमय व्यवहार रोज्न जारी राख्दा काममा ध्यान केर्नद्रित नहुन सक्छ, घरमा झैं-झगडा र निद्रा नआउने रातहरु पनि हुन सक्छ । परमेश्वर र उहाँका सन्तानका रुपमा, हामीले व्यक्तिगत अशान्ति निम्त्याउने त्यस्ता कार्यहरुलाई अस्वीकार गर्नुपदर्छ र त्यसलाई त्याग्नुपदर्छ ।

यद्यपी, यो बुझ्नु महत्वपूर्ण छ कि पवित्रताको जीवन हाम्रो बानीमा परिवर्तन गरेर मात्र आउँदैन, तर हामी ख्रीष्ट येशुमा को हौं भनी विश्वास गरेर आउँछ । जब हामी पवित्रता र धार्मिकताको जीवनलाई (हाम्रो नयाँ जीवनलाई) ग्रहण गर्छौं, तब हामी पापको बानीलाई (हाम्रो पुरानो जीवनलाई) त्यागिरहेका हुन्छौं । जब तपाईंले एउटा विकल्प स्वीकार गर्नुहुन्छ, तपाईंले अन्य सबै विकल्पहरु अस्वीकार गर्दै हुनुहुन्छ । र हिजो तपाईले पापको विनाशकारी चक्रमा भाग लिनुभएको हुन सक्छ, यसको मत्लब परमेश्वरले तपाईंलाई यहाँ अहिले नै स्वतन्त्र बनाउन सुरु गर्न सक्नुहुन्न भन्ने होइन । केवल उहाँ कहाँ आउनुहोस् र उहाँले तपाईंलाई जवाफ दिनुहुनेछ ।

परमेश्वरको वचनले स्पष्ट रुपमा बताउँछ, तपाईं अब पापको कमारा हुनुहुन्न, तपाईं अब धर्मी हुनुहुन्छ जो तपाईंको वरपर पापको उपस्थितिको बावजुत कसरी पवित्रतामा हिड्ने सिक्दै हुनुहुन्छ । ख्रीष्टले तपाईंलाई उहाँको धार्मिकता पहिराउनुभयो र तपाईंलाई उहाँसँगै स्वर्गीय स्थानहरुमा बसेर राजकीय बनाउनुभयो । जब तपाईं को हो र कोसँग सम्बन्धित हुनुहुन्छ भनेर साँच्चै जान्नुहुन्छ र विश्वास गर्नुहुन्छ भने पाप र त्यसको परिणामहरु सित सम्झौता गर्न इन्कार गर्नुहुनेछ । हामी असल गर्न र उहाँलाई प्रतिबिम्बित उहाँको स्वरुपमा सुन्दर सृजना गरिएका उहाँका हातका सीप हौं । तपाईं

परमेश्वरको एकदमै प्रिय सन्तान हुनुहुन्छ । आज तपाईं कसरी आफ्नो बुबाको आदर गर्नको लागि ख्रीष्टमा आफ्नो चिनारी प्रकट गर्न सक्नुहुन्छ ?

म सम्बन्धीत हुन सक्छु
तपाईंको बारेमा मलाई थाहा छैन, तर जब मलाई सन्त जस्तो लाग्छ, ती दिनहरु थोरै हुन्छन् र टाढा छन् । खराब छनोट, पुरानो बानीहरुको प्रतिक्रिया र स्वार्थले मलाई पछुतो र निरासाले भरिदिन्छ, र मलाई कुनै पनि हालतमा धर्मी छु जस्तो लाग्दैन । तर तपाईंले कसलाई पछ्याउन र निर्देशित हुन जाँदै हुनुहुन्छ ? के शत्रुलु तपाईंको कानमा कानेखुसी गर्दै छ वा परमेश्वरको वचनले ? हामी सबैले सामना गर्ने समस्या यो हो कि हाम्रा भावनाहरुले हाम्रो सोचाइ र विचारलाई प्रभाव पार्छ, यदि कैद नभए तापनि हामी प्रायः पछुताउनु पर्ने कार्यहरुमा डोऱ्याउँदछ । यसले गर्दा हामीले मूर्खतापूर्वक पछ्याएको भावना भनै चर्किन्छ । मलाई थाहा छ म नयाँ सृष्टि हुँ तर म यो पनि बुझ्छु कि मैले मेरो दिमागलाई नविकरण गर्न आवश्यक छ किनकि त्यो ऐनामा हेर्न र सत्यसँग असहमत हुन धेरै सजिलो छ ! यो नविकरण एक पटक, तत्काल घटना होइन तर उहाँको वचन द्वारा सम्भव भएको निरन्तर प्रक्रिया हो, जुन जीवित र सक्रिय छ । जसरी गाडीलाई नियमित निरन्तर मर्मत सम्भार चाहिन्छ त्यसरी नै मलाई मेरो दिमाग नविकरण गरिरहनको लागि परमेश्वरको वचन चाहिन्छ । र जसरी म गर्छु, मेरा भावनाहरु, प्रतिक्रियाहरु र मनोवृत्तिले उहाँले मलाई धर्मी भन्नुभएको अझ राम्ररी प्रतिबिम्बित गर्न थाल्छ ।

प्रश्नहरु

- के तपाईं आफूलाई धर्मीको रुपमा हेर्न संघर्ष गर्नुहुन्छ र यदि त्यसो हो भने किन ?
- तपाईंले नियमित रुपमा पछूताउनु पर्ने तरिकाहरुमा प्रतिक्रिया दिनुभएको भावनाबारे छलफल गर्नुहोस् ।
- तपाईको दिमागको नविकरण बारे तपाईं कसरी अझ बढी सोचविचार गर्न सक्नुहुन्छ ?

सत्र ११ : अन्धकार सँगको घनिष्ठता

“गलत घनिष्ठता सधैँ तपाईंको हृदयमा भएका चिराहरु खोजिरहन्छ ।” - क्रिस्टियन लेन्टी

हामीले पाप गर्दा कसैलाई, कुनै कुराको लागि, वा कुनै परिस्थितिमा दोष दिन परीक्षीत हुन सक्छौँ, तर पाप गर्ने हाम्रो छनौट प्रायः बाहिरको परिस्थितिहरुले प्रभावित हुन सक्छ, कसैले पनि हामीलाई पाप गर्न बनाउँदैन । हामी यसलाई सधैँ आफ्नै इच्छाले छनौट गर्छौँ । हामीले हाम्रो पापलाई विभाजन गर्ने प्रयास गर्न सक्छौँ र हामीले हेरेको अश्लील केवल एउटा अनियमित तस्विर वा भिडियो मात्र थियो भनेर आफैलाई विश्वस्त पार्ने प्रयास गरेर हामीले के गर्छौँ भनेर तर्क संगत बनाउने प्रयास पनि गर्न सक्छौँ, अथवा अघिल्लो रात हामीले गरेको भेटले कुनै फरक पारेन किनकि यो एक रातको कुरा मात्र थियो । तर जब हामी यौन प्रकृतिको पापमा संलग्न हुन्छौँ, यो कामवासनाको गैर-भावनात्मक कार्य होइन, यो वास्तवमा अशुद्ध र अपवित्र सबैसँग घनिष्ठताको कार्य हो । विश्वासीहरु र परमेश्वरका मानिसहरुको रुपमा, जब हामीले पवित्र र आदरणीय कुराहरु छनौट गर्छौँ, हामी प्रभु र शुद्ध र पवित्र सबैसंग घनिष्ठता बढाउँदैछौँ । तर जब हामीले फोहोर र अशुद्ध प्रकृतिको निरन्तर पाप रोज्छौँ, हामी शत्रुलाई हाम्रो जीवनमा आउन र आफ्नो पाइला टेक्न आमन्त्रित गरिरहेका हुन्छौँ । यसलाई हामी अँध्यारोसँगको घनिष्ठता भन्छौँ ।

जब शत्रुले हाम्रो हृदय र दिमागको ढोका ढकढक्याउँछ, र हामीलाई झूटो घनिष्ठताको पाप प्रदान गर्दछ, तब हामीले दृढ अडान लिनुपर्छ र दुष्ट, अशुद्ध, फोहोर र पवित्रता र धार्मिकताको लागि परमेश्वरको बोलावट विपरित पापपूर्ण अवसरहरुमा संलग्न हुन इन्कार गर्नुपर्छ । पोर्नोग्राफी, कामुक कल्पना, यौन अनैकितता, आदिले हाम्रो हृदय र दिमागलाई अन्धकारको प्रभावमा पार्छ । समयको सुरुदेखि नै, पापले सधैँ तत्काल सन्तुष्टिको प्रतिज्ञा गरेको छ, तर यो एउटा छलपूर्ण सन्तुष्टि हो जुन केवल पूरा हुँदैन । यो शत्रुबाट विनाशकारी व्याकुलता र साधन हो जसले हामीलाई प्रभावकारी ढंगले खीष्टसँगको सही सम्बन्धबाट टाढा लैजान्छ । जब हामीले परमेश्वरको वचनमा आधारित अनन्त र ईश्वरीय दृष्टिकोण, जुन पापलाई दुष्ट र अन्धकारसँग घनिष्ठताको कार्यको रुपमा हेर्ने दृष्टिकोण रोज्छौँ, तब झुटो घनिष्ठताको पापले त्यसको आकर्षण गुमाउँछ । शैतानले केवल परमेश्वरले भलाईको लागि गर्नुभएको कुरालाई बङ्ग्याउन सक्छ र परमेश्वरले हामीलाई दिन चाहनुभएको दिर्घकालिन घनिष्ठता र पूर्तिलाई त्यसले भ्रष्ट पार्न चाहन्छ । तर परमेश्वरसँग सुरुदेखि नै घनिष्ठताको योजना थियो र यसमा कहिल्यै पनि अन्धकारको राज्यसँग झुटो घनिष्ठताको समावेश गरेको थिएन । अपवित्र र झुटो कुराहरु तर्फ दौडन हामीलाई किन सजिलो लाग्छ ? यहाँ ३ सामान्य कारणहरु छन्:

१. यो सजिलो छ र हामी पाप, पश्चाताप, र दोहाऱ्याउने चक्रमा अभ्यस्त भएका छौँ ।
२. हामीलाई ईश्वरीय परिवर्तन गर्न उत्प्रेरित गर्ने कुनै तत्काल वा दीर्घकालिन परिणामहरु नहुन सक्छ ।
३. हाम्रो आफ्नै हृदय र इच्छाहरुमा अझै पनि रहेको अन्धकारलाई हामी बेवास्ता गर्ने प्रयास गर्छौँ ।

पापपूर्ण परीक्षा शत्रुको चाल हो । अन्ततः तपाईंलाई नष्ट गर्ने लक्ष्य राखेर त्यसले तपाईंलाई छल्न सकियोस् भनेर, त्यसले तपाईंलाई विचलित गर्न खोज्छ । एफिसी ४:२७ मा बाइबलले भनेझैँ, “दियाबलसलाई मौका नदेओ” । यो पदले विशेष गरी क्रोधको बारेमा कुरा गरिरहेको भए तापनि पवित्रताको खोजी गर्ने सिद्धान्तलाई लागू गर्न सकिन्छ । हामी बुद्धिमान् हुनुपर्दछ, सचेत हुनुपर्दछ, र शत्रुलाई हाम्रो मन, मस्तिष्क वा जीवनमा चाल चलाउन कुनै ठाउँ दिनु हुँदैन । परीक्षा र पापसँगको हाम्रो लडाइमा एउटै मात्र स्रोत शैतान हो भनी सोच्न हामी प्रलोभित हुन सक्छौँ । अनि यो कुरा साँचो भए तापनि हाम्रो लडाइको अर्को स्रोत पनि छ र त्यो हाम्रो हृदयसँगको लडाइ हो । परमेश्वर हाम्रो हृदयमा काम गर्न र हामीलाई नवीकरण गर्न चाहनुहुन्छ (भजनसंग्रह ५१:१०, कलस्सी ३:१०) । तपाईको कार्यहरुले तपाईको हृदयलाई प्रतिबिम्बित गर्दछ र यसले तपाईंलाई पापको गहिराइमा वा अझ बढी शुद्धतातर्फ धकेल्छ । जबकि त्यो फिसलन एउटा सजिलो विकल्प हुन सक्छ तर अझ बढी शुद्धताको लागी कदम चाल्नु नै सही मार्ग हो । यसको लागी तपाईको तर्फबाट धेरै प्रयास गर्नुपर्ने भए तापनि अझ बढी शुद्धता, पूर्णता, र खीष्टको रुपतर्फ जान सकियोस् भनेर तपाई गरेको यो प्रयासमा कहिल्यै पछुताउनुपर्ने छैन ।

बुद्धिमानी निर्णयहरु जो पवित्र र आदरणीय छन् ती प्रेरितहरु वा धेरै अघि देखिको विश्वासको महान् व्यक्तिहरुको निम्ति मात्र होइनन् । ती तपाईं सहित सबैका लागि हुन् । आज हाम्रो संसारमा, प्रायः घनिष्ठताको एउटै मात्र मुख्य परिभाषा छ र यसलाई यौन व्यवहारको सन्दर्भमा बुझ्न सकिन्छ । घनिष्ठताको अक्सर वैवाहिक ओछ्यानमा (वा

अनैतिक मुठभेडमा) मात्र सीमित राख्ने सोचाइ राखिए तापनि यसलाई हाम्रो घनिष्ठ सम्बन्धको एक स्वस्थ र आवश्यक भागको रुपमा पनि लिनुपर्छ । स्वस्थ र पवित्र घनिष्ठतासँगको सन्बन्धलाई एक सन्बन्धको रुपमा परिभाषित गर्न सकिन्छ जहाँ इमान्दारी, कमजोरी, भरोसा, ध्यान, समानुभूति र हेरचाहको जग हो । परमेश्वरले हामीलाई सबैभन्दा पहिला उहाँसँग घनिष्ठ हुन र त्यसपछि एकअर्का सँग सही र पवित्र सन्बन्धमा राख्न सृष्टि गर्नुभयो । पवित्रता र पूर्णताको पछि लाग्नुको एउटा कारण ख्रीष्टजस्तै, निःस्वार्थ र परमेश्वरको वचनमा पाइने उदाहरणहरुमा आधारित सन्बन्धहरुमा घनिष्ठताको पछि लाग्ने तरिका सिक्नु हो । हामी विश्वास गर्छौं कि जब मानिसहरुले अन्धकारसँग घनिष्ठताको पछि लाग्नुको सट्टा अर्को ख्रिष्टियन भाइसँग त्यस्तो घनिष्ठ सन्बन्ध राख्छन्, हामीले एक स्तरको घनिष्ठता अनुभव गर्छौं जुन पवित्र, बाइबलीय, गैर-यौनिक, र हाम्रो आत्माहरुलाई जीवनदायी हुन्छ । परमेश्वरका मानिसहरुको रुपमा हामीले निम्न पदहरु पढ्दा दाजुभाइहरु सँग परमेश्वरको आदर गर्ने सन्बन्ध(हरु) विकास गर्नुपर्छ :

“एउटा मित्रले सधैँ प्रेम गर्छ, दाजुभाइचाहिँ दुःखको बेलाको लागि जन्मेको हुन्छ ।” हितोपदेश १७:१७

“धेरै साथीहरु भएको मानिसको पनि सर्वनाश हुन सक्छ, तर कुनै-कुनै मित्रचाहिँ दाजुभाइ भन्दा नजिक टाँसिन्छ ।” हितोपदेश १८:२४

“जोनाथनले दाउदलाई आफैलाई झैँ प्रेम गरेका हुनाले, जोनाथनले तिनीसँग एउटा करार बाँधे ।” १ शमुएल १८:३

हामी सबैसँग एउटा यस्तो भाइ हुनु आवश्यक छ जोसँग हामी इमान्दार हुन सक्छौं । हामी सबैसँग एउटा यस्तो भाइ हुनु आवश्यक छ जो कमजोरी देखाउँदा हामीबाट भाग्ने छैन । हामी सबैसँग एउटा यस्तो भाइ हुनु आवश्यक छ जुन हामीसँगै यो जीवन यात्रामा हिड्न र समस्या वा असुविधाको पहिलो संकेतमा भाग्न नपाउने विश्वास गर्न सक्छौं । हामी सबैसँग एउटा यस्तो भाइ हुनु आवश्यक छ जसले हाम्रो कुरा सुन्नेछ किनभने उसलाई थाहा छ कि जीवन भनेको सधैँ एक-अर्काको समस्या समाधान गर्नु होइन । हामी सबैसँग एउटा यस्तो भाइ हुनु आवश्यक छ जो हाम्रो ख्याल राख्छ भन्ने हामीलाई थाहा छ । आकस्मिक रुपमा “आज तपाई कस्तो हुनुहुन्छ ?” भनेर होइन, तर एक पटक मात्र होइन तर बारम्बार लड्दा हाम्रो हात समाएर अनि उठाउने प्रकारका ख्याल हुनुपर्छ । आज, तपाई कसरी इमानदारी, कमजोरी, भरोसा, ध्यान, र समानुभूति मार्फत परमेश्वर र अरुसँगको आफ्नो सम्बन्धलाई गहिरो बनाउन सक्नुहुन्छ ?

म सम्बन्धीत हुन सक्छु

म निश्चित छु कि तपाईंले भ्यागुताको कथा सुन्नुभएको छ जुन जिउँदै हुँदा पानीमा बिस्तारै उमालिएको थियो । आधार यो हो कि यदि भ्यागुतालाई अचानक उमालेको पानीमा हालियो भने त्यो बाहिर उर्फिन्छ; तर यदि भ्यागुतालाई मनतातो पानीमा हालेर बिस्तारै उमालेर ल्याइयो भने त्यसले खतरा चाल पाउँदैन र बिस्तारै मर्ने सम्म पकाउन सकिन्छ । शत्रुले हामीलाई पनि त्यस्तै गर्छ । मेरो लागि यो मेरो अश्लील चित्र (पोर्न) को प्रयोगबाट सुरु भएको थियो; यो बानी अरु कोही पनि यसमा संलग्न नभएको र मैले कसैलाई पनि चोट नपुऱ्याएकोमा तर्क दिएर स्पष्टिकरण दिने गर्थें । तर मैले यो बुझ्न सकिन कि जसरी १ यूहन्ना ५ सत्य छ र परमेश्वर ज्योति हुनुहुन्छ र उहाँमा कुनै पनि अन्धकार छैन, त्यसरी नै यो सत्य हो कि जब म अन्धकारमा र अन्धकारसँग हिँडेको थिएँ, तब परमेश्वर ममा हुनुहुन्नथ्यो । अनि पानी तातो हुँदै जाँदा मेरो अश्लील चित्र (पोर्न) बानी झन् गाढा हुँदै गयो, एक रात बिताउने देखि लिएर वेश्याहरुसँग बस्न थालें । मलाई भाँडोबाट बाहिर निकाल्न मद्दत गर्ने भाइको प्रेम नभएको भए म मृत्युको बाटोमा हिँडिरहने थिएँ । आफ्नो छनौटको स्पष्टिकरण दिन सुरु गर्दा चिन्हहरु चिन्नुहोस् र संगती र स्वतन्त्रताको प्रकाशमा दौडनुहोस् ।

प्रश्नहरु

१. तपाईंले प्रायः आफ्नो खराब छनौटलाई कुन-कुन तरिकामा सफाइ दिनुहुन्छ ?
२. ती छनौटहरुले कसरी परमेश्वरसँगको तपाईको हिँडाइलाई असर गरिरहेको छ ?
३. निरन्तर ज्योतिमा हिँड्नका लागि तपाईं के कस्ता कदमहरु चाल्न सक्नुहुन्छ ?

सत्र १२ : खैरो क्षेत्रहरु

“विवेक भनेको सही र गलतको बीचको भिन्नता बताउन मात्र होइन; बरु यो सही र लगभग सही बीचको भिन्नता हो ।” - चार्ल्स स्पर्जन

हामी सबैको जीवनमा यस्ता क्षेत्रहरु छन् जहाँ हामी स्वइच्छाले शंकास्पद विषयवस्तुमा संलग्न हुन्छौँ जसले अन्ततः हामीलाई पापपूर्ण सम्झौता र निष्कपट पश्चातापको बाटोमा डोऱ्याउँछ । हामीले पाप छनौट गर्ने सबैभन्दा सामान्य र सूक्ष्म तरिकाहरु मध्ये एउटा हो, खैरो र कालो क्षेत्रहरुमा विभाजन गरेर हो । “खैरो र कालो क्षेत्रहरु के हुन्” भनेर तपाई आफैलाई सोध्दै हुनुहुन्छ होला । कालो क्षेत्र भनेको के हो भन्ने कुरा बुझेर सुरु गरौँ । कालो क्षेत्रले “मैले ठेस खाएँ” भनेर कसैलाई भन्ने ठाँउ दिँदैन । कालो क्षेत्र स्पष्ट छः पोर्न साइटहरु, हुक-अप एपहरु, यौन भिडियोहरु र पत्रिकाहरु र अन्य चीजहरु बीचमा यौन अनैतिक स्रोतहरु । कालो क्षेत्रहरु पापपूर्ण छन्, र हामीले त्यस्ता अवसरहरु हामीकहाँ आउँदा हामी भाग्नुपर्छ ।

अब खैरो क्षेत्र भनेको के हो बुझौँ । खैरो क्षेत्र स्पष्ट रुपमा पापपूर्ण नहुन सक्छ । तैपनि, यो एउटा यस्तो क्षेत्र हो जसले अन्ततः तपाईलाई दुष्ट कुराहरुतर्फ डोऱ्याउनेछ जुन तपाईले सोच्नु वा गर्नु हुँदैन भनेर थाहा पाउनुहुन्छ । एक खैरो क्षेत्रले तपाईलाई आफ्नो सम्भावित कार्यको बुद्धिको आन्तरिक बहस गर्न र त्यसको मूल्यांकन गर्न उत्प्रेरित गर्नेछ र शंका र औचित्यको बीउ रोप्ने कारण बनाउँछ जसले अन्ततः तपाईलाई सन्झौतामा लैजान्छ । खैरो क्षेत्रहरु व्यक्तिगत हुन्छन् र ती व्यक्ति-व्यक्ति अनुसार फरक भए तापनि, सबैसँग खैरो क्षेत्रहरु हुन्छन् । यसलाई सरल रुपमा भन्नुपर्दा, खैरो क्षेत्रहरु हाम्रो कौतूहलताको गलत दिशा हो । हामीले सामना गर्ने सबैभन्दा ठूलो परीक्षा भनेको हाम्रो कौतूहलतालाई कहाँ डोऱ्याउनु हो । तर धेरै चोटि हामी एकपछि अर्को बहाना बनाएर अस्वस्थ्यकर कौतूहलता र खैरो क्षेत्रहरुको अन्वेषणलाई जायज ठहराउने प्रयास गर्छौं । बहानाहरु जस्तै, “कुरा धेरै बिग्रिनुभन्दा पहिले म रोकिन्छु”, “नयाँ के छ मलाई आश्चर्य लाग्छ”, “यो केवल एक झट्ट हेर्ने मात्र हो”, वा “यो त्यति नराम्रो पनि छैन मैले यो भन्दा नराम्रो देखेको छु” । जब हामीले आफ्नो सीमाहरु यति खुकुलो राख्छौँ कि हामीले ती सीमाहरुलाई बारम्बार उल्लंघन गर्छौं, हामी खैरो क्षेत्रहरुतर्फ निर्देशित पापी उत्सुकतालाई त्याग्ने कुराको रुपमा हेर्न असफल हुन्छौँ ।

यदि तपाईं आफ्नो जीवनमा विजय हेर्न चाहनुहुन्छ भने, तपाईंले पाप प्रतिको उत्सुकता आफ्नै झुटको साथ आँउछ भन्ने कुरा तपाईले बुझ्नु आवश्यक छ । झुटहरु जसले तपाईलाई विश्वस्त गराउने प्रयास गर्दछ कि तपाईको उत्सुकताको अन्वेषणको लागि एकदमै कम परिणामहरु हुनेछन्, यदि त्यहाँ कुनै पनि छन् भने । झुटहरु जसले कसैले थाहा नभएसम्म कसैलाई चोट लाग्ने छैन भन्दछ । । झुटहरु जसले आफूले बिरलै गर्ने कुरा विगतका दिनहरुले सम्झाए तापनि आफू बलियो छु भन्दछ । झुटहरु जसले कुनै न कुनै तरिकामा पापको उत्सुकतापूर्ण खोजको औचित्य पुष्टि गर्छ । पापको सीमारेखा (खैरो क्षेत्रहरु) मा रहेका क्षेत्रहरुको बारेमा उत्सुकताले तपाईलाई अन्ततः स्पष्ट रुपमा पापपूर्ण (कालो क्षेत्रहरु) ठाउँहरुमा लैजान्छ ।

जब हामी यो कुरामा सहमत हुन सक्छौँ कि उत्सुकता आफैमा खराब छैन, तपाईले आफ्नो उत्सुकतालाई कहाँ निर्देशित गर्नुहुन्छ जुन बाटो तपाई हिड्नुहुनेछ भनेर तपाईले थाहा पाउन् भन्ने

हामी चाहन्छौँ । तपाईंले आफैलाई भन्न सक्नुहुन्छ, “उत्सुकताले यस पटक पापतर्फ डोऱ्याएन ।” तथापि, विश्वासीको रुपमा तपाईको लक्ष्य पाप नगरिकन कति चोटि पापलाई अंगाल्नुभयो भनेर हेर्नु होइन । सत्य यो हो कि उत्सुकताले यस पटक पापतर्फ डोऱ्याउन नसके तापनि यो कुनै न कुनै समयमा पक्कै हुनेछ । उत्पत्ति ४:७ हामी सबैको लागि राम्रो सम्झनुपर्ने पद हो, “यदि तैँले जे ठीक छ त्यो गरिस् भने तँ ग्रहणयोग्य हुँदैनस् र ? तर यदि तैँले ठीक गरिनस् भनेता पाप तेरो ढोकैमा ढुकिबस्छ । त्यसको इच्छा तँ प्रति हुन्छ, तर तैँले त्यसलाई अधिन गर्नैपर्छ ।”

तपाईं खैरो वा कालो क्षेत्रको सामना गर्दै हुनुहुन्छ भने परमेश्वरलाई पवित्र र आदर गर्ने तरिकामा परिक्षाको सामना गर्न सक्नुहुन्छ । यदि समुदाय र उत्तरदायित्वको ध्यानमा राखेर राम्रा छनौटहरु हुन्छन् भने, हामी कालो क्षेत्रहरुसँग जस्तै किन खैरो क्षेत्रहरुसँग सचेत रहन सक्दैनौँ ? एउटा सामान्य कारण हो, सादा र सरल आलस्य; हामी लडाइँ गर्न चाहँदैनौँ र हामी सबै कुरा सजिलो र सहज भएको चाहन्छौँ । अथवा हामी छनौटहरु गर्छौं, जहाँ हामीले एउटा सानो पाप धेरै भन्दा बेस हो भनेर निर्णय गरेका छौँ । हामीले यो महसुस गरौँ वा नगरौँ, यो प्रभावले पापले हामीमाथि प्रभुत्व जमाउन सक्छ । तसर्थ, हामीले सम्झौताको कुनै पनि क्षेत्रलाई बेवास्ता गर्दै र त्यसलाई जरै समेत उखालेर आफ्नो जीवन जीउनुपर्छ । हामीले जस्तोसुकै पापपूर्ण परिक्षाको सामना गर्नु परे तापनि परमेश्वरको वचन र पवित्र आत्माको शक्तिद्वारा हामीलाई दृढ रहन अख्तियार छ भन्ने कुरा बिर्सनु हुँदैन (एफिसी ६:१४) । जब तपाई आफ्नो औंलाहरु खैरो वा कालो क्षेत्रमा डुबाउने महसुस गर्नुहुन्छ, हामी तपाईलाई खीष्टको अनुकरण गर्न प्रोत्साहन दिन्छौँ जब शैतानले उहाँलाई उजाडस्थानमा परिक्षामा पार्न खोजिरहेको थियो (मत्ती ४) । हामीलाई थाहा छ कि येशूले मरुभूमिमा ४० दिन बिताउनुभयो र सम्भवत: शत्रुले सोचेको थियो कि येशू कमजोरी र सम्झौता गर्न इच्छुक हुनुहुन्छ । तर येशूले यी धेरै परिक्षाहरुमा कसरी प्रतिक्रिया दिनुभयो ? के उहाँले रेखा पार नगरी कति नजिक पुग्न भनेर हेर्नुभयो ? होइन ! उहाँले त्यस परिक्षालाई चिन्नुभयो, र उहाँले दृढतापूर्वक र तुरुन्तै एउटा सबैभन्दा शक्तिशाली हतियार - परमेश्वरको वचन प्रयोग गरेर त्यसको सामना गर्नुभयो । बाइबलले पवित्रताको जीवन बिताउन सजिलो हुन्छ भनेर बताउँदैन; तथापि, शैतानले मात्र यो असम्भव छ भन्छ । अनि हामीलाई थाहा छ कि त्यो झुटको पिता हो (यूहन्ना ८:४४) । परमेश्वरले सँधै बाहिर निस्कने बाटो दिनुहुन्छ, र उहाँ झुट बोल्नुहुन्न (१ कोरिन्थी १०:१३) ।

पापपूर्ण उत्सुकताको छोटो बाटोले केवल अन्त्यको बाटोतर्फ डोऱ्याउनेछ । त्यसकारण, अर्को पटक तपाई खैरो क्षेत्रहरुसँग खेल्न वा कालो क्षेत्रहरुमा लुक्न चाहानुहुन्छ भने, त्यहाँ बस्नुको बहानाको सट्टा बाहिर जाने बाटो खोज्नुहोस् । आज, के तपाई कुसको छेउमा अपवित्र कौतूहलता छोड्न तयार हुनुहुन्छ? किनभने यो एक मात्र सिद्ध स्थान हो जहाँ तपाईले यसलाई साँच्चै जान दिन सक्नुहुन्छ ।

म सम्बन्धीत हुन सक्छु

सानो छँदा चिडियाखानाको यात्रा सधैँ रमाइलो हुन्थ्यो र मलाई विशेष गरी घस्रने जीवको घरको भयानक अन्धकार मनपर्थ्यो । यसको अद्भुत छलावरणले गर्दा प्राय जसो हुन्छ, मैले सर्प वा छेपारो पत्ता लगाउन केही समय र ध्यान दिन्थेँ । बाइबलले हाम्रो शत्रुलाई सर्पको रुपमा चिनाउँछ, र चिडियाखानामा भएकाहरुले जस्तै त्यसले पनि आफूलाई एकदमै राम्ररी छद्मभेषी बनाउँछ । त्यो सधैँ त्यहाँ हुन्छ र हामीलाई नजिक ल्याउन सधैँ प्रयास गर्दछ । अनि यसो गर्दा हाम्रो आँखा अँध्यारोमा घुलमिल हुन्छ । चाँडै खैरो हुँदै गएपछि त्यो कुरा नयाँ नियम हुन्छ र हामीले पहिले अँध्यारो वा कालो

ठानेका कुराहरु खैरो देखिन थाल्छन् । हामी नयाँ नियमअनुसार आफ्नो सीमाहरु तोकिदिन्छौं र यो थाहा पाउनुअघि हामी पूर्णतया पापको अन्धकारमा बसिरहेका छौं । जब म प्रदर्शनीबाट प्रदर्शनीमा गएँ तब हाँगाहरुमा घस्रने जन्तुहरु पत्ता लगाउन सजिलो भयो किनभने मैले तिनीहरुका चिन्हहरु राम्ररी चिन्न सकें र के खोज्ने भनेर थाहा पाएँ । र त्यसैगरी, थोरै अभ्यासको साथ, तपाई पनि खैरो क्षेत्रहरु चिन्न सक्नुहुन्छ र त्यसबाट बच्न सक्नुहुन्छ । अन्धकारबाट बच्नुहोस् र शत्रुको बादलले पुत्रलाई ओझेलमा पार्न नदिनुहोस् ।

प्रश्नहरु

- तपाईंको लागि केहि खैरो क्षेत्रहरु के हुन् ?
- किन हामी प्रायः जालमा फस्छौं र आफैलाई खैरो ठीक छ भनेर विश्वस्त बनाउँछौ ?
- खैराबाट टाढै रहन र उज्यालोमा निरन्तर हिड्नको लागि तपाईले कस्ता व्यावहारिक कदमहरु चाल्न सक्नुहुन्छ ?

सत्र १३: जाँचसूची
“परमेश्वरले तपाईंको पापहरुमा भन्दा तपाईंको हृदयको दिशामा बढी चासो राख्नुहुन्छ ।” - रिक वारेन

एकछिनको लागि कल्पना गर्नुहोस् कि तपाईं बेसबल खेलमा ब्याटर हुनुहुन्छ । तपाईंले देख्नुभयो कि पिचर उसको वाइन्डअपमा जाँदै छ र तपाईंले आउँदै गरेको पिचको अनुमान गर्नुहुन्छ । के यो प्लेटको बिचमा फास्टबल हुनेछ, वा यो कर्भबल हुनेछ जसले तपाईंको घुँडालाई बकसाउछ ? सायद पिचरले तल धूलोमा पिच फ्याँक्नेछ वा तपाईंलाई त्यो जोगाउनबाट टाढा फ्याँक्नेछ, र तपाईंलाई प्रहार गर्नेछ ।

हामी किन बेसबल खेलमा हिटरको समानता प्रयोग गर्छौं ? किनभने हाम्रो शुद्धताको खोजी ब्याटरको पेटीमा हिटरको जस्तै हो । प्रायजसो ब्याटरलाई पिचरले फ्याँक्ने ठ्याक्कै पिच थाहा नहुने भए तापनि तिनीहरुले पिचर र उसको शैली र बानीहरु अध्ययन गरेर आफूलाई तयार गर्न सक्छन् । तिनले थप अभ्यास गरेर, प्लेट अनुशासन दिएर अनि “उनको” पिचको प्रतीक्षा गरेर आफूलाई तयार गर्न सक्छ । यो तपाईं र तपाईंको दैनिक शुद्धता र पूर्णताको खोजीमा पनि उस्तै छ । पिचको अपेक्षा गर्ने हिटरको सट्टा, तपाईं परमेश्वरको एक व्यक्ति हुनुहुन्छ जसले शत्रु र त्यसले हाम्रो बाटोमा फ्याँक्ने दैनिक जीवनका प्रलोभनहरु, संघर्षहरु, र परिक्षाहरुको सामना गर्न आफूलाई तयार गर्दै हुनुहुन्छ । हामी सबैसँग कामुकता र यौन पापको अस्वस्थ्यकर मार्गतर्फ धकेल्न सक्ने प्रलोभनहरु छन् । हामीमध्ये धेरैले त्यस्तै प्रलोभनहरु सामना गर्न सक्छौं, तर हामीसँग त्यस्तो प्रलोभनहरु पनि छन् जुन हाम्रो लागी फरक छन् । धेरै मानिसहरुले सामना गर्नु पर्ने केही सामान्य प्रलोभनहरु यसप्रकार छन् ।

एक्लोपन र अस्वीकृति
कहिलेकाहीं हामी सबै एक्लो महसुस गर्छौं, चाहे हामी अविवाहित, विवाहित वा सम्बन्धमा छौं । एक्लोपनले सबै मानिसहरुलाई असर गर्न सक्छ र गर्छ पनि । तर जब एक्लोपनले विभिन्न समयमा सबै मानिसहरुलाई असर गर्छ, हामी होसियार हुन आवश्यक छ कि हामीले पोर्नोग्राफी हेर्नको लागि “आवश्यकता” लाई जायज ठहराउनको लागि एकान्तमा भएर त्यसलाई बहानाको रुपमा प्रयोग गर्दैनौं । कसै-कसैले आफू अविवाहित भएकोले तिनीहरुसँग यौन आवश्यकताहरु पूरा नभएको कुरा आफैलाई बताउन सक्छन् । विवाहितहरु पोर्नोग्राफी हेर्न जान सक्छन् किनभने तिनीहरुलाई आफ्नो वैवाहिक सम्बन्धमा आत्मीयताको कमी भएको वा उनीहरुको यौन जीवन आफूले आशा गरेको जस्तो नभएकोले हो कि जस्तो लाग्न सक्छ । माथि सूचीबद्ध आवश्यकताहरु मान्य भए तापनि हामीले हाम्रा आवश्यकताहरु परमेश्वरको स्तर र हाम्रो जीवनमा भएकाहरुलाई आदर गर्ने तरिका अनुसार पूरा गर्नुपर्छ । परमेश्वर हाम्रो गहिरो पहिचान र पूर्तिको स्रोत हुनुहुन्छ र उहाँले हामीलाई उहासँग र अरुसँग सम्बन्धको आवश्यकताको साथ सृष्टि गर्नुभयो । त्यसोभए, हामीले एक्लोपनसँग सामना गर्न सक्ने एउटा तरिका के हो ? येशूलाई हेरौं । येशूले एक्लोपन र अस्वीकृतिको सामना गर्नुभयो, तर उहाँले पाप गर्नुभएन । निस्सन्देह, हामी येशू जस्तो सिद्ध छैनौं, त्यसैले हामीले के गर्नुपर्छ ? उहाँको जीवनले हामीलाई देखाउँछ कि उहाँ हामीसँग सम्बन्धित हुनुहुन्छ र हामीले एक्लो महसुस गर्दा वा त्यागिएको महसुस गर्दा समेत परिक्षाहरुबाट बाहिर निस्कने बाटो देखाउनुहुन्छ (हिब्रू ४:१५) । येशूको जीवनले हाम्रो लागि प्रेरणा मात्र होइन; यो हाम्रो लागि अनुकरण गर्नको लागि एक नमुना हो । तपाईं कसरी एक्लोपन र अस्वीकृतिको सामना गर्नु सिक्न सक्नुहुन्छ ? तपाईंले उत्कृष्ट उदाहरणबाट सिक्न सक्नुहुन्छ । येशूको जीवनलाई नियाल्न केही समय निकाल्नुहोस् र यी चुनौतीहरुप्रति उहाँले कस्तो प्रतिक्रिया देखाउनुभयो, विचार गर्नुहोस् ।

क्रोध र निराशा

हामी सबै रिसाउँछौं । येशू पनि रिसाउनुभयो । रिस अन्यायको लागि एक सामान्य प्रतिक्रिया हो, तर हामीले पापतिर नलैजाने तरिकामा क्रोधलाई कसरी सामना गर्ने भनेर सिक्नुपर्छ (एफिसी ४:२६) । जब हामी रिसाउँछौं, हामी पोर्नोग्राफी वा यौन अनैतिकता जस्ता पापपूर्ण माध्यमहरु मार्फत मनको भावना र निराशालाई मुक्त गर्न खोज्छौं । तर एफिसी ४:२७ ले हामीलाई बताउँछ कि सुल्झाउन नसकिने रिस शत्रुको लागि खुल्ला ढोका हो । र यदि शत्रुले आफ्नो हात पछ्यायो भने, त्यसले हामीलाई पापपूर्ण व्यवाहारमा संलग्न हुने थप मौका दिनेछ । यसैकारण हितोपदेश ४:२३ मा परमेश्वर हामीलाई आफ्नो हृदयलाई सुरक्षित राख भन्नुहुन्छ । रिस तपाईंको दिमागमा वा भावनाद्वारा सुरु भएता पनि यसले सँधै तपाईंको हृदयमा घर बनाउन चाहन्छ । आजको तीव्र र तनावग्रस्त संसारमा तपाईंले पक्कै पनि मानिस तथा परिस्थितहरुको सामना गर्नुहुनेछ जसले गर्दा तपाईं रिसाउनुका साथै निराश हुनुहुनेछ । प्रश्न यो छ, के तपाईं यी भावनाहरुलाई बाइबलिय रुपमा आदर गर्ने तरिकामा व्यवाहार गर्नुहुन्छ, वा तपाईं तिनीहरुलाई तपाईंको हृदयलाई विषाक्त बनाउन दिनुहुन्छ । निस्सन्देह हामी सधैँ सबैभन्दा राम्रो उदाहरणबाट क्रोध र निराशाको सामना कसरी गर्ने भनेर सिक्न सक्छौं । येशूको जीवनलाई नियाल्न केही समय निकाल्नुहोस् आफूमाथि भएको अन्याय र उहाँले भोग्नुभएको धर्मी भावनाहरुप्रति उहाँले कस्तो प्रतिक्रिया देखाउनुभयो, विचार गर्नुहोस् ।

तनाव र नियन्त्रणको कमी

कहिलेकाहीं जीवन कठिन हुन सक्छ । काम गर्ने ठाउँमा होस्, अरुसँग होस् वा हाम्रो वैवाहिक सम्बन्धमा पनि, हामी सबै पक्षबाट तनाव र दबाबको सामना गर्छौं जसले गर्दा अन्ततः हामीलाई हाम्रो संसारको नियन्त्रण गुमाएको जस्तो महसुस हुन सक्छ । यद्दपि, हामीले यी भावनाहरुलाई स्वस्थ, पवित्र र आदरणीय ढंगमा कसरी सामना गर्ने भन्ने सिक्नुपर्छ किनभने यो हामी सबैले चाहेको भन्दा धेरै पटक सामना गर्नेछौं (याकुब १:२-४) । सामान्यतया, जब हामी तनावमा हुन्छौं, हामीले अनुभव गरिरहेका भावनाहरुलाई हटाउने वा नियन्त्रण गर्ने प्रयास गर्छौं । हामी अलिकति मात्र भएपनि भाग्न खोज्छौं । र धेरै मानिसहरुको लागि, हामी पोर्नोग्राफीको काल्पनिक संसारमा भागिरहेका हुन्छन्, यो आशा लिएर कि यसले हाम्रो दिमागलाई यस क्षण (हरु) बाट टाढा लैजान्छ जुन हामी बेवास्ता गर्न चाहन्छौं । र हामी वास्तविकताबाट भाग्ने मात्र होइन, हामी आफ्नो नियन्त्रणको भावना पुनः प्राप्त गर्न चाहन्छौं र पोर्नले हामीलाई आफ्नो नियन्त्रणको झूटो अनुभूति दिन्छ । तपाईंले के हेर्नुहुन्छ, कहिले सुरु गर्नुहुन्छ, कहिले रोक्न सक्नुहुन्छ आदि नियन्त्रण गर्न सक्नुहुन्छ भन्ने सोच्नुहुन्छ । तर पोर्न र हस्तमैथुनमा क्षणिक संलग्नताले राहत र नियन्त्रणको अनुभूति गराउन सके तापनि भावनाहरु चाँडै कम हुन्छन् । काल्पनिक संसारले अन्ततः तपाईंलाई वास्तविकतामा फर्काउनेछ, र केवल यसपटक शर्म, दोष, र पछुतो भारी बोझले भरिएको हुनेछ । तपाईं कसरी तनाव र नियन्त्रणको कमीसँग सामना गर्न सिक्न सक्नुहुन्छ ? तपाईं सबैभन्दा राम्रो उदाहरणबाट सिक्न सक्नुहुन्छ । येशूको जीवनलाई नियाल्न केही समय निकाल्नुहोस् र तपाईंले सामना गरिरहनुभएको यस्तै परिस्थितहरुप्रति उहाँले कस्तो प्रतिक्रिया देखाउनुभयो, विचार गर्नुहोस् ।

थकान र अल्छिपना

मानिसहरुले भन्न सक्छन् कि तिनीहरु पापमा परेका किनभने तिनीहरु थकित थिए र त्यसैले दृढ भई खडा हुन असमर्थ थिए । होइन । जब कोही थकित हुन्छ, तिनीहरु आराम गर्छन् वा ओछ्यानमा जान्छन् । जब हामीले थकानलाइ पापको लागि बहाना बनाउँछौं, हामी सही छनौट गर्न धेरै थकित थियौं

भनिरहेका हुन्छौं । थकान त्यस्तो एउटा चीज हो जुन हामी सबैले अनुभव गर्छौं, र यो तपाईंको ध्यान र प्रतिबद्धतालाई तोड्न शत्रुको प्राथमिक उपकरणहरु मध्ये एक हो । मानिसको हैसियतमा हामी प्राय: आफ्नो सारा शक्ति काममा लगाउन सक्छौं, परमेश्वरको लागि पनि काम गर्न सक्छौं । हामी परियोजनाहरुमा काम गर्छौं, ईमेलको जवाफ दिन्छौं, गैर-नाफामूलक बोर्डहरुमा सामेल हुन्छौं, गरिबहरु र खाँचोमा परेकाहरुको सेवा गर्छौं, वा तपाईंको जुनसुकै जोश हुन सक्छ । समस्या यो तथ्यमा छ कि जब हामी भौतिक परियोजनाहरुमा धेरै काम गर्छौं, हामीले सामना गरिरहेको आत्मिकी लडाइँ लड्न जतिसुकै बल पनि खेर जान्छ । १ पत्रुस ५:८ ले हामीलाई बताउँछ कि शत्रु कसलाई भेट्टाऊँ र खाइहाँलू भनी खोजिहिँड्छ । हामी आत्मिकी लडाइँको लागि शारीरिक विश्राम आवश्यक छ । यो हाम्रो भौतिक शरीरको लागि मात्र होइन तर हाम्रो आत्मा र दिमागको स्फूर्तिको लागि पनि हो । लूका ५:१६, लूका ६:१२-१३, मर्कूस १:३५, र मर्कूस ६:३१-३२ मा येशूले यस प्रकारको विश्रामको बारेमा कुरा गर्नुहुन्छ । धेरै दिनहरु हुनेछन् जब तपाईं थकित महसुस गर्नुहुनेछ, तर तपाईंले यसको कारण पाप गर्नु पर्दैन । तपाईं कसरी थकानको सामना गर्न सिक्न सक्नुहुन्छ ? तपाईं सबैभन्दा राम्रो उदाहरणबाट सिक्न सक्नुहुन्छ । येशूको जीवनलाई नियाल्न केही समय निकाल्नुहोस् र थकानप्रति उहाँले कस्तो प्रतिक्रिया देखाउनुभयो, विचार गर्नुहोस् ।

जब हामी तनाव, क्रोध, एक्लोपन, वा थकानको कारणले विभिन्न प्रकारका यौन पापमा संलग्न हुने छनौट गर्छौं, हामी पापपूर्ण व्यवहारलाई उचित ठहराउन बहानाहरु प्रयोग गर्दछौं । यी प्रकारका बहानाहरु परमेश्वरको जनभन्दा एक बालकलाई सुहाउँदो छन्, हाम्रो नयाँ जीवन भन्दा हाम्रो पुरानो स्वभावलाई सुहाउँदो छन् । अब, यसको मतलब हामीले कठिन परिस्थितिहरु वा मानिसहरुको सामना गर्ने छैनौं भन्ने होइन, तर यसको मतलब हामी वा हामी वरपर जे भइरहेको छ, त्यसको बावजुद आज्ञाकारी र निष्ठावान् भएर हिँड्ने छनौट गर्नु हो । हाम्रो ख्रिष्टियन हिँडाइमा बढ्दै जाँदा र हाम्रो विश्वासमा परिपक्व हुँदै जाँदा यस्तो जीवनशैली र व्यवहार सजिलो हुनेछ (फिलिप्पी १:२७) । र जब हामी निरन्तर बढ्दै जान्छौं र परिपक्व हुँदै जान्छौं, हामी बुझ्छौं कि पापको परिणाममा आफ्नो पाप स्वीकार्नुभन्दा परीक्षाको समयमा प्रार्थना गर्नु सधैं बेस हो । आज तपाईं कसलाई सम्पर्क गर्नुहुन्छ जसले तपाईंलाई आफ्नो भावनाहरु र चाहनाहरुको प्रशोधन गर्न मद्दत गर्न सक्छ ताकि तपाईं पवित्र, स्वस्थ, र आदरणीय छनौटहरु गर्न सक्नुहुन्छ ?

म सम्बन्धीत हुन सक्छु

आफ्ना प्रलोभनहरु चिन्न सिक्नुले मलाई मेरो विचार र भावनाहरुबारे थप सचेत हुन मद्दत गऱ्यो । यद्धपि प्रलोभन जस्तो सुकै भए तापनि म सँधै आफैंसँग तर्क गर्छु र आफूले गर्न चाहेको कुराको सफाइ दिने कोसिस गर्छु । अनि "गर" भन्ने सानो दुई अक्षर किया त्यो कुराको सार हो । परिस्थितिले मलाई प्रलोभित गर्दा, म केहि "गरेर" प्रतिक्रिया दिन चाहन्थे - सामान्यतया केही अस्वस्थ्यकर र अपवित्र । मेरो कार्य अस्वस्थ्यकर र अपवित्र हुनेछ भनेर मलाई थाहा थियो, त्यसैले मैले तिनीहरुलाई "गर्नु" ठीक हने भनेर सफाइ दिनुपऱ्यो । हामी मानव जाती हौं भने पनि हामीलाई मानवगराई धेरै सजिलो लाग्छ । यो कुरा मरियम र मार्थालाई राम्रोसँग प्रदर्शन गरे, तर येशूले अझ राम्रो प्रदर्शन गर्नुभयो । यदि तपाईंले उहाँको जीवनलाई हेर्नको लागि समय निकाल्नुभयो भने तपाईंले पाउनुहुनेछ कि उहाँले धेरै समय एक्लै बिताउनुभयो, बसेर प्रार्थना गर्नुका साथै आफ्ना पितासँग कुरा गर्नुभयो । उहाँले पिताले भन्नु भए अनुसार र देखाउनु भए अनुसार मात्र गर्नुभयो । अर्को पटक अस्वस्थ्यकर र अपवित्र काम गर्ने

परिक्षा आउँदा कतै शान्त ठाउँमा जानुहोस् र पितासँग बस्नुहोस् । त्यसको साटो के गर्ने भनेर उहाँले तपाईंलाई बताउनुहुन्छ ।

प्रश्नहरु

१. पवित्र, स्वस्थ, र आदरणीय छनौटहरु गर्न कोसँग मद्दत लिन सक्नुहुन्छ ?

२. तपाईंको प्रलोभनहरु के के हुन् ?

३. "गर्नु" को सट्टामा तपाईं कुन-कुन तरिकामा "हुने" छनौट गर्न सक्नुहुन्छ ?

सत्र १४: झूटको बगैँचा

"यदि धर्मशास्त्रको अख्तियारमा विश्वस्त हुनुहुन्न भने, तपाईं जे सही लाग्छ त्यसैको दास बन्नुहुनेछ ।"
- म्याट चान्डलर

हाम्रो शुद्धताको र पूर्णताको खोजीमा, हामीले विश्वास गर्ने झूटहरु र परमेश्वरको वचनको नफेरिने सत्यबीच भिन्नता कसरी छुट्याउने भनेर सिक्नु आवश्यक छ किनभने दुवै बीचको भिन्नता पातलो रेखा हुन सक्छ । यदि तपाई निरन्तर शुद्धताको जीवनशैली जिउन चाहनुहुन्छ भने तपाईंले आफ्नो सोचाइमाथि प्रभुत्व राख्नुपर्छ । शुद्धताको जीवनशैली तपाईले गर्ने काममा मात्र होइन, तर तपाईंले हृदयमा राख्नुभएको र मनमा सोच्ने कुरामा पनि हुन्छ । शुद्धताको लागी लडाई सधैँ एक वा हुनेछ र हाम्रा हृदयहरु र विचारहरु असल र खराब दुबैको लागि उर्वर भूमि हुन्, र यसैले हामीले हाम्रो हृदयलाई सुरक्षित राख्नुपर्छ (हितोपदेश ४:२३), आफ्नो मनमा नयाँ हुनुपर्छ (रोमी १२:२), हाम्रा विचारहरुलाई वशमा पार्नुपर्छ (२ कोरिन्थी १०:५) । हामीले आफ्नो हृदयमा र मनमा बढ्न दिने झुटहरुले हाम्रो मनसाय र इच्छाहरुलाई असर गर्नुका साथै अपवित्र र अधर्मी तरिकामा काम गर्न लगाउन सक्छ । तर धेरै मानिसहरुको कमजोरी भनेको अल्छीपन हो । हामी आफ्नो विचारहरुलाई वशमा पार्न अल्छी गर्छौं । कहिलेकाहीँ, खराब काम सधैँ खराब विचारमा आधारित हुन्छ भन्ने कुरा थाहै नपाई खराब काम गर्नु भन्दा खराब विचार नै राम्रो हो जस्तो हामीलाई लाग्छ । हामीले मानसिक ओछ्यानबाट उठ्नुपर्छ, अल्छी हुन छोड्नुपर्छ, र परमेश्वरको सत्यलाई अँगाल्न केही उद्देश्यपूर्ण प्रदर्शन गर्न थाल्नुपर्छ ! अनि हामी कसरी त्यसो गर्न सक्छौं ? हामीले परमेश्वरको वचन र यसको परिवर्तनकारी शक्ति हाम्रो मार्गको निम्ति ज्योति हो (भजनसंग्रह ११९:१०५), यसरी हामीले आफ्नो चालचलन चोखो चाख्न सक्छौं (भजनसंग्रह ११९:९), र यसले नै हामीलाई बनाउँछ (हिब्रू ४:१२) । यदि हामी परमेश्वरको मानिसहरुको रुपमा बढ्न चाहन्छौं भने हामी परमेश्वरको वचनमा अडिएको हुनुपर्छ । यो सरल छ, तर यसको लागि हाम्रो प्रयास र प्रतिबद्धता आवश्यक पर्नेछ ।

अब हामी परमेश्वरको वचनमा एकनासले समय बिताउन र आफ्नो विचारमाथि प्रभुत्व देखाउन तयार भएकोले हाम्रो विचार कहाँबाट आँउछ, विचार गर्नुहोस् । तिनी निम्न तीन स्रोतहरुबाट आउँछन्: परमेश्वर, शत्रु र हामी । हामी जान्दछौं कि परमेश्वर पूर्ण सत्य हुनुहुन्छ (हितोपदेश ३०:५), त्यसैले उहाँको वचनमा पाइने सत्यबाहेक अरु केही हुनेछैन । यदि यो विचार शत्रुबाट आएको हो भने, हामी जान्दछौं कि त्यसले जे भन्छ परमेश्वर, उहाँको मार्गहरु, वा उहाँको वचनलाई आदर गर्दैन (यूहन्ना ८:४४) । परमेश्वर वा शत्रुलाई विचारहरु चिन्न र श्रेय दिन सजिलो हुन सक्छ,तर हाम्रा विचारहरु पनि छन् जुन कहिलेकाहीं आफूलाई धूर्त झूटको रुपमा लुकाउन सक्छ । यहाँ मानिसहरुले राख्ने धूर्त झूटका केही सामान्य उदाहरणहरु यसप्रकार छन् ।

- मेरो काम सबैभन्दा महत्वपूर्ण कुरा हो । यो म हुँ ।
- मानिसहरुले मलाई मेरो प्रस्तूतिको लागि मात्र मन पराउँछन्, र म जान्दछु कि परमेश्वर पनि त्यसतै महसुस गर्नुहुन्छ ।
- परमेश्वर मसँग निरास हुनुहुन्छ किनभने म मेरो आत्मिकी वरदानहरुको असल भण्डारे छैन ।
- मैले दिनहुँ सामना गर्ने पापी संघर्षबाट कहिल्यै मुक्त हुनेछैन ।

- कुनै पनि स्त्रीले मसँग कहिले पनि विवाह गर्न चाहँदैनन् यदि उनीहरुले म र मैले के सँग संघर्ष गरिरहेको छु भनेर थाहा पाए भने ।
- म आज परमेश्वरसँग समय बिताउन एकदमै व्यस्त छु । म भोलि मात्र गर्नेछु ।
- कोही पनि सिद्ध छैन, तर कम्तिमा म अरु जस्तो नराम्रो छैन । म अझै शनिबार चर्च जाने गर्छु ।

शत्रु वा आफैबाहेक अन्य स्रोतहरुबाट पनि शर्मनाक तथा धूर्त झूटहरु आउन सक्छ । ती पत्रिकाहरु पढ्ने, टिभी हेर्ने, वा संगीत सुन्ने जस्ता निर्दोष जस्तो देखिने स्रोतहरुबाट पनि आउन सक्छन् । यी झूटहरुले प्रायः आफूलाई "सान्दर्भिक", "वर्तमानमा रहनु", वा "सबैले गरिरहेका छन्", आदि भनी भेष धारण गर्न सक्छन् । र जब झूटको कुरा आउँदछ, शत्रुले तिनीहरुलाई एक पोकामा लुकाउन पाउँदा धेरै खुसी हुन्छ जुन तपाईले फ्याँक्न भन्दा खोल्न सक्नुहुन्छ (२ कोरिन्थी ११:१४) । चाहे विचारहरु शर्मनाक होस् वा धूर्त, ती सधैँ छली र विनाशकारी हुन्छन् । तिनीहरु छली छन् किनभने तिनीहरुसँग सत्यका तत्वहरु छन् जसले सम्पूर्ण सत्यको रुपमा ढाँट्छन् र ती विनाशकारी पनि हुन्छन् किनभने तिनीहरुले तपाईलाई परमेश्वरको वचनको सत्यबाट आउने स्वतन्त्रताको पूर्णता अनुभव गर्न र ख्रीष्टसँग सम्बन्ध राख्नबाट टाढा राखेका छन् ।

मानौँ, तपाईंको मन एक बगैँचा जस्तै हो, र परमेश्वरको वचनले फूलहरु, बोटबिरुवाहरु, तथा रुखहरु उमारेर त्यसलाई सुन्दर बनाउँछ । जब तपाई ख्रीष्टमा को हुनुहुन्छ भन्ने सिक्नुहुन्छ (१ पत्रुस २:९), धर्मशास्त्रमा विचार गर्नुहोस्, र अन्य पुस्तकहरु पढ्नुहोस् जसले तपाईको नँया पहिचानको विकास गर्दछ र परमेश्वरको अपरिवर्तनीय सत्यलाई आफ्नो जीवनमा बलियो बनाउँदछ, यो केही कुरामा जरा लिनेछ र फूल्नेछ जुन सुरुदेखि नै तपाईको लागि थियो । यद्दपि, होसियार हुनुपर्छ किनभने शत्रुले अचम्म गतिले बढ्न सक्ने सामा (शर्मनाक तथा धूर्त झूटहरु) छर्न खोज्छ । यदि तिनीहरुलाई हेरिएन भने तिनीहरुले बगैँचाको हरेक क्षेत्र आफ्नो नियन्त्रणमा लिन थाल्नेछन् । अन्ततः सामाहरुले सुन्दर बोटहरुलाई निसासिदिन्छ र तपाईको बगैँचा कुनै काम नलाग्ने र सबै असल र सुन्दर कुराको लागि विषालु वृद्धिको थुप्रो बन्नेछ । जसरी तपाईले आफ्नो बगैँचाबाट सामा उखेल्नुहुन्छ, त्यसरी नै तपाईले बाहिर उखेल्नुपर्ने झूटहरु के हुन् ? तपाईलाई थाहा भएको झूटहरु अवस्थित छन् तर छोड्न धेरै गाह्रो देखिन्छ । ती झूटहरु अर्थात् सामाहरुलाई प्रकट गरेर उहाँको सत्यको प्रकाशमा ल्याउनुपर्छ र एकै पटक त्यसको सामना गर्नुपर्छ । यदि गरिएन भने, तिनीहरुले अन्ततः तपाई ख्रीष्टमा को हुनुहुन्छ भन्ने सत्यलाई ओझेलमा पार्नेछ र तपाईको आत्मिकी हिँडाइलाई असर गर्नेछ । यो कुरा सम्झनु सार्थक छ कि शैतानले पृथ्वीकै पहिलो बगैँचा अदनमा प्रवेश गर्‍यो । त्यहाँ त्यसको धूर्त झूटले जरा गाड्यो र मानव इतिहासलाई असर गर्‍यो । हामी यस उदाहरणबाट पाठ सिक्न सक्छौँ र आदम र हव्वाले जस्तो गल्ती गर्ने छैनौँ । आज पवित्र आत्मालाई आफूले अझै पकिराखेको कुनै पनि झूटहरु देखाउन आग्रह गर्नुहोस् र उहाँको शक्ति र अगुवाइ लिएर परमेश्वरको वचनद्वारा सफा गरि जरै देखि बाहिर उखेल्नुहोस् । यसको मतलब विगतका झूटहरु फेरी विश्वास गर्न सजिलो हुनेछ भन्ने होइन । यद्यपि, यसको मतलब यो हो कि तपाईले नयाँ दिशा जुन सत्यको दिशामा कदम चाल्न थाल्नुभएको छ । र यो सत्यले नै तिमीहलाई स्वतन्त्र तुल्याउँछ (यूहन्ना ८:३१-३२) ।

म सम्बन्धीत हुन सक्छु

म जान्दछु कि मेरो हृदयलाई सुरक्षित राख्ने सबैभन्दा राम्रो तरिका परमेश्वरको वचनमा समय बिताएर आफ्नो मनलाई नयाँ बनाउनु हो । जबसम्म म त्यसो गर्छु तब मेरो मनले सत्यको नजरद्वारा मेरा भावनाहरुलाई हेर्न सक्छु र उहाँले मेरो अगाडि राखिदिनुभएको बाटोमा हिँडिरहन सक्षम हुन्छु । तर

कहिलेकाहीँ म अरु कुराहरुलाई आउन दिएर गल्ती गर्छु । यसो गर्दा उहाँको दैनिक भोजन लिन झन् गाह्रो हुँदै जान्छ । अनि मेरा भावनाहरुले मेरो दिमागलाई होइन तर मेरो कामलाई वशमा राख्न थाल्छ । हाम्रो शत्रुले २,००० वर्षभन्दा बढी अभ्यास गरेको छ । त्यसलाई हाम्रो कमजोरी थाहा छ र हामीलाई नरकको बाटोतर्फ लोभ्याउने प्रयासमा सधैँ सूक्ष्म हुन्छ । शैतानको चालबारे हुन तपाईले शैतानसँग नाच्नुपर्छ भन्ने सोचेर गल्ती नगर्नुहोस् । जब बैंक टेलरहरु नकल्ली कुराहरु चिन्न प्रशिक्षण दिइँन्छ, तिनीहरुलाई नकल्ली बिलहरु दिइँदैन, तर साँचो लेख, वास्तविक मौद्रिक नोटहरु मात्र चलाउन घण्टौं, हप्ता र महिना बिताउँछन् । किन ? किनभने तिनीहरु वास्तविक कुरासित यत्ति परिचित हुन्छन् कि नक्कली कुराहरु जस्तोसुकै भए तापनि सजिलै चिन्न सकिन्छ ।

प्रश्नहरु

१. परमेश्वरको वचनमा दैनिक समयप्रति वचनबद्ध हुन तपाईलाई कस्ता कदमहरु चाल्न सक्नुहुन्छ ?
२. तपाईं सामान्य झूटहरु मध्ये कुनसँग सम्बन्धीत हुनुहुन्छ र के तपाईंलाई थाहा भएका अरु पनि झूट छन् ?
३. आफ्नो जीवनमा बोल्न र तपाईले विश्वास गर्नुभएको केहि झूटहरु चिन्न मद्दत गर्न कसलाई आमन्त्रण गर्न सक्नुहुन्छ ?

सत्र १५ : असल भण्डारे हुनुहोस्

“पति एउटा माली जस्तै हो र तपाईंसँग आफ्नी पत्नीको चाहना, भावना, आशा, र सपनाहरुको पालनपोषण र हेरचाह गर्ने विशषाधिकार छ ।” - क्रिश्चियन लेन्टी

भण्डारेपन भनेको यस्तो शब्द हो जुन तपाईंले प्रायः आजको शब्दावलीमा सुन्न सक्नुहुन्न । वास्तवमा, यो एउटा दुःखद लाग्दो कुरा हो किनभने भण्डारेपन एक शक्तिशाली शब्द हो । शब्दकोशमा, भण्डारेपनको परिभाषा भनेको कुनै संस्था वा सम्पत्तिको हेरचाह वा जिम्मेवार हुनु हो । यो कुनै व्यक्तिगत कार्य वा घनिष्ठ सम्बन्धको सन्दर्भमा प्रयोग गरिँदैन, तर हामीलाई लाग्छ कि यो लागू हुन्छ ... र धेरै राम्रोसँग लागू हुन्छ । हाम्रो सम्बन्ध र विवाहमा भरोसा एउटा अत्यावश्यक तत्व हो । त्यसर्थ, परमेश्वरका मानिसहरुको रुपमा हामीले सबैभन्दा पहिला आफ्नो जीवनसाथीको भरोसालाई गम्भीरतापूर्वक भण्डारण गर्ने जिम्मेवारी लिनु आवश्यक छ । भरोसा विकास गर्न जीवनभर लाग्न सक्ने भए तापनि एउटा गलत निर्णयले गर्दा धेरै लामो समयसम्म वा सधैँको लागि गुम्न सक्छ । त्यसैले हाम्रो वैवाहिक सम्बन्धमा असल भण्डारेपन सबैभन्दा महत्वपूर्ण छ ।

धेरै मानिसहरुले आफ्नो जीवनसाथीको विश्वास गुमाउने एउटा सामान्य संघर्षलाई हेर्रौं: पोर्नोग्राफीको प्रयोग । मानिसहरुले पोर्नोग्राफीलाई कुनै भावनात्मक संलग्नता अहानिकारक अलमल्याउने कुरा ठान्न सक्छन् । आखिर, तपाईले उसलाई चिन्नुहुन्न, उसल तपाईलाई चिन्दैन, र यो सबै “कुनै हानि छैन, कुनै खराबी छैन” जस्तो देखिन्छ । तर धेरैजसो मानिसहरुले पोर्न हेर्नु भनेको दबाईएको चाहनाहरु र भावनाहरु, पट्टयार, तनाव, आदिबाट मुक्ति खोज्नु हो भन्न सक्छन्, हाम्रा पत्नीहरु र अरु महत्वपूर्ण व्यक्तिले यसलाई उस्तै देखिँदैन । अश्लील र हस्तमैथुनलाई आफ्नो छवि, शरीर र आफ्नो आत्मसम्मानको निणर्यको रुपमा हेर्छन् । पोर्नोग्राफीले यसमा संलग्न व्यक्तिलाई मात्र असर गर्दैन; यसले तपाईंको पत्नीको तपाईंसँगको सम्बन्धमा भेट्टाउने विश्वासलाई र भरोसालाई पनि नष्ट गर्छ । यो मात्र १५ सेकेन्डको कामुकताको लागि विनाशकारी नतिजा हुन सक्छ - फलस्वरुप हरेक दिन, जतातै वैवाहिक जीवनलाई नकारात्मक असर पार्छ । “पाप गर्ने-पश्चात्ताप गर्ने - फेरी त्यही दोहोर्याउने” चक्रमा फसेको जस्ता देखिने एउटै पापलाई दोहोऱ्याएर हामीले आफ्नो पत्नीको भावनाको दुरुपयोग गर्दा झनै बिग्रन्छ । जब हामी आफ्ना पत्नीहरुलाई हाम्रो “गल्ती” भन्छौँ, जुन वास्तवमा शर्मनाक पाप हो, यो एउटा चिप्लोपन मात्र थियो र यो फेरि हुनेछैन, हामी जे गर्दैछौँ त्यसले उनको हृदय र भावनाहरु लिएर र उनीहरुलाई मुक्का लगाउने झोलाको रुपमा व्यवहार गर्नु हो । अन्ततः मुक्का लगाउने झोला बिग्रन्छ, र हामी यसलाई फ्याँक्छौं पनि होला । हाम्रा पत्नीहरुलाई कुटपिट गर्ने झोलाभन्दा धेरै ईश्वर प्रदान मूल्य छ जुन व्यायामशालाको धूलो कुनामा समाप्त हुन्छ । खीष्ट को हुनुहुन्छ भन्ने कुराबाट हाम्रा पत्नीहरुले आफ्नो मूल्य पाउँछन् । परमेश्वरका मानिसहरु र खिष्टीयन पतिहरुको रुपमा, हामी वरदानलाई कसरी मूल्यवान् ठान्छौं र कसरी हामीले आफ्नो जीवनसाथीको भरोसालाई कसरी भण्डारण गर्छौं भनेर जवाफदेही छौं ।

यद्यपि, जब हाम्रो जीवनसाथीसँग विश्वास पुनर्निर्माण गर्ने कुरा आँउछ, हामी प्रायः क्षमा माग्ने, मेलमिलाप गर्ने, र आफ्नो जीवनसाथीले हामीलाई भरोसा गर्न आवश्यक पर्ने समयलाई आदर गर्ने अत्यन्त आवश्यक प्रकियामा हतार गर्ने प्रयास गर्न सक्छौं । यो प्रकियालाई हामीले हतार गर्न प्रयास गर्नुको एउटा मुख्य कारण पापको परिणामहरु सामना गर्दा हामीलाई अप्ठ्यारो लाग्न सक्छ । हामीले अघिल्लो अध्यायहरुमा सिकेका छौं, जब हामी यौन अनैतिकतामा संलग्न हुने छनौट गर्छौं, चाहे

बारम्बार पोर्नोग्राफी प्रयोग, छाडापन वा व्यभिचार गर्दा समेत, यी पापपूर्ण कार्यहरुको परिणामहरु छन् जसले हाम्रो नजिकका मानिसहरुलाई असर गर्नेछ । मानिसको रुपमा, यी परिणामहरुलाई सकेसम्म चाँडै हटाउन र हामीलाई आफ्नो पापको सम्झना नदिने कुनै पनि कुरामा अघि बढ्न सजिलो हुन्छ । तर किनभने हाम्रो पापले हाम्रो जीवनसाथी वा प्रेमिकालाई पीडा दिन्छ, हामी आफूले चाहेको कुराबाट एक कदम पछि हट्न तयार हुनुपर्छ र धैर्यपूर्वक निको पार्ने प्रक्रियालाई काम गर्न दिनुपर्छ । पश्चात्तापको प्रक्रिया तुरुन्तै हुने भएकोले मेलमिलापको समय चाहिन्छ - प्रायः हामीले सोचेको पर्याप्त समय भन्दा लामो समय हो । मानिसको रुपमा, हामी चीजहरु अझै राम्रो बनाउन चाहन्छौं, र किनभने हामी चीजहरु चाँडै राम्रो बनाउन चाहन्छौं, हामी आफ्नो जीवनसाथीलाई भेट्न सक्छौं मानौं कि हामीले उनीहरुलाई मेलमिलाप गर्न बाध्य पारिरहेका छौं । तपाईंले बलपूर्वक मेलमिलाप गर्न सक्नुहुन्न । यद्यपि, तपाईं यसको लागि अनुकूल वातावरण सिर्जना गर्नु सक्नुहुन्छ, जुन तपाईंको पाप स्वीकार गर्न, क्षमा माग्न, र पश्चात्तापको प्रक्रियाबाट बाहिर निस्कने तपाईंको इच्छुकताबाट सुरु हुन्छ । तपाईंको पत्नीलाई आफ्नो चाल पछ्याउन जबरजस्ती नगर्नुहोस्, तर उनको चालमा उनी सँगसँगै हिड्न इच्छुक हुनुहोस् । त्यसोभए, मेलमिलाप प्रक्रियामा तपाईंको जिम्मेवारी के हो त ? अघि बढ्नु र अगाडि बढ्नुको भिन्नता सिक्नुहोस् । जब, हामीले अरुलाई महसुस गराएको पीडालाई बेवास्ता गर्ने प्रयास गर्छौं, हामी सुरुमा त पीडा उत्पन्न गर्ने अवस्थालाई बिर्सेर अघि बढ्ने प्रयास गरिरहेका हुन्छौं । तर जब हामी पीडालाई बेवास्ता गर्दैनौं, परमेश्वरलाई हाम्रो हृदयको बारेमा हामीसँग बोल्न दिनुहोस्, आत्म-चिन्तनमा समय बिताउनुहोस् र सिकाइने आत्मा (नोटः आत्म-घृणा होइन) अपनाउनुहोस्, र नयाँ तरिकाहरु सिक्न प्रतिबद्धता गर्नुहोस्, हामी बाइबलीय प्रक्रियालाई अँगालिरहेका हुन्छौं जसले हामीलाई सिक्न र बढ्न मदत गर्न सक्छ ताकि हामी एउटै बानी र पापी छनौटमा नफर्कौं । यो प्रक्रियालाई अगाडि बढ्नु भनिन्छ र यो तपाईंको नजिकका मानिसहरुलाई प्रेम देखाउने एउटा सशक्त तरिका हो । अगाडि बढ्नुले भन्दछ, विगतको गडबडीले गर्दा पीडा, चोट, र भरोसा टुट्ने समस्याबाट बच्न म के गर्न सक्छु भनी सिक्न चाहन्छु । अनि कसरी अघि बढ्नु भिन्न छ ? अघि बढ्नु भनेको तपाईंको बारेमा हो, तपाईं के चाहनुहुन्छ र कहिले चाहनुहुन्छ र यो आत्मकेन्द्रितको स्पष्ट प्रदर्शन हो । आज वैवाहिक सम्बन्धमा, पहिलेभन्दा अहिले धेरै अगाडि बढ्ने प्रक्रियालाई अँगाल्न इच्छुक मानिसहरु कसरी बन्ने भन्ने थाहा भएका पतिहरु चाहिन्छ । यस प्रक्रियाले अझ बढी कुराकानी, घनिष्ठता, आदर र भरोसातर्फ डोऱ्याउनेछ - सबै विशेषताहरु जुन वैवाहिक सम्बन्धमा बलियो जग निमार्ण गर्न आवश्यक छ जहाँ परमेश्वर केन्द्र हुनुहुन्छ ।

कुनै पनि विवाह सिद्ध छैन; वास्तवमा, विवाहले तपाईं कत्तिको स्वार्थी हुनुहुन्छ र तपाईं कत्तिको अपरिक्व हुन सक्नुहुन्छ भन्ने कुरा देखाउनेछ । यद्यपि, लक्ष्य भनेको विकास हो, सिद्धता होइन । र क्रिश्चियन मानिसहरुको रुपमा खीष्टको जस्तो व्यवहार देखाएर आफ्नो जीवनमा त्यस्तो वृद्धि हुन दिनु हाम्रो लागि कस्तो सम्मानको कुरा हो । आज तपाई कसरी आफ्नो जीवनसाथी वा भावी पति वा पत्नीको भरोसालाई विश्वासीलो भई सेवा, पूर्ण आदर, निरन्तर आदर, निरन्तर प्रेम, र सावधानीपूर्वक भण्डारण गर्नुहुन्छ ?

नोटः आज थुप्रै विवाहित जोडीले व्यभिचारको धोका भोगिरहेका छन् भनेर हामीले बुझेका छौं । हामी दृढताका साथ सल्लाह दिन्छौं कि व्यभिचार र अबफादारिताको विवाद सामना गरिरहेका दम्पतीहरुले अनलाइन वा व्यक्तिगत रुपमा प्रशिक्षित क्रिश्चियन सल्लाकारहरु खोज्नुहोस्, किनकि यो एक गम्भीर विषय हो, जसलाई व्यावसायिक मार्गदर्शन र आगत चाहिन्छ ।

म सम्बन्धीत हुन सक्छ

मलाई लाग्थ्यो, मैले विवाह गरेपछि पोर्न वा आवधिक हस्तमैथुनका समस्याहरु अन्त हुनेछ । मेरो मतलब, तिनीहरु कसरी हुन सक्दैनन् ? म विवाह गर्दै थिएँ र अब म सधैं यौन सम्पर्क राख्न सक्ने थिएँ । मेरो आश्चर्य र त्रासको कल्पना गर्नुहोस् जब ती समस्याहरु जादुई रुपमा गायब भएनन् । मैले ती पुराना बानीहरु तुरुन्तै छाडिनँ, तर तिनीहरु अन्ततः फेरि देखा परे र फेरि बानी पर्न थाले । पहिलो पटक म चिप्लिँदा, मेरो पत्नीले मलाई सजिलै माफ गरिन् किनभने उनले सोचे कि यो सडकमा एउटा खाल्डोको उफ्राई (बम्पर) हो । तर यो बारम्बार हुदाँ त्यो पीडाले उनलाई गहिरो असर गऱ्यो । मेरो पापपूर्ण कार्यले गर्दा उनले रुँदै गरेको असंख्य आँसुले गर्दा म भित्र भित्रै साह्रै दुःखी भएँ । अहिले म पछाडि फर्केर हेर्छु र देख्छु कि साँच्चै स्वतन्त्र हुनको लागि मैले मूल समस्याहरु समाधान गर्न आवश्यक छ जसले मलाई ती बानीहरुमा पुऱ्यायो । साथै, मैले आत्मिकी अनुशासनमा बढ्नु आवश्यक थियो ताकि मैले ती बानीहरुको प्रलोभनलाई अस्वीकार गर्न सकूँ जब तिनीहरुले आफ्नो नराम्रो शिर पल्टाउने प्रयास गर्छन् ।

प्रश्नहरु

१. पापले तपाईंको नजिकका मानिसहरुलाई पासोमा पार्छ भनेर के तपाईं विश्वास गर्नुहुन्छ ?
२. तपाईंले आफ्नी पत्नीलाई पन्चिङ ब्यागको रुपमा प्रयोग गर्नु भएका केही तरिकाहरु के के हुन् ?
३. तपाईं कसरी तपाईंको शुद्धताको लागि तपाईंको पत्नीलाई तपाईंको साथीको रुपमा हेर्नको लागी छनोट गर्न सक्नुहुन्छ र तपाईंको परिणाम सोस्ने पन्चिङ ब्याग होइन ?

सत्र १६ : शुद्धताका स्तम्भहरू

“आत्मिक मानिसले अझै पनि पाप गर्दछ, तर उसले तुरुन्तै पश्चात्तापको विरोध गर्न सहन सक्दैन । उसको अत्यधिक संवेदनशीलताले एक पवित्र जीवनको परिणाम दिन्छ किनभने उसले पहिलेको चरणहरूमा पश्चात्ताप गर्दछ अन्यथा त्यो गहिरो पाप हुनेछ ।” - चार्ल्स स्पर्जन

यद्यपि यो सत्य हो कि हामी पापबाट प्रभावित संसारमा बाँचिरहेका छौं (रोमी ८:२२), परमेश्वरका मानिसहरूको रूपमा, हामीले हाम्रो पापी संसारमा पापमा संलग्न हुन वा दोहोरिने पापको व्यवहारीक चक्रमा रहन बहानाको रूपमा प्रयोग नगर्न होसियार हुनुपर्छ “यो मेरो गल्ती होइन, आदम र हव्वाले पाप गरे !” यो एउटा सही कथन हुन सक्छ, तर यसले तपाईंलाई तपाईंको अर्को छनौट गर्नबाट स्वतन्त्र गर्दैन जुन पवित्र, राम्रो, सही, र परमेश्वरको सम्मान हो । तर हामीले त्यो कसरी गर्ने ? कुनै पनि आधुनिक भवनको वरिपरि हेर्नुहोस् र तपाईंले देख्नुहुनेछ कि यस संरचनाको समर्थन गर्ने बल र संरचनात्मक अस्तित्व प्रदान गर्ने स्तम्भहरू समावेश गर्दछ । हाम्रो शुद्धता र पवित्रताको खोजीमा पनि त्यस्तै छ; त्यहाँ स्तम्भहरू छन् जसले हामीलाई बलियो संरचना समर्थन प्रदान गर्नेछ ।

पवित्रताको पहिलो स्तम्भ साँचो पश्चात्ताप हो । अब, त्यहाँ “पश्चात्ताप” को एक कार्य हो जुन तपाईंको पाप थाहा भएपछि तब पछुतोको भावना उत्पन्न हुन्छ । तर यो साँचो पश्चात्ताप होइन । साँचो पश्चात्ताप तब हुन्छ जब पवित्र आत्माले हाम्रो हृदय वा जीवनमा भएका पाप (हरू) बारे सचेत गराउनुहुन्छ ताकि हामी त्यसलाई त्यागौं र त्यसबाट टाढा जान्छौं (१ यूहन्ना २:१) । यो केवल आफ्नो खराब व्यवहार को लागी माफी माग्न र त्यसपछि जीवन संग जारी राख्नु मात्र होइन; यो पापको त्याग हो जुन हामीले स्वीकार गर्दैछौं (हिब्रु १२:१), यसलाई पछाडि छोड्नु, विपरीत दिशामा फर्कनु, र त्यसमा नफर्किने प्रतिबद्धता गर्नु (यूहन्ना ८:११, हितोपदेश २६:११) । साँचो पश्चात्ताप भनेको पाँच-मिनेटको यात्रा भएर गर्ने अनुभव होइन जसले मानिसलाई खुसी बनाउँछ । यसको सट्टा, पश्चात्तापको प्रक्रियाले हामीलाई असहज महसुस गराउन सक्छ किनभने यसले हामीलाई सम्झाउँछ कि हामी अझै पनि हाम्रो शरीरको इच्छाहरूसँग युद्धमा छौं (रोमी ६:१२-१४), र ती इच्छाहरूले अरूलाई अक्सर र आफैलाई पनि चोट पुर्याउँछ । जब हामी पश्चात्तापलाई जाँचको सुचीको रूपमा हेर्छौं, हामीले राम्रो महसुस गर्न सक्ने केही गर्नको लागि, हामीले हाम्रो व्यवहारमा अस्थायी परिवर्तन देख्न सक्छौं । यद्यपि, जब हामी साँचो पश्चात्तापलाई ख्रीष्टको स्वरुव अनुरूप हामीलाई बनाउने प्रक्रियाको रूपमा हेर्छौं, र हामी यो मार्गमा हिंड्ने छनौट गर्छौं, हामी हृदय परिवर्तनको यात्रामा लाग्नेछौं जसले अनिवार्य रूपमा हाम्रो व्यवहारलाई असर गर्नेछ ।

पवित्रताको दोस्रो स्तम्भ भनेको स्वीकार हो । हामी मध्ये धेरैको लागि, जब हामीले पाप गर्छौं, हामीले हाम्रो पापहरु अरू कसै कहाँ स्वीकार गर्न सक्छौं, सायद हाम्रो जीवनसाथी, जवाफदेही दिने साथी, वा विश्वासमा भाइ । र यो राम्रो छ किनभने हामीले सिक्छौं कि स्वीकारले हामीलाई नम्रता र जवाफदेहितामा हिंड्न मद्दत गर्दछ र गर्व र लुकेको पापलाई खाडीमा राख्छ । यद्यपि, अर्को व्यक्तिमा प्रवेश गर्नु परमेश्वरलाई स्वीकार गर्नु भन्दा महत्वपूर्ण छैन । परमेश्वरको मानिसको रूपमा, उहाँ तपाईंको पिता र तपाईंको सृष्टिकर्ता हुनुहुन्छ, र हामीले उहाँलाई तस्वीर कोरिएको मूर्तीको खम्बाको फेदमा फाल्नु हुँदैन जब यो पश्चात्ताप र स्वीकारको कुरा आउँछ । परमेश्वरलाई स्वीकार गर्नु भनेको उहाँबाट पूर्ण प्रेम, अनुग्रह, दया, करुणा र समझ प्राप्त गर्नु हो । वास्तवमा, उहाँ हाम्रो लागि पर्खिरहनुभएको छ र उहाँको अनुग्रहको सिंहासन हो जहाँ हामी उहाँका छोराछोरीहरूको रूपमा स्वीकार्यौं र अब दण्डित हुँदैनौं (हिब्रु ४:१६) ।

पवित्रताको तेस्रो र अन्तिम स्तम्भ पवित्र हो, र पवित्रताको बोलावटलाई गम्भीरतापूर्वक लिनु आवश्यक छ । परमेश्वरका मानिसहरूको रूपमा, हामी कहाँ, कहिले, र कसरी पवित्र हुन चाहन्छौं भनेर छान्न र छनौट गर्न सक्दैनौं । परमेश्वरले हामीलाई पवित्र हुन आज्ञा दिनुहुन्छ, र हामीले यो आज्ञालाई अँगाल्नुपर्छ (१ पत्रुस १:१६) । किन ? किनभने यशैया ६:३ मा, हामी देख्छौं कि पवित्रताले परमेश्वरको चरित्रलाई परिभाषित गर्दछ, र उहाँका सन्तानहरुको रूपमा, उहाँ हाम्रो चरित्र र जीवनलाई उहाँको परिभाषित विशेषता प्रतिबिम्बित गर्न चाहनुहुन्छ । हो, परमेश्वर धैर्यवान, मायालु, दयालु, दयालु, र अन्य धेरै हुनुहुन्छ - यद्यपि यी सबै गुणहरू परमेश्वरको पवित्रताबाट निस्कन्छन् । पवित्रताले तपाईंको हृदय र मनमा जरा गाड्नको लागि, तपाईंले अपवित्र जीवन शैलीमा योगदान गर्ने चीजहरूलाई उखेल्न र फ्याँक्न इच्छुक हुनु आवश्यक छ किनभने पवित्रताले परमेश्वरको मानिसको जीवनलाई परिभाषित गर्न आवश्यक छ ।

पवित्र आत्माले हामीलाई पापका कुराहरु भनी औंल्याउनु भएको हाम्रो हृदय र जीवनका ती क्षेत्रहरूको तुरुन्तै पश्चात्ताप गरेर हामीले शुद्धता, पूर्णता र पवित्रताको जीवन शैली विकास गर्न सक्छौं । स-साना कुराहरू स्वीकार गर्नु उत्तम हुन्छ ताकि तपाईं पछि ठूलो कुरामा पछुताउनु नपरोस् । यद्यपि, जब तपाईं ख्रीष्टको स्वरुप अनुरूप हुने प्रक्रियामा जानुहुन्छ, यो "ख्रीष्ट-समानताको स्तर" मा पुग्ने छैन भन्ने भावनासँग संघर्ष गर्न सम्भव छ । यो, वास्तवमा, सत्य हो । हाम्रो पापी संसार र हाम्रो मानव शरीरमा, र हामी पूर्ण रूपमा ख्रीष्ट जस्तै कहिल्यै हुनेछैनौं । यद्यपि, यसको मतलब यो होइन कि हामीले हावामा हात हानेर आत्मिक मध्यस्थताको लागि बस्छौं । बरु, ख्रीष्टमा भएको आशाले हामीलाई अगाडि बढ्न, दौड दौड्न र हाम्रो मनको नवीकरण (रोमी १२:२) र कार्यहरू (कलस्सी ३:१०-१२) लाई अंगाल्न उत्प्रेरित गर्छ । परमेश्वरका मानिसहरूको रूपमा, हामी पवित्रीकरणको प्रक्रियामा इमान्दार रहन्छौं (फिलिप्पी २:१२) ।

जब तपाईं यस पुस्तकको अन्त्यमा आउनुहुन्छ र शुद्धता र पवित्रताको पछि लाग्ने आफ्नो यात्रा जारी राख्नुहुन्छ, तपाईंसँग परमेश्वरको पवित्रता प्रतिबिम्बित गर्न र उहाँलाई मात्र महिमा ल्याउन आवश्यक साधनहरू छन् । र जब तपाईं इमानदारी, कमजोरी, प्रामाणिकता, र शिक्षण योग्यताको जीवन शैलीमा बाँच्न प्रतिबद्ध रहनुहुन्छ, तपाईं अधिक स्वतन्त्रता र विजयमा हिंड्नुहुनेछ र आत्मिक वृद्धि, अझ गहिरो पुनर्स्थापना, र विगतका चोटहरू र लतको व्यवहारहरू निको पार्नुहुनेछ । हाम्रो परमेश्वर एउटा मद्दत, आशा, र उपचार गर्ने हुनुहुन्छ, र जब देखि उहाँले तपाईंमा जुन कुरा सुरु गर्नुभएको छ, अरूलाई पनि उस्तै बाटो देखाउनुहोस् ।

तपाईंको लागि हाम्रो प्रार्थना र आशिष,

"तिमी एउटा बोलावट र उद्देश्यको साथ परमेश्वरको मानिस हुनुहुन्छ जुन पवित्र जन, येशू ख्रीष्टले तपाईंलाई जन्मनु भन्दा पहिले नै दिनुभएको छ । तपाईंलाई इमानदारी र ख्रीष्ट जस्तै चरित्रको जीवन जिउनको लागि सम्मान र बोलावट छ । तपाईंलाई पवित्र र पवित्रताको जीवन जिउने अधिकार छ । अब जानुहोस्, संसारलाई देखाउनुहोस् कि परमेश्वरको मानिस कस्तो देखिन्छ ।"

म सम्बन्धीत हुन सक्छु
स्पर्जनले राम्रोसँग भन्नुभयो । मलाई थाहा छ कि एक पटक मैले आफ्नो विरुद्धमा, मेरो पहिचानको विरुद्धमा पाप गर्न छोडेको थिएँ, परमेश्वरकले मलाई ईश्वरीय संवेदनशीलताको साथ अनुग्रह दिनुभयो । यसको मेरो मतलब यो हो कि जहाँ म पहिले आफ्नै कमजोरीहरु र पापहरू प्रति अन्धो र शून्य भएको थिएँ, म मेरो जीवनका अन्य क्षेत्रहरूमा मेरो ध्यान आवश्यक पर्ने कुराहरू प्रति बढी संवेदनशील र सचेत हुन थालेको छु । जब मैले ख्रीष्टमा मेरो साँचो पहिचानलाई चिन्न थालें र

आफूलाई परमेश्वरले सधैं मलाई देख्नुभएको तरिकाले देख्न थाले, मैले मेरो जीवनका अन्य क्षेत्रहरूलाई पवित्रीकरणको प्रक्रियामा पेश गर्न थालें । त्यो प्रक्रियामा बफादार रहनु भनेको जीवन भरको यात्रा हो र मलाई थाहा छ म जसको लागि सिर्जना भएको हुँ । यौन पवित्रताको साथ सुरु गर्नाले तपाईंलाई को बन्न सृष्टि गरिएको थियो भनेर हेर्न सक्षम बनाउँछ र एक पटक तपाईंले उहाँको झलक पाउनुभयो भने, तपाईं पनि जान्ने मात्र होइन, तर बाटोमा रहन पनि उत्साहित हुनुहुनेछ ।

प्रश्नहरू

१. परमेश्वरले तपाईंलाई को हुनको लागि सृष्टि गर्नुभयो ?
२. जब स्वीकारको कुरा आउँछ, के तपाईंलाई परमेश्वर वा विश्वासयोग्य साथीकहाँ स्वीकार गर्न सजिलो लाग्छ र किन ?
३. अब तपाईं धेरै पवित्रतामा हिंड्दै हुनुहुन्छ, तपाईंको चरित्रको अन्य कुन क्षेत्रहमा परमेश्वरले तपाईंलाई अर्को सामना गर्न चाहनुहुन्छ ?